सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ वैशाख २०८०, शनिबार (22 April 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झ्याउनयाँ

उनीहरूले भने- **महिला भएर चुनाव लड्ने ?**



उर्मिला अर्याल
उपाध्यक्ष, राष्ट्रिय सभा

मेरो सपनाको सहर



हर्क साम्पाङ

सकम्बरी
अभावको व्यथामाथि पितृसत्ताको व्यापार



सुमिना

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

५०औँ एकदिवसीयमा ऐतिहासिक प्रदर्शन

एसिसी प्रिमियर लिगमा ओमानमाथि ८४ रनको जित निकाल्दा नेपाली खेलाडीका नाममा व्यक्तिगत तथा अन्तर्राष्ट्रिय कीर्तिमान, नेपालको ५०औँ एकदिवसीय खेलमा सन्दीपको सर्वाधिक छिटो सय विकेट लिने विश्वकीर्तिमान, सर्वाधिक योगफलसँगै कुशल मल्लको छिटो शतक

नेपालको ५०औँ एकदिवसीय खेल

नेपालले आफ्नो ५०औँ एकदिवसीय खेल घरेलु मैदानमा ओमानविरुद्ध खेल्यो। सन् २०१८ मा आइसिसीले नेपाललाई एकदिवसीय मान्यता प्रदान गरेको थियो। एकदिवसीय राष्ट्र भएकै वर्ष नेपालले नेदरल्यान्ड्ससँग सिरिज खेल्यो। १ अगस्ट २०१८ मा भएको आफ्नो पहिलो एकदिवसीय खेलमै नेपाल नेदरल्यान्ड्ससँग ५५ रनले पराजित भएको थियो। पारस खड्काको कप्तानीमा रहेको नेपालका लागि उपकप्तान ज्ञानेन्द्र मल्लले ५१ रन बनाएका थिए।

पहिलोपटक कटायो तीन सयको योगफल

यसअघिका ४९ एकदिवसीय खेलसम्म नेपालको सर्वाधिक योगफल पपुवा न्युगिनीविरुद्ध दुई सय ९७ रन थियो। तर, आफ्नो ५०औँ एकदिवसीय खेल खेलेको नेपालले स्कोर बोर्डमा समेत रेकर्ड बनायो। ५० ओभरमा आठ विकेट गुमाउँदै तीन सय १० रनको योगफल बनायो। यो नै नेपालले एकदिवसीय क्रिकेटमा बनाएको सर्वाधिक ठूलो योगफल हो। नेपालले गत मार्चमा त्रिवि मैदानमै पपुवा न्युगिनी (पिएनजी)विरुद्ध सर्वाधिक दुई सय ९७ रन बनाएको थियो।

रमेश सुवेदी/नयाँ पत्रिका
तस्बिर : **दिपेन्द्र ढुंगाना**

नेपाली क्रिकेट टोलीले शुक्रबार आफ्नो ५०औँ अन्तर्राष्ट्रिय एकदिवसीय खेल पूरा गरेर मात्रै होइन, खेलाडीहरूले व्यक्तिगत तथा अन्तर्राष्ट्रिय रेकर्ड राखेर खेललाई कीर्तिमानीपूर्ण बनाएका छन्। एसिसी प्रिमियर कपअन्तर्गत त्रिवि क्रिकेट मैदानमा शुक्रबार भएको ओमानविरुद्धको खेलमा नेपाली

» पृष्ठ २ मा क्रमशः

सन्दीपको विश्वकीर्तिमान



लेग स्पिनर सन्दीपले एकदिवसीय इतिहासमै थोरै खेलमा सय विकेट लिने विश्वकीर्तिमान बनाएका छन्। सन्दीपले ओमानसँगको खेलमा १२.३ ओभरमा आदिल सफिकलाई एलबिडब्लू धरापमा पार्दै एकदिवसीय खेलमा सय विकेट पूरा गरेका हुन्। सन्दीपले ४२ खेलमा एक सय दुई विकेट लिएका छन्। समग्रमा उनले ओमानविरुद्ध तीन विकेट लिए। यसअघि यो कीर्तिमान अफगानिस्तानका स्पिनर रसिद खानको नाममा थियो। रसिदले २५ मार्च २०१८ मा सो सफलता हासिल गरेका थिए। रसिदले ४४ खेलमा सय विकेट लिएका थिए। रसिदको विश्वकीर्तिमान पाँच वर्षपछि सन्दीपले तोडे। एकदिवसीय खेलमा अस्ट्रेलियाका मिचेल स्टार्कले २०१६ मा ५२ खेल खेल्दै सय विकेट लिएका थिए। २०१८ अगस्टमा सन्दीपले नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए। १० ओभर बलिङ गरेका सन्दीपले नेदरल्यान्ड्सका ओपनर स्टेफनको विकेट लिए। सन्दीपले एकै इनिङ्समा सर्वाधिक ६ विकेट लिएका छन्। १० सेप्टेम्बर २०२१ मा पपुवा न्युगिनीविरुद्ध ५.१ ओभर बलिङ गर्दै ११ रन खर्चिएर ६ विकेट लिँदै दुर्लभ प्रदर्शन गरेका हुन्।



रणनीतिअनुसार नै शतक भयो : कुशल

कठिन अवस्थामा नेपालका लागि शतक प्रहार गर्दाको क्षण बयान गर्न सक्दिनँ। दबाबपूर्ण खेलमा शतक प्रहार गर्नु सामान्य होइन। तर, आजको खेलमा सामान्य रूपमै लिएँ। प्रशिक्षकको रणनीतिअनुसार नै मैदानमा उत्रिएको थिएँ। त्रिवि मैदानबारे हामी सबै परिचित छौं। यस कारण यहाँ ब्याटिङ गर्न त्यति गाह्रो लागेन। प्रशिक्षकले क्रिजमा जाँदा पूरै समय दिएर खेल्न निर्देशन दिनुभएको थियो। त्यही निर्देशन मात्र पालना गरेको हुँ।

कम उमेर र कम बलमा कुशलको शतक

१९ वर्ष ४७ दिनका कुशल मल्लले ओमानविरुद्ध करिअरकै पहिलो शतक प्रहार गरेका छन्। उनले केवल ५९ बलमा शतकीय इनिङ्स खेले। समग्रमा उनले १० छक्का र नौ चौका प्रहार गरे। ओमानविरुद्ध एक सय आठ रन जोडेका उनी इनिङ्सको ४०.४ ओभरमा आउट भए। खेलको म्यान अफ दी म्याच कुशल नेपालका लागि थोरै बलमा शतक बनाउने पहिलो खेलाडी हुन्। नेपाली खेलाडीमध्ये धेरै छक्का प्रहार गर्ने खेलाडी पनि उनी बनेका छन्। यसअघि नेपालका लागि एकदिवसीय खेलमा कप्तान रोहितकुमार पौडेलले १९ वर्ष २०४ दिनमा शतक बनाएका थिए। पौडेलले सन् २०२२ मा पिएनजीविरुद्ध ९१ बलमा शतक पूरा गरेका थिए। कुशल मल्ल शतक बनाउने छैटौं नेपाली खेलाडी हुन्। उनीअघि कप्तान रोहित, पारस खड्का, कुशल भुर्तेल, आसिफ शेख र दीपेन्द्रसिंह ऐरीले शतक बनाएका छन्। कुशलले सन् २०२० फेब्रुअरीमा अमेरिकाविरुद्ध डेब्यु गरेका थिए। नेपाल ३५ रनले विजयी हुँदा कुशलले डेब्यु खेलमै ५१ बलमा ६० रन र एक विकेटसमेत लिएका थिए। कुशलले २१ एकदिवसीय खेलमा चार अर्धशतक बनाएका छन्।

एकदिवसीयमा शतक बनाउने नेपाली क्रिकेटर


पारस खड्का
युएईविरुद्ध ११५


रोहित पौडेल
पिएनजीविरुद्ध १२६


आसिफ शेख
पिएनजीविरुद्ध ११०


कुशल भुर्तेल
नामिबियाविरुद्ध ११५


दीपेन्द्रसिंह ऐरी
पिएनजीविरुद्ध १०५

विस्तृत पृष्ठ ८

■ सर्वोच्चले सम्झायो महानगरलाई संवैधानिक दायित्व

तीन दिनभित्र सिंहदरबारको फोहोर उठाउन आदेश



महानगरले नउठाएपछि सिंहदरबार परिसरमा थुपारिएको फोहोर। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ **अदालतको आदेश–** संवैधानिक प्रावधानलाई समग्रमा अध्ययन गर्दा सरसफाइ गर्नुपर्ने अधिकार स्थानीय तहलाई सुम्पेको देखिन्छ। उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाअनुसार निवेदकले उल्लेख गरेको क्षेत्रको फोहोर संकलन गरी उठाई विसर्जन गर्नुपर्ने दायित्व काठमाडौं महानगरपालिकाको देखिन आयो। तसर्थ, रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोर यो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र संकलन गरी उठाई विसर्जनसमेत अविलम्ब गर्नू-गराउनू। स्वच्छ र स्वस्थ वातावरण कायम गर्न असफल भई वातावरण प्रदूषित हुन पुग्दा सबैलाई आक्रान्त पार्न सक्ने, महामारी फैलन सक्ने यस्तो अवस्थामा गम्भीर र संवेदनशील निकाय कानुनले निर्दिष्ट गरेको भूमिकामा चुक्नुहुँदैन र उदासीन पनि हुन पाउँदैन।

तिब्बतीलाई नागरिकता प्रकरण

काठमाडौं प्रशासनका नासु धरौटीमा छुटे, चारजना जेल चलान

काठमाडौं/ आर्थिक चलखेलका आधारमा तिब्बती शरणार्थीलाई नेपाली नागरिकता दिलाएको घटनामा जिल्ला प्रशासन कार्यालय काठमाडौंका कर्मचारी धरौटीमा छुटेका छन्। नागरिकता लिने दुई तिब्बती शरणार्थी र बिचौलिया भने जेल चलान भएका छन्।

जिल्ला प्रशासन कार्यालयका नासु देवराज गौतम साढे तीन लाख धरौटीमा छुटेका हुन्। तिब्बती शरणार्थीद्वय निमा ल्हामो गुरुङ र लोब्साङ ठिन्ले तथा बिचौलियाहरू कृष्णबहादुर कटवाल र हिरालाल सिवाकोटी जेल चलान भएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी सीताराम रिजालले बताए।

नक्कली बाबु बनेर नागरिकता दिलाउन सघाउने न्युल्केश श्रेष्ठ र जिल्ला प्रशासनमा क्यान्टिन चलाउने विजय लामासँग तीन-तीन लाख रुपैयाँ धरौटी माग भएको छ। प्रहरीले उनीहरूमाथि नागरिकतासम्बन्धी कसुरको अभियोग लगाएको थियो।

दुवै शरणार्थीको नागरिकतामा प्रशासकीय अधिकृत लेखनाथ खतिवडाले हस्ताक्षर गरेका थिए। उनलाई भने कागज गराएर प्रहरीले अभियोगबाट जोगाएको थियो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले गरेको अनुसन्धानमा एउटा नागरिकतामा पाँच लाख रुपैयाँसम्मको लेनदेन भएको उल्लेख छ। बिचौलियाहरूले नासु गौतममार्फत सिडिओ कार्यालयमा सेटिङ मिलाएको बयान दिएका थिए। नागरिकता दिँदा पनि एकै व्यक्ति पाँचजनाको बाबु बनेर उपस्थित हुँदा पनि कर्मचारीले नागरिकता दिइरहेका थिए।

प्रहरीले पाएको सूचनामा यसरी करिब पाँच सयजनाले नागरिकता लिएका छन्। हाल प्रहरीले ३० वटा शंकास्पद नागरिकतामाथि अनुसन्धान गरिरहेको छ। शरणार्थीलाई कर्मचारीकै मिलेमतोमा नागरिकता दिएको संवेदनशील विषयमा गृह मन्त्रालयले भने आन्तरिक छानबिनसमेत गरेको छैन।

■ प्रचण्ड-ओली भेट

संसदीय समितिमा एमालेको अडान यथावत्, जुटेन सहमति



ओली अडान
संसद्को दोस्रो ठूलो दल एमालेले प्रतिनिधिसभाका १० विषयगतमध्ये तीन र दुई संयुक्त समितिमध्ये एक समितिको नेतृत्व पाउनुपर्ने माग

प्रचण्ड प्रस्ताव
संयुक्त समितिमा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई पनि समेटेर जानुपर्ने भएकाले तीन समिति लिएर सहयोग गर्न आग्रह

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी एमालेले संसदीय समितिमा संख्याको अनुपातमा प्रतिनिधित्व हुनुपर्ने अडान यथावत् राखेको छ। संसद्को दोस्रो ठूलो दल एमालेले प्रतिनिधिसभाका १० विषयगतमध्ये तीन र दुई संयुक्त समितिमध्ये एक समितिको नेतृत्व पाउनुपर्ने माग गर्दै आएको छ।

शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको छलफलमा एमाले अध्यक्ष केपी ओलीले यही अडान दोहोऱ्याएका छन्। ओलीको यही अडानका कारण बुधबार प्रधानन्यायाधीश सिफारिस गर्न बसेको संवैधानिक परिषद् बैठक निष्कर्षविहीन भएको थियो।

प्रधानन्यायाधीशको नाम सिफारिसका लागि परिषद्को बैठक पुनः डाक्न प्रधानमन्त्री प्रचण्डले शुक्रबार ओलीसँग छलफल गरेर सहमतिको प्रयास गरेका थिए। प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यीकरण शर्माले संवैधानिक परिषद्को बैठक बोलाउने विषयमा छलफल भएको बताए। 'संवैधानिक परिषद्को बैठकमा कसरी प्रस्तुत हुने, के गर्ने भन्ने विषय हो,' उनले भने, 'सहमति जुटाउने प्रयास भयो। फेरि बैठक बसेर निष्कर्षमा पुऱ्याउने भन्ने भयो।'

■ संवैधानिक परिषद् बैठक अनिश्चित

प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउन बुधबार बोलाइएको बैठक निष्कर्षविहीन बने पनि अर्को बैठकको ढुंगो छैन। एक वर्षदेखि सर्वोच्च अदालत कामु प्रधानन्यायाधीशको भरमा चलेको छ। संवैधानिक परिषद् बैठकले सिफारिस गरेपछि मात्र प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढ्छ। तर, संसदीय समितिमा सत्तापक्ष र प्रतिपक्षबीच कुरा नमिल्दा परिषद् बैठक अनिश्चित छ।

एमाले प्रमुख सचेतक पदम गिरीका अनुसार अध्यक्ष ओलीले संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त समितिमा संसद्को संख्याको अनुपातमा आफ्नो उपस्थिति हुनुपर्ने अडान राखेका थिए। संख्याको अनुपातमा एमालेले दुवै समितिमा चार-चारजना प्रतिनिधित्व पाउने गिरीको भनाइ छ। त्यस्तै, संसद्भित्र रहेका समितिमा स्ट्रेन्थका आधारमा विषयगततर्फ तीन र संयुक्ततर्फ एक समितिको नेतृत्व पाउनुपर्ने माग ओलीले प्रधानमन्त्रीसमक्ष राखेका थिए।

संवैधानिक परिषद् बैठक बोलाउने सम्बन्धमा प्रधानमन्त्रीको प्रस्तावमा ओलीले समिति गठन गरेर अघि बढ्नुपर्ने धारणा राखेका थिए। 'संवैधानिक परिषद् बैठक बसेर निर्णय गर्दै गर्दा संसदीय सुनुवाइ पनि गर्नुपर्छ। ती समिति पनि सँगै बनाएर लिएर जाउँ। होइन भने यता निर्णय गरेर सिफारिस गर्ने, उता सुनुवाइ नहुने स्थिति भयो भने राम्रो सन्देश जाँदैन,' ओलीको भनाइ उद्धृत गर्दै गिरीले भने, 'अन्यथा अवस्थामा संवैधानिक परिषद्मा सरकारले ल्याउने प्रस्तावमा हाम्रोतर्फबाट सहयोग हुन्छ।'

प्रधानमन्त्री प्रचण्डसँगको भेटपछि संसदीय दलको कार्यालयमा आएर अध्यक्ष ओलीले उपनेता सुवासचन्द्र नेम्वाङ र प्रमुख सचेतक गिरीलगायत नेतासँग छलफल गरेका थिए।

छलफलमा सहभागी एक नेताका अनुसार प्रधानमन्त्री प्रचण्डले संयुक्त समितिमा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई पनि समेटेर जानुपर्ने भएकाले तीनवटा सदस्य लिएर सहयोग गर्न अनुरोध गरेका थिए। समितिको नेतृत्वको विषयमा भने आफू मिलाउन तयार रहेको प्रचण्डको भनाइ थियो। 'सुनुवाइ समितिमा तीनवटामा मानिदिनुस्, एसलाई पनि समेटेर जानुपऱ्यो भनेर अनुरोध गर्नुभयो,' ती नेताले भने, 'विषयगत समितिमा यति नै दिने भन्ने भएन। मिलाएर जाउँ भन्नुभयो।'

ती नेताका अनुसार एमालेले समिति भागबन्डाको अडान यथावत् राखेपछि सहमति जुट्न सकेन। सहमति जुटाउन प्रमुख सचेतक तहमा मसिनो गरी छलफल गर्ने समझदारी भएको छ। सबैको अनुकूल भए शनिबार सचेतकहरूको बैठक बस्ने गिरीले बताए।

संसद् बन्धक

समिति भागबन्डाको विषयले संसद् बन्धकजस्तै भएको छ। सम्पत्ति शुद्धीकरण, टिआरसी र संवैधानिक परिषद्सम्बन्धी महत्त्वपूर्ण विधेयक संशोधनको चरणमा पुगेर प्रक्रियामा जान सकेका छैनन्। राष्ट्रिय सभाबाट सन्देशसहित आएका सातवटा विधेयक पनि अघि बढ्न सकेका छैनन्। नयाँ नियमावली पारित भए पनि समिति गठन हुन सकेको छैन।

रहस्यमय बन्दै निराको हत्या

नयाँ पत्रिका

दिउँसो आफ्नै पसलमा बसेका वेला धारिलो हतियार प्रहार गरी बिहीबार काठमाडौं- ६ सरस्वतीनगरमा भएको महिलाको हत्या रहस्यमय बनेको छ। पटक-पटक धारिलो हतियार प्रहार गरी भएको हत्या हुँदा पनि छिमेकीले थाहा नपाउनु र हत्यारा सजिलै भाग्दा कसैले नदेख्नुले घटना शंकास्पद बनेको हो।

बाग्लुङ स्थायी घर भएकी निरा आचार्यको सरस्वतीनगरस्थित पसलभित्रै हत्या भएको हो। उनले 'निरू किचेन'नामक पसल चलाउँदै आएकी थिइन्। पसलको काउन्टरमा उनको हत्या भएको हो।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा बिहीबार साढे दुईदेखि तीन बजेको बीचमा उनको हत्या भएको थियो। एक ग्राहकले उनलाई पसलमा रगताम्य अवस्थामा देखेपछि मात्र वरिपरिका व्यक्तिले त्यसको जानकारी पाएका थिए। त्यतिवेलासम्म उनको मृत्यु भइसकेको थियो। हत्यापछि उनको शव हत्याराले नै बोराले छोपेका थिए।



● **एसपी सीताराम रिजाल**, प्रवक्ता, जिल्ला प्रहरी परिसर काठमाडौं



घटना अलि रहस्यमय नै छ। प्रहरीले सूक्ष्म रूपमा अनुसन्धान गरिरहेको छ। छिट्टै नतिजा ल्याउने गरी अनुसन्धान भइरहेको छ।

बजार क्षेत्र भएकाले उनको पसलवरिपरि अन्य पसल पनि छन्। तर, त्यसरी क्रूर तरिकाले हत्या हुँदा पनि छिमेकीले कुनै जानकारी पाउन सकेनन्। उनको शरीरभरि धारिलो हतियारको चोट थिए। नजिकै सिसिक्यामेरा पनि चालू अवस्थामा नरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी परिसर तथा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले विशेष टिम बनाएर घटनाको अनुसन्धान अघि बढाएका छन्। तर, शुक्रबारसम्म कुनै सुराक पाउन सकेका छैनन्। पसलबाट पैसा तथा सरसामान चोरी नभएकाले सम्पत्तिभन्दा प्रतिशोधस्वरूप हत्या भएको आकलन प्रहरीले गरेको छ।

'घटना अलि रहस्यमय नै छ, प्रहरीले सूक्ष्म रूपमा अनुसन्धान गरिरहेको छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी सीताराम रिजाल भन्छन्, 'छिट्टै नतिजा ल्याउने गरी काम भइरहेको छ।' सरस्वतीनगरमै बस्ने उनका श्रीमानूले पनि अर्को पसल सञ्चालन गर्दै आएका छन्।

विद्युत् विस्तारमा एसएसबीको अवरोध

कञ्चनपुरमा **मोहन विष्ट**

नेपाली भूमिभित्रै विद्युत् लाइन विस्तार गर्ने क्रममा बेलौरी नगरपालिका- ८ मा भारतीय सुरक्षाकर्मीले अवरोध गरेका छन् । नेपाल विद्युत् प्राधिकरणका कर्मचारीलाई लाइन विस्तार गर्नबाट भारतीय सीमा सुरक्षा बल (एसएबी)ले अवरोध गरेको हो ।

हुलाकी सडकखण्डको कालोपुलदेखि पचुईसम्मको क्षेत्रमा विद्युत् लाइन विस्तारका लागि पुगेका प्राधिकरणका कर्मचारीलाई एसएसबीले अवरोध गरेको हो । हुलाकी सडकको किनारैकिनार विद्युत् को पोल गाड्ने कार्य भइरहेका वेला पुगेको एसएसबीको टोलीले कार्य रोकेको प्राधिकरण बेलौरी वितरण केन्द्रका प्रमुख कपिल जोशीले जानकारी दिए । विद्युत् लाइन विस्तारका लागि जगदम्बा बेताल कन्स्ट्रक्सनले ठेक्का पाएको छ । चालू आर्थिक वर्षभित्रै कार्य सक्ने गरी ठेक्का सम्झौता गरिएको छ ।

विद्युत् लाइन विस्तारमा भारतीय सुरक्षाकर्मीले अवरोध गरेपछि पोल गाड्ने कार्य अलपत्र परेको छ । स्थानीय बासिन्दाले हुलाकी राजमार्ग क्षेत्रको जग्गा नेपालकै भए पनि भारतीय पक्षले पटक-पटक अवरोध गरी दुःख दिने गरेको गुनासो गरेका छन् । कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले विद्युत् लाइन विस्तारमा के कारणले रोकेको रहेछ, बुझ्ने प्रयासमा रहेको बताए ।

प्राधिकरण वितरण शाखा बेलौरीले चालू आर्थिक वर्ष ०७९/०८० को विद्युत् लाइन स्तरोन्नति कार्यक्रमअन्तर्गत जगदम्बा बेताल कस्ट्रक्सन प्रालिले जिम्मा पाएको छ । एसएसबीको अवरोधपछि दुई सातादेखि काम रोकिएको छ । 'एसएसबीले अवरोध गरेपछि काम रोकिएको छ,' वितरण केन्द्रका प्रमुख जोशीले नयाँ पत्रिकासँग भने, 'यस विषयमा प्रशासन सरकारले निकास निकालेपछि काम अघि बढाउँछौं ।'



भारतीय एसएसबीले अवरोध गरेको बेलौरी नगरपालिका- ८ पचुई हुलाकी सडक, जहाँ सडकछेउ भएर विद्युत् प्राधिकरणले पोल गाड्दा अवरोध गऱ्यो ।

हुलाकी राजमार्ग निर्माणका क्रममा समेत एसएसबीले अवरोध गर्दै आएको छ । तीन वर्षअघि हुलाकी राजमार्ग विस्तारको काम भइरहेका वेला आएको एसएसबी टोलीले सो क्षेत्रमा १२ सय मिटर सडक कालोपत्रे गर्न दिएको कार्य रोकेको थियो । एसएसबीले कहिले सडक त कहिले विकास निर्माणमा अवरोध गरेपछि स्थानीय रुष्ट भएका छन् । अन्तर्राष्ट्रिय सीमा सरोकार समूहका अध्यक्ष पल्लवराज भट्टले सीमाक्षेत्रमा आउने विवाद, भारतीय पक्षबाट हुने हस्तक्षेपको मूल कारण स्ट्रिप नक्सा भएको बताए । 'स्ट्रिप अर्थात् धर्से नक्सा निर्माण गर्दा गम्भीर त्रुटि भएको छ,' अध्यक्ष भट्टले भने, 'उतिवेला नक्सा निर्माण गर्दा हाम्रो भूमि भारतमा देखाइएको छ, त्यही भएर यस्तो समस्या आएको हो । सीमा समस्या समाधान गर्न उक्त नक्सा संशोधनको विकल्प छैन ।'

■ सर्वोच्चले सम्झायो महानगरलाई संवैधानिक दायित्व

तीन दिनभित्र सिंहदरबारको फोहोर उठाउन आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले संवैधानिक दायित्व सम्झाउँदै काठमाडौं महानगरपालिकालाई तीन दिनभित्र महानगरभित्रका विभिन्न ठाउँमा थुप्रिएका फोहोर उठाउन आदेश दिएको छ । अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिटमाथि न्यायाधीश प्रकाशमान सिंहको इजलासले आदेश दिँदै कारण देखाऊ आदेशसमेत जारी गरेको छ ।

शुक्रबार सर्वोच्चका न्यायाधीश प्रकाशमान सिंह राउतको इजलासले फोहोर संकलन गरी उठाई विसर्जन गर्नुपर्ने दायित्व काठमाडौं महानगरपालिको भएको जनाएको छ । '... संवैधानिक प्रावधानलाई समग्रमा अध्ययन गर्दा सरसफाइ गर्नुपर्ने अधिकार स्थानीय तहलाई सुम्पेको देखिन्छ । उल्लिखित संवैधानिक र कानुनी व्यवस्थाअनुसार निवेदकले उल्लेख गरेको क्षेत्रको फोहोर संकलन गरी उठाई विसर्जन गर्नुपर्ने दायित्व काठमाडौं महानगरपालिकाको देखिन आयो । तसर्थ, रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोर यो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र संकलन गरी उठाई विसर्जनसमेत अविलम्ब गर्नू-गराउनू,' अन्तरिम आदेशमा छ ।

अधिवक्ता श्रेष्ठले ४ वैशाखमा दायर गराएको रिटको पहिलो सुनुवाइ शुक्रबार भएकोमा अन्तरिम आदेश दिइएको हो । दर्ता भएको भोलिपल्ट हेर्न नभ्याइनेमा परेको यो रिट त्यसपछि बेन्च बस्न नभ्याएका कारण सुनुवाइ हुन सकेको थिएन । त्यसपछि हेर्दाहेर्दैमा रहेको रिटमा बाटाका म्यादबाहेक विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्ने आदेश भएको छ ।

इजलासले दिएको आदेशमा 'स्वच्छ र स्वस्थ वातावरण कायम गर्न असफल भई वातावरण प्रदूषित हुन पुग्दा सबैलाई आक्रान्त पार्न सक्ने, महामारी फैलन सक्ने यस्तो अवस्थामा गम्भीर र संवेदनशील निकाय कानुनले निर्दिष्ट गरेको भूमिकामा चुक्नुहुँदैन र उदासीन पनि हुन पाउँदैन' भनिएको छ ।

रिट निवेदक श्रेष्ठले महानगरका मेयर बालेन्द्र साहले 'इगो साँधेर' फोहोर नउठाउने निर्णय गरेको उल्लेख गरेका थिए । राजनीतिक विषय र नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको विषय फरक रहेको भन्दै फोहोर संकलन तथा विसर्जनको विषय नियमित बनाउन आग्रह गरेका थिए ।

रिट निवेदकले २४ चैतदेखि फोहोर नउठेका कारण मन्त्रालय, संसदीय दल तथा समितिको कार्यालयसहितका विभिन्न महत्त्वपूर्ण निकाय रहेको सिंहदरबार, राष्ट्रपतिको कार्यालय शीतलनिवास र प्रधानमन्त्रीनिवास बालुवाटार क्षेत्र दुर्गन्धित बनेको भन्दै तुरुन्त फोहोर उठाउने आदेश हुनुपर्ने माग गरेका थिए । फोहोर नउठ्दा वातावरण प्रदूषित हुनुका साथै जनस्वास्थ्यमा असर परेको र महामारीसमेत फैलने सम्भावना भएको भन्दै स्वच्छ वातावरणमा बाँच्न पाउने हक हनन भएको दाबी गरेका थिए ।

स्वच्छ वातावरण सभ्यताको संकेत तथा पर्यटनको आधारस्तम्भ रहेको आदेशमा उल्लेख छ । '... काठमाडौंको वायु गुणस्तर सूचकांक १८९ सम्म पुगेको र काठमाडौं संसारकै प्रदूषित सहरमा एक नम्बरमा परेको भन्ने सार्वजनिक रूपमा सम्प्रेषित समाचारले हामी सबै लज्जित हुनुपरेको छ । त्यसमाथि कामविशेषले हजारौं सेवाग्राही र नागरिक दिनहुँ पुग्ने सिंहदरबार क्षेत्रलगायतका ठाउँहरूको फोहोर नउठाएको र विसर्जन नगरेको क्रियाकलाप एवं गतिविधिले वातावरण दिनानुदिन प्रदूषित भइरहेको र प्रदूषित वातावरणले आमजनमानसलाई प्रत्यक्ष असर परिरहेको देखिँदा अब कत्ति पनि ढिलाइ नगरी उल्लिखित क्षेत्रमा जम्मा हुन पुगेको फोहोर अविलम्ब संकलन गरी उठाइ विसर्जन गर्नुपर्ने देखियो,' आदेशमा छ ।

निवेदकले काठमाडौं महानगरपालिकाका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारलाई समेत विपक्षी कायम गरी रिट हालेका थिए । जसमा सरकारले स्थानीय तहहरूबीच समन्वयकारी अभिभावकको भूमिका निर्वाह गरी काठमाडौं महानगरसँग समन्वय गरी फोहोरको तत्काल समन्वय गरी दिगो समाधान दिनुपर्ने मागसमेत गरिएको थियो ।

अदालतले आदेशमा भनेको छ, '... निवेदकले उल्लेख गरेको स्थान तथा काठमाडौंको फोहोरमैला विसर्जन गरिने स्थान वा ल्यान्डफिल साइट अरुरू स्थानीय तहअन्तर्गतको स्थानमा पर्न जाँदा त्यहाँको बासिन्दा, स्थानीय तह, सरोकारवाला र काठमाडौं महानगरपालिकासँग समेत आवश्यक समन्वय, उचित सहकार्य र सार्थक सहयोग पुऱ्याई स्वच्छ वातावरण कायम गर्नुपर्नेतर्फ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेतको गम्भीर ध्यानाकर्षण गराइएको छ ।'

नक्सामा नभएको जग्गा कित्ताकाट गर्ने चाबहिलका प्रमुख नापी अधिकृत र मालपोत अधिकृतसहित आठविरुद्ध मुद्दा

काठमाडौं/ अनधिकृत रूपमा नक्सा परिवर्तन गरी टायल चेकबाट क्षेत्रफलमा बढ कायम गरेर गलत लिखत तयार गर्ने कार्यमा संलग्न भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय चाबहिलका तत्कालीन प्रमुख नापी अधिकृतसहित आठजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । काठमाडौंको कागेश्वरी-मनोहरा नगरपालिका साबिक गोठाटार-मूलपानी गाविस वडा नं. १ 'ख' का कित्ता नं. ७०८, ७०९, ६६६ र ८१३ कित्ताको आकारप्रकार परिवर्तन गरी नक्सामा नभएको क्षेत्रफललाई कानुनविपरीत कित्ताकाट गरेको आरोपमा अख्तियारले मुद्दा दायर गरेको हो ।

परिवर्तित नक्सा तयार गरी नक्सा सच्याई कित्ताकाट एवं प्रमाणित गर्ने कार्यमा संलग्न चाबहिल नापीका तत्कालीन प्रमुख नापी अधिकृत दुर्गादास महर्जन, नापी अधिकृत रविशंकर पाण्डेय र सर्वेक्षक रामनारायण यादवविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ । सरकारी निकायको कागजातमा अनधिकार वा गैरकानुनी तरिकाले सच्याउने वा हेरफेर गर्ने कसुर गरेको अभियोगमा उनीहरूविरुद्ध मुद्दा दायर भएको अख्तियारले जनाएको छ ।

गलत लिखतलाई प्रमाणित गरी गलत जग्गाधनी दर्ता म्रेस्ता नामक लिखतसमेत तयार गर्ने कार्यमा संलग्न मालपोत कार्यालय चाबहिलका तत्कालीन मालपोत अधिकृत विष्णुप्रसाद काफ्ले र नायवसुब्बा उत्तम कुँवरविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । परिवर्तित नक्साबमोजिमको क्षेत्रफल कायम गरी गलत लिखत पारित गर्न मालपोतका कर्मचारीहरूलाई सहयोग पुऱ्याएको आरोपमा आयोगले मतियारको कसुरमा अन्य तीनजनालाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ । त्यसमा झापाको कमल गाउँपालिका- २ का योगेन्द्र आचार्य, काठमाडौं कागेश्वरी-मनोहरा नगरपालिका- ९ का सीताराम अधिकारी र काठमाडौं महानगरपालिका- ९ का नवीन दाहाल छन् ।

अर्थ मन्त्रालयका उपसचिव ढुंगानालाई गैरकानुनी सम्पत्ति आर्जनमा सफाइ

नयाँ पत्रिका

विशेष अदालतले अर्थ मन्त्रालयका उपसचिव राजेन्द्र ढुंगानालाई गैरकानुनी सम्पत्ति आर्जनको मुद्दामा सफाइ दिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार करोड ६८ लाख रुपैयाँभन्दा बढी गैरकानुनी रूपमा आय गरेको भनी १८ पुस ०७६ मा मुद्दा दायर गरेकोमा शुक्रबार विशेषले सफाइ दिएको हो ।

विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्य यमुना भट्टराईको इजलासले ढुंगानाका साथै जफत प्रयोजनका लागि प्रतिवादी बनाइएकी उनकी श्रीमती मधु कोइरालालाई पनि सफाइ दिएको हो । ढुंगानाले १९ साउन ०४९ देखि असार ०७५ सम्म ७९ लाख ५४ हजार रुपैयाँ वैध आय गर्नुपर्नेमा पाँच करोड ४८ लाख रुपैयाँभन्दा बढी व्यय तथा सम्पत्ति आर्जन गरेको भेटिएको थियो ।

अख्तियारसामु चार करोड ६८ लाख रुपैयाँभन्दा बढी रकमको स्रोत खुलाउन नसकेपछि सोही रकमबराबर बिगो कायम गरी मुद्दा दायर भएको थियो । उनले पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्यबाट अर्जेको सम्पत्ति श्रीमतीको नाममा राखेको दाबीसहित अख्तियारले मुद्दा दायर गरेको थियो ।

ज्यान मार्ने उद्योग मुद्दामा लहानका वडाध्यक्ष पक्राउ

लहान/ सिराहाको लहान नगरपालिका- २० का वडाध्यक्ष गणेशकुमार चौधरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा पक्राउ परेका छन् । उच्च अदालत जनकपुरमा २६ चैतमा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा दर्ता भएपछि फरार चौधरीलाई प्रहरीले शुक्रबार लहानस्थित आन्तरिक राजस्व कार्यालय परिसरबाट पक्राउ गरेको हो ।

सिराहा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार चौधरीलाई शुक्रबार नै सिराहा जिल्ला अदालतबाट थप अनुसन्धानका लागि पाँच दिनको म्याद लिइएको छ । वडाध्यक्ष चौधरी माओवादी सिराहाका जिल्ला सदस्यसमेत हुन् ।

सच्याईएको बारे

यस दैनिकको शुक्रबार, ८ बैशख २०८० को अंकमा प्रकाशित किसान बहुउद्देश्यीय सहकारी संस्थालि. लम्कीचुहा-१, लम्की, कैलालीको ग्रैह बैकिङ्ग/सहकारी सम्पत्ती लिलाम बिक्री सम्बन्धि सूचनाको शिर्षकमाग्रैह बैकिङ्ग/सहकारी सम्पत्तीलिलाम बिक्री सम्बन्धि ७ दिने सूचनाहुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

५०औं...

पृष्ठ १ बाट क्रमशः

खेलाडी चार महत्वपूर्ण रेकर्ड राख्न सफल भएका छन् । कीर्तिमानले भरिएको प्रतिस्पर्धामा नेपालले ओमानमाथि ८४ रनको सानदार जित निकाल्यो ।

नेपालले पहिलोपटक ५० ओभरको खेलमा तीन सय रनको योगफल कटाएको छ । पूर्वकप्तान तथा लेग स्पिनर सन्दीप लामिछाने थोरै खेलमा एकदिवसीय सय विकेट लिने विश्वकै पहिलो बलर बनेका छन् । अलराउन्डर कुशल मल्ल नेपाली खेलाडीमध्ये सबैभन्दा छिटो शतक बनाउने खेलाडी भए । व्यक्तिगततर्फ उनले सर्वाधिक १० छक्का प्रहार गरे ।

नेपालको ५०औं एकदिवसीय खेल

नेपालले आफ्नो ५०औं एकदिवसीय खेल घरेलु मैदानमा ओमानविरुद्ध खेल्यो । सन् २०१८ मा आइसिसीले नेपाललाई एकदिवसीय मान्यता प्रदान गरेको थियो । एकदिवसीय राष्ट्र भएकै वर्ष नेपालले नेदरल्यान्ड्ससँग सिरिज खेल्यो । १ अगस्ट २०१८ मा भएको आफ्नो पहिलो एकदिवसीय खेलमै नेपाल नेदरल्यान्ड्ससँग ५५ रनले पराजित भएको थियो । पारस खड्काको कप्तानीमा रहेको नेपालका लागि उपकप्तान ज्ञानेन्द्र मल्ले ५१ रन बनाएका थिए । नेपालको ऐतिहासिक पहिलो एकदिवसीय खेलमा वसन्त रेग्मी, शरद भेसवाकर र शक्ति गौचनले राष्ट्रिय टोलीबाट सन्न्यास लिइसकेका छन् । अनिल शाह टोलीबाहिर छन् । विनोद भण्डारी, सुवास खकुरेल, सुशान भारी, अभिनाश बोहरा पनि राष्ट्रिय टोलीबाट बाहिर छन् । ज्ञानेन्द्रसँगै, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, आरिफ शेख, करण केसी र सन्दीप लामिछाने नेपालको ५०औं खेलमा उपलब्ध छन् ।

कम उमेर र कम बलमा कुशलको शतक

१९ वर्षीय ब्याट्समयान कुशल मल्लले ओमानविरुद्ध करिअरकै पहिलो शतक प्रहार गरेका छन् । कुशलले केवल ५९ बलमा शतकीय इनिङ्स खेले । समग्रमा उनले १० छक्का र नौ चौका प्रहार गरे । ओमानविरुद्ध एक सय आठ रन जोडेका उनी इनिङ्सको ४०.४ ओभरमा आउट भए । खेलको म्यान अफ दी म्याच कुशल नेपालका लागि थोरै बलमा शतक बनाउने पहिलो खेलाडी हुन् । नेपाली खेलाडीमध्ये धेरै छक्का प्रहार गर्ने खेलाडी पनि उनी बनेका छन् । यसअघि नेपालका लागि एकदिवसीय खेलमा छिटो शतक कप्तान रोहितकुमार पौडेलले बनाएका थिए ।

पौडेलले सन् २०२२ मा पिएनजीविरुद्ध ९१ बलमा शतक पूरा गरेका थिए । कुशल मल्ल शतक बनाउने छैटौं नेपाली खेलाडी हुन् । उनीअघि कप्तान रोहित, पारस खड्का, कुशल भुर्तेल, आसिफ शेख र दीपेन्द्रसिंह ऐरीले शतक बनाएका थिए । कुशलले सन् २०२० फेब्रुअरीमा अमेरिकाविरुद्ध डेब्यु गरेका थिए । नेपाल ३५ रनले विजयी हुँदा कुशलले डेब्यु खेलमै ५१ बलमा ६० रन र एक विकेटसमेत लिएका थिए । कुशलले २१ एकदिवसीय खेलमा चार अर्धशतक बनाएका छन् ।

नेपाल ७२/४ को कमजोर अवस्थामा रहँदा क्रिजमा उत्रिएका कुशलले केवल २९ बलमा ६ छक्का र चार चौकाको सहयोगमा ५० रन पूरा गरे । कुशलले आरिफ शेखसँग पाँचौं विकेटका लागि ७५, दीपेन्द्रसिंह ऐरीसँग छैटौं विकेटका लागि २५ तथा सोमपाल कामीसँग सातौं विकेटका लागि ४९ रनको साझेदारी गर्दै नेपाललाई बलियो स्थितिमा पुऱ्याए ।

पहिलोपटक नेपालले कटायो तीन सयको योगफल

ओमानविरुद्ध खेल्नुअघि नेपालले एकदिवसीय खेलमा तीन सय रनको योगफल कटाएको थिएन । यसअघिका ४९ एकदिवसीय खेलसम्म नेपालको सर्वाधिक योगफल नै पपुवा न्युगिनीविरुद्ध दुई सय ९७ रन थियो । तर, आफ्नो ५०औं एकदिवसीय खेल खेलेको नेपालले स्कोर बोर्डमा समेत रेकर्ड बनायो । नेपालले ५० ओभरमा आठ विकेट गुमाउँदै तीन सय १० रनको योगफल बनायो । यो नै नेपालले एकदिवसीय क्रिकेटमा बनाएको सर्वाधिक ठूलो योगफल हो । नेपालले गत मार्चमा त्रिवि मैदानमै पपुवा न्युगिनी (पिएनजी)विरुद्ध सर्वाधिक दुई सय ९७ रन बनाएको थियो । यसैगरी नेपालले आफ्नो पाँच वर्षको एकदिवसीय यात्रामा नामिबियाविरुद्ध दुई सय ८७, पिएनजीविरुद्ध दुई सय ८६ र नामिबियाविरुद्ध दुई सय ७८ रन बनाएको थियो ।

प्रतिस्पर्धामा नेपालले इनिङ्सको २२औं बलमा एक रन बटुलेको थियो । भीम सार्कीले नेपालको स्कोर बोर्डमा रन चढाएका थिए । ओपनर कुशल भुर्तेल आठ बल र १० बल खेलेका आसिफ शेख शून्यमा आउट भए । दुवै ओपनर गुमाउँदासम्म पनि नेपालको स्कोर बोर्डमा शून्य रन नै थियो । भीम र कप्तान रोहितकुमारले ५४ रनको साझेदारी गर्दै नेपाललाई लयमा फर्काएका थिए । भीमले ५६ बलमा ३३ रन बनाए । रोहितले ३४ रनको योगदान गरे । सोमपाल कामीले ४८ बलमा ९ चौकासहित ६३ रनको योगदान गरे ।

सोमपालले एकदिवसीय खेलमा दोस्रो अर्धशतक बनाएपछि नेपालले तीन सय रनको योगफल कटाएको हो । आरिफ र कुशलले ७५ रनको साझेदारी गरे । कुशलले सोमपालसँग ४९ रनको साझेदारी गरे । यसैगरी सोमपाल र करणले नवौं विकेटका लागि ६१ रनको अविजित साझेदारी गरे । आरिफ र करणले समान २९ तथा रोहितले २३ रन जोडे । लक्ष्य पछ्याएको इनिङ्समा ओमान ४६.३ ओभरमा २२६ रनमा अलआउट भयो । ओमानका मोहम्मद नदिम र सन्दीप गोउडले ९६ रनको साझेदारी गरेका थिए । नदिमले सर्वाधिक ६५ रन बनाए ।

जित निस्कनेमा आत्मविश्वास थियो : करण केसी

ओमानविरुद्ध सबैले राम्रो खेले । सुरुमै दुई विकेट जाँदा अलि दबाब थियो । तर, पुनरागमन गर्छौं भन्ने विश्वास थियो । हाम्रो लक्ष्य एसिया कप हो । यस्तो खेल जित्न साझेदारी नै महत्त्वपूर्ण हुन्छ । त्यसैले तीन सय बनाउन सफल भयौं । विकेट राम्रो हुँदा लक्ष्य निकै माथि रहन्छ भन्ने थियो । सुरुमा हामीहरूको लक्ष्य दुई सय ६० रन दिने थियो । तर, साझेदारी राम्रो हुँदा धेरै रन बन्यो । पाकिस्तान र भारतसँग खेल्ने योजना बनाएपछि सेमिफाइनलमा जुनसुकै टोली प्रतिस्पर्धी भए पनि हामी खेल्न तयार छौं ।

प्रदेश खेलकुद विकास परिषद्

बागमती प्रदेश, हेटौंडा, नेपाल

Invitation for Electronic Bids for the Procurement of Good

Invitation for Electronic Bids for the Procurement of Goods
(Second date of Publication: 2080/01/09)

Province Sports Development Council, Bagmati Provinceinvites electronic bids from eligiblebidders for the procurement of following goods items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Province Sports Development Council, Bagmati Province. Mobile: 9855043423/9855086638 or may visit PPMO egp. system web: www.bolpatra.gov.np/egp.

Contract ID number	Description of Particulars	Amount for Bidding Document (NRs.)	Amount of Bid Security (NRs.)
PSDC/NCB/02/2079/80	KHELSAMAGRIKHARID	3,000.00/-	1,30,000/-

- Bidders, submitting their bid electronically, should deposit the cost **(Rs. 3,000)** of bidding document in the Province Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
  Name of the Bank : Rastriya Banijya Bank.
  Name of Office : PRADESH KHELKUD BIKASH PARISADH
  Office Code no. : 3430232013 Account no.: 1300100202070002
  Type of Account : RajashawKhata Revenue Code No: 14229
- The Bidder shall furnish a bid security, from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law with a minimum of 1,30,000**/- (ONE LAKHS THIRTY THOUSAND ONLY)** which shall be valid for 30 days beyond the validity period of the bid
  Account Name: Province Treasury Controller Office, Bagmati Province,Hetauda
  Bank Name: Rastriya Banijya Bank
  Bank Address: HetaudaAccount Number: 1300100202030000

दोल्ती पावर कम्पनी लिमिटेड
Dolti Power Company Limited

रजिष्ट्रार कार्यालय : थापागाँउ, नर्याँ बानेश्वर १०, काठमाण्डौं
फोन नं. : ०१-४१०५०२१, ४१०५०८७, ९८०२३४४६३३
इमेल: info@doltipower.com.np वेवसाइट: www.doltipower.org.np

को

साधारण शेयरको बाँडफाँड सम्बन्धी सूचना

दोल्ती पावर कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.५३,६४,८६,०००/- को ३०% अर्थात् १६,०९,४५८ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेको थियो । जस मध्ये जारी पूँजीको १०% अर्थात रु.५,३६,४८,६००/- रकम बराबरको रु.१०० अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी रितपुर्वक शेयर खरिद आवेदन प्राप्त १,४१,८२० कित्ता साधारण शेयर सम्बन्धित आवदेकलाई बाँडफाँड गरिएको र जारी पूँजीको २०% अर्थात रु.१००/- अंकित दरका १०,७२,९७२ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०७,२९,८००/- रकम बराबरको रु.१०० अंकित दरका १,०७,२९८ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई निष्काशन गरिएको तथा कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर समेत बाँडफाँड पश्चात् ६८,०१७ कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५%) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहेको रु.१०० अंकित दरका १२,७१,८६१ कित्ता साधारण शेयरहरु मिति २०७९/१२/२८ गतेदेखि मिति २०८०/०१/०३ गतेसम्म सर्वसाधारणमा खरीद आव्हान गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनु हुने आवेदकहरु मध्ये १,२७,१८६ जना आवेदकहरुलाई बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम सो कम्पनीको शेयरहरु मिति २०८०/०१/०८ गते आइतबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

बाँडफाँड सम्बन्धी विवरण आवेदकहरुले निष्काशन तथा बिक्री प्रबन्धकको website: www.nicasiacapital.com वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित website: iporesult.cdsc.com.np/ meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा प्रचलित नियम अनुसार रकमान्तरण गरी बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाता फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ९ वैशाख ०८०
nayapatrikaofficial @naya_patrika

उनीहरूले भने– महिला भएर पनि चुनाव लड्ने ?

चुनाव लड्न जाँदा हुलका हुल महिला हेर्न आउँथे । मैले भोट दिनुहुन्छ भनेर सोध्दा एक महिलाले 'जनाने होके चुनाव लड्वे' अर्थात् महिला भएर पनि चुनाव लड्ने भनेर गाली पो गरिन् ।



उर्मिला अर्याल
संघर्ष



साहना प्रधान दिदीप्रति श्रद्धा र आस्था लाग्छ । उहाँ त्यत्रो इतिहास भएको मान्छेलाई पार्टीले पहिलोपटक नै राष्ट्रपति बनाउनुपर्थ्यो ।

संयोग छाड्ने हो भने कोही पनि राजनीतिक व्यक्तिले सजिलै पद पाउँदैनन् । राष्ट्रिय सभा उपाध्यक्ष **उर्मिला अर्याल**को पनि संघर्षको विरासत छ । उनका राजनीति जीवनमा आरोह-अवरोहका कैयौँ घुम्ती छन् र दौडमा सघाउनेभन्दा खुट्टा तान्ने धेरै भेटिएका छन् । एमालेभित्रको आन्तरिक संघर्षमा उनी संसदीय राजनीतिमा पछाडि पारिइन् । विकल्पका रूपमा माओवादी रोजिन् र अहिले त्यही पार्टीले उनलाई राजकीय पदमा पुऱ्याएको छ । यतिसम्म कि राष्ट्रिय सभा उपाध्यक्ष भएलगत्तै उनले निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको आलोचना गरिन् । सानैदेखि राजनीतिमा सक्रिय अर्याललले पदभन्दा संघर्ष ज्यादा गरेकी छिन् । पर्साको ठाकुरराम बहुमुखी क्याम्पसको स्ववियु उपसभापतिदेखि सांसद, मन्त्री र संघीय संसद्को माथिल्लो सदनसम्मको यात्रा पूरा गरिन् । राजनीतिक जीवनको उतारचढाव अर्याललले नयाँ पत्रिकाकर्मी **कमलराज भट्ट**सँग यसरी व्यक्त गरिन् :

बाल्यकालमै राजनीतिक माहोल

पर्साको जगरनाथपुर गाउँपालिका- ५ मसिहानीमा जन्मे-हुर्केकी म ब्राह्मण उपाध्याय परिवारकी छोरी । मेरो बुबा, हजुरबुबा सबै पण्डित हुनुहुन्थ्यो । बुबा शिक्षाप्रेमी हुनुहुन्थ्यो । परिवार प्रत्यक्ष राजनीतिमा नभए पनि राजनीतिक वातावरणबाट अछुतो थिएन । काग्रेसको भेट्टान नेता मेघराज रिजाललगायत भूमिगत राजनीति गर्नेहरूको सेल्टर थियो हाम्रो घर । मेघराज अहिलेका उद्योगमन्त्री एवं पर्सा ४ बाट निर्वाचित कांग्रेस सांसद रमेश रिजाल दाइका बुबा हुनुहुन्थ्यो । रमेश दाइ र मेरो सान्दाइ क्लासमेट, रमेश दाइकी बहिनी र म क्लासमेट थियौँ । मेघराज काका (जो स्वतन्त्र सेनानी हुनुहुन्छ, निर्वासित अवस्थामै बित्नुभयो)लाई मेरो बुबाको गहिरो सहकार्य र सहयोग थियो । तर, सानैदेखि मेरो झुकाव कम्युनिस्टतिर भयो । माध्यमिक तहसम्म 'चीन सचित्र', 'लालतारा'लगायत किताब पढ्थेँ । पछि म सान्दाइबाट प्रभावित भएँ, उहाँले किताब ल्याउने, मैले पढ्ने ।

०२६ सालमै अनेरास्ववियुको सदस्यता लिई विद्यार्थी राजनीतिमा प्रवेश गरिसकेकी थिएँ । बिए पास गरेर ठाकुरराम बहुमुखी क्याम्पसमा एकवर्षे बिएड पढ्न थालेँ । त्यही क्रममा स्ववियु चुनाव हुने भयो । स्ववियु चुनावमा म अनेरास्ववियुबाट उठ्ने कुरा चल्यो । रमेश दाइले बुबाको मित्रताको उदाहरण दिँदै कम्युनिस्टमा नजान र नेविसंघबाट लड्न अनुरोध गर्नुभयो । मैले मानिनँ । ०३६ सालमा खुलेरै चुनाव लडेँ । क्याम्पसमा बिएस्सी पढिरहेका प्रमोद कण्ठ (एसएलसी बोर्ड थर्ड) अध्यक्ष, म उपाध्यक्ष र हिमाल शर्मा सचिवमा प्रतिस्पर्धा गर्यौँ । काग्रेसनिकट नेविसंघको दबदबाबीच कम्युनिस्टहरू मिलेर चुनाव लड्यौँ, सबै मिलाएर लड्दा संजोगले हामीले जित्यौँ । निर्वाचित भएपछि शैक्षिक सुधारको पक्षमा लाग्यौँ । कम्युनिस्टको सकारात्मक छवि बन्यो । हामीपछिका तीन ब्याच लगातार अनेरास्ववियुले जित्यो ।

बसमा दुर्व्यवहार गर्नेलाई मुक्का

१९ वर्षको उमेरमा त्रिभुवन विश्वविद्यालयमा एमए पढिरहेकी थिएँ । पढ्न जाँदा महिलाहरूलाई टर्चर भइरहन्थ्यो । दुइटा बस मात्रै जान्थ्यो । एकदम भिड हुन्थ्यो । भिडमा पर्नु नपरोस् भनेर म कक्षा समयको एक घन्टाअघि नै जान्थेँ । एक दिन ढिलो भयो । हतारो भयो । क्लास जाने भनेर बस चढेँ । एक हातमा किताब, अर्को हातले बसको डन्डी समातेकी थिएँ । पछाडिबाट कम्मरमा चिमोटेको छ, चिमोटेको छ । पछाडि हेर्दै, अनुहार चिर्नै । बसबाट ओर्लिएँ । कपाल समातेर लात्तीले उसको पिठ्युँमा हानेँ ।

अर्को घटना पनि बसमै भयो । एमए पढ्दै गर्दा काठमाडौंबाट साझा बसमा एक्लै वीरगन्ज घर जान्थेँ । एकपटक घर जाँदा बसमा हेटौंडा ऋस गरेपछि एकजना मान्छे चढे । मेरै छेउमा आएर बसे । काठमाडौं के गर्नुहुन्छ, घर कहाँ हो भन्ने सामान्य कुराकानी भयो । एकछिन पछि उसले एमए पढ्ने वेलासम्म लभसभ भयो होला नि भन्यो । त्यो वेलासम्म मेरो दिमागमा लभसभको भूत नै थिएन । ती व्यक्तिले त्यसो भनेपछि बेस्सरी मुक्का हानेछु । मुखैमा लागेछ, यसको ओठ काटियो । बसबाट ओर्लिएर घर गएँ । यसरी म कहिल्यै दबेर, जिस्केर बसिनँ ।

भूमिगत राजनीति

०३५ सालमा कम्युनिस्ट पार्टीको संगठित सदस्यता लिएर तत्कालीन नेकपा चौम जिल्ला कमिटी सदस्य भए । स्ववियु उपाध्यक्ष हुनुअघि नै म अखिल नेपाल महिला संघ (अनेमसंघ) संलग्न भइसकेकी थिएँ । पारिजात दिदी संयोजक हुनुहुन्थ्यो । केन्द्रीय सम्मेलन आयोजक समिति सदस्य भएँ । ०३८ सालको राष्ट्रिय सम्मेलनबाट अनेमसंघको केन्द्रीय अध्यक्ष पदमा निर्वाचित भए ।

पूर्वाञ्चलको विराटनगर कोसीसम्म गएँ । ललितपुरको ठैबसम्म प्रशिक्षण दिएँ । ०३६ सालपछिको आन्दोलनमा नेपाल बन्दको अभियान थियो । चैत २६ को जनआन्दोलनमा हामी विद्यार्थी नै नेतृत्व गरिरहेका थियौँ । हामीलाई वारेन्ट भयो । भूमिगत तरिकाले प्रदर्शन गर्यौँ, चौथो महाधिवेशनको त्यस्तो जबर्जस्त प्रदर्शन अहिलेसम्म भएको छैन । जनमतसंग्रहमा पनि मैरै नेतृत्वमा महिलाहरूलाई जोडेर अभियान चलाउँदा पर्सा, बारातिरबाट राम्रै मत प्राप्त गरेका थियौँ । अनेमसंघको फेरि सम्मेलन हुन सकेन । पार्टी पनि टुटफुट भयो । मोटो र पातलो मसाल भयो ।

अन्तर्जातीय विवाह

०४१ सालमा मेरो विवाह भयो । मोहन वैद्य, प्रचण्डलगायत तीन-चारजना कमरेडले बिहे गराइदिनुभएको हो । मेरो श्रीमान् प्युठानको डा. यमबहादुर (वाइबी) थापा हो । पन्जाबमा पढ्दै गर्दा अखिल भारत नेपाल विद्यार्थी संघमा आबद्ध हुनुहुन्थ्यो । ०३८ सालमा अखिल भारत नेपाली एकता समाजको राष्ट्रिय सम्मेलनमा अध्यक्षता गर्न किसान संघको अध्यक्ष, महिलाको अध्यक्ष म आफैँ र महासचिव पम्फा भुसाल दिल्ली गएका थियौँ । त्यहाँ देखभेट भएको थियो । फर्किएपछि उहाँले नेताहरूमार्फत बिहेको प्रस्ताव राख्नुभयो । वैद्य, प्रचण्ड र मणि थापाले प्रस्ताव राख्दा मैले घरमा बुझ्नुपर्छ भनेँ । सकभर ब्राह्मण नै खोज्नुस् न भनेर अनुरोध गरेँ । वाइबीले धेरै जिद्दी गर्नुभयो । घरमा कुरा राखेँ । बुबा र आमा मान्नुभएन । माइलो दाइले चाहिँ 'त खुसी छस् भने आफ्नो जीवन चलाउने हो, म सहयोग गर्छु' भन्नुभयो । उहाँले कन्भिन्स गराएर बिहे गरिदिनुभयो । बुबाले अलि पछिसम्मै चित्त दुखाउनुभएको थियो । साथीभाइहरूसहित जनवादी बिहे गरियो ।

घर चलाउन जागिर

बिहेपछि उहाँको परिवारबाट पनि धेरै सहयोग पाएँ । तर, ससुरा बुबा बितेपछि परिवार चलाउन सकस भयो । उहाँ सेक्सन अफिसर हुनुहुन्थ्यो । उहाँको तलबले नपुगेपछि राजनीतिबाट विश्राम लिएर मैले जागिर खाएँ । महिला विकास अधिकृतमा नाम निकालेँ, बारा जिल्ला गएँ । जागिरे जीवनमा संगठनका साथीहरू जाने-आउने गरिरहे । पछि उहाँ (पति)ले युएनडिपीमा एप्लाई गर्नुभयो । मैले सेभ द चिल्ड्रेनमा प्रोग्राम अफिसरमा एप्लाई गरेँ । दुइटैको छनोट भयो । मैले काठमाडौं आएर जागिर थाल्ने । डेढ-दुई वर्ष काम गरेर छाडेँ । उहाँको एक वर्षमा युएनमा स्थायी भयो । घर चलाउन सहज भएपछि मैले जागिर त्यागेँ ।

घरझगडाले एमालेमा

वाचस्पती देवकोटा पार्टी छोडेर एमालेमा जानुभएको थियो । उहाँ भेट्न आइरहनुहुन्थ्यो । कसैले 'छलफल' साप्ताहिकमा उर्मिला एमालेमा आउनुभयो भनेर छापिदिनुभयो । भोलिपल्ट अध्यक्ष कमरेड प्रचण्ड, मोहन वैद्य कमरेड, कृष्णध्वज खड्का र मणि थापा आएर गुनासो गर्नुभयो । प्रचण्ड र वैद्य कमरेडले मेरो श्रीमान्लाई 'यसलाई बिहे गराउनै गल्ती भयो' भन्नुभयो । वास्तवमा हामी एमालेमा गएकै थिएनौँ । मैले खण्डन लेखेँ । तर, उहाँहरूले पत्याउनुभएन र खाना पनि नखाई रिसाएर हिँड्नुभयो । खड्का र थापाले सम्झाउन खोजे पनि प्रचण्ड र वैद्य कमरेडले सुन्नुभएन ।

अर्कोतिर कहिले मदन भण्डारीको फोन आउने, कहिले झलनाथ खनालको फोन आउने, महिला संघको अध्यक्ष बन्नुपर्‍यो भनेर प्रस्ताव आइरहेको थियो । भण्डारीले 'तपाईं आउनुस्' भन्नुभएको थियो । म जान्नँ भनेर बसिरहेको थिएँ । वैद्य र प्रचण्ड कमरेडले विश्वास नगरेर गाली गरेपछि श्रीमान्ले पनि एमालेमा जान दबाब दिनुभयो । पारिवारिक खटपटकै स्थिति आउन थालेपछि ०४६ सालमा एमाले प्रवेश गरेँ । तर, मनचाहिँ यतै थियो ।

> कसैले 'छलफल' साप्ताहिकमा उर्मिला एमालेमा आउनुभयो भनेर छापिदिनुभयो । भोलिपल्ट अध्यक्ष कमरेड प्रचण्ड, मोहन वैद्य कमरेड, कृष्णध्वज खड्का र मणि थापा आएर गुनासो गर्नुभयो । प्रचण्ड र वैद्य कमरेडले मेरो श्रीमान्लाई 'यसलाई बिहे गराउनै गल्ती भयो' भन्नुभयो । वास्तवमा हामी एमालेमा गएकै थिएनौँ । मैले खण्डन लेखेँ । तर, उहाँहरूले पत्याउनुभएन र खाना पनि नखाई रिसाएर हिँड्नुभयो ।

पहिलो चुनाव र महिलाकै असहयोग

०४८ सालमा मदन भण्डारीले चुनाव लड्न प्रस्ताव गर्नुभयो । चुनाव लड्ने ठाउँ थिएन । तर पनि पर्सा ४ मा गएर चुनाव लडेँ । आठ हजार मत आयो । माधव नेपाल नै खटिनुभएको थियो । पार्टी निर्माणको हिसाबले चुनाव लडेको हो । काग्रेसबाट रमेश रिजाल निर्वाचित हुनुभयो, म दोस्रो भएँ ।

चुनाव लड्न जाँदा हुलका हुल महिला हेर्न आउँथेँ । चुनावी अभियानमा खटिएका भाइहरूले 'दिदी यी सबै महिलाले तपाईंलाई भोट दिन्छन्' भन्थे । मैले दिँदैनन् भन्थेँ, महिला भएर चुनाव लड्न आई भन्ने उल्टो बुझाइ थियो । मैले भोट दिनुहुन्छ भनेर सोध्दा एक महिलाले 'जनाने होके चुनाव लड्वे' अर्थात् महिला भएर चुनाव लड्ने भनेर गाली गरिन् । कस्तो महिला रहेछ, चुनाव लड्न आयो भनेर हेरिरहेका थिए, यो धारणा परिवर्तन गर्नुपर्छ भनेर लागेँ । त्यसपछि दुई-तीन सय साइकल हिँडाएर साक्षरता अभियान चलाएँ । चुनाव हारिसकेपछि मतदाता भेट्न गएँ । तपाईंलाई भोट हाल्न सकेनौँ भनेर उहाँहरू रुनुभयो । महिलाहरूले भने, 'हामी साहुहरूको ऋण खान्छौँ । पूरै दबाब आयो ।'

दोस्रो चुनावमा भोट बढ्यो

०५१ को चुनावमा पनि मैले पार लाग्ने देखिनँ । विकट क्षेत्र थियो । त्रासको वातावरण थियो । म चुनाव लड्न उपयुक्त हुन, बरु पार्टी संगठन निर्माणमा काम गर्छु, म चुनाव लड्दिनँ भनेँ । त्यो वेला युएसआई इन्टरनेसनलबाट मलाई इन्टरनेसनल भिजिटर प्रोग्राममा छनोट गरेको थियो । २६ देशका महिला नेतृ सहभागी हुने डेढ महिनाको सम्मेलनमा नेपालबाट मलाई छनोट गरेको थियो । पार्टीमा उर्मिला नलडे पुरानो भोट पनि आउँदैन, बेइज्जत हुन्छ भनेर नेताहरूले जिद्दी गर्नुभयो । ४५ दिनको कार्यक्रम १५ दिन छोडेर पर्सी नोमिनेसन हुँदा आज नेपाल आइपुगेँ । जितिँदैन भन्ने थाहा थियो, डेढ हजार भोट बढ्यो । मैले साढे नौ हजार मत ल्याउँदा रमेश रिजाल ११ हजार मत ल्याएर जित्नुभयो ।

मैले ०५१ को चुनावपछि फेरि चुनाव लड्ने मनस्थितिका साथ पूर्वतयारी थालिसकेकी थिएँ । अब पार्टीले मलाई पर्सा ४ बाट बाहिर जान दिँदैन भन्ने भएपछि पूरै लागेँ । त्यहीँ बसेर संगठन बनाएँ, सहकारी र साक्षरता अभियान चलाएँ, युवाहरूलाई परिचालन गरेँ । ०५६ को निर्वाचनमा फेरि चुनाव लडेँ । पार्टी फुटेको अवस्था थियो । पाँचवटा बुथ कब्जा भएको थियो । एमालेले पाँच सिट जित्छ देशभरिमा भनेर मलाई जिस्काउँथे । तर, मैले पर्सा ४ मा जितेँ । ईश्वर पोखरेललगायत पार्टीकै नेताले म जितेको विश्वास गर्नुभएन । म जितेर आउँदा माधव कमरेडले मैले माने भन्नुभयो । लगत्तै पार्टीको केन्द्रीय सदस्य बनाउनुभयो ।

०६२/६३ को आन्दोलनमा धेरै नै दुःख गरियो । भक्तपुरदेखि काठमाडौंको न्युरोडसम्म जुलुस लिएर आउने क्रममा २२-२५ किलोमिटर सधैँ हिँडियो । काग्रेसको लक्ष्मण पौडेल, एमालेबाट म थिएँ । भक्तपुरको सबै कुनाकाप्चाबाट मान्छे जुटाउँथ्यौँ । १०-१२ जना हुँदै २० हजार मान्छे जुटाउन सफल भयौँ । आन्दोलन सफल भयो ।

पहिलोपटक मन्त्री

०६२/६३ मा मलाई महिलामन्त्री बनायो । छोटो समयमा केही महत्त्वपूर्ण काम गरेजस्तो लाग्छ । ०६४ मा संविधानसभाको चुनाव तय भयो । पार्टीले टिकट दिएन, आन्तरिक राजनीति भयो । माधव कमरेड लडाउन खोज्ने, अरू टिकट दिन नखोज्ने, पार्टीभित्र ग्रुपिङ भयो । म लडिनँ । उर्मिलालाई किन टिकट नदिएको भनेर क्षेत्रमा विद्रोह पनि भयो । पार्टी पनि पराजित भयो । म लडेको भए जित्थेँ होला । संगठनकै काममा सक्रिय रहेँ । महिला विभाग, समावेशी विभागमा बसेर थुप्रै डकुमेन्ट बनाएँ । टिकट नपाए पनि झलनाथ खनालको क्याबिनेटमा दोस्रोपटक मन्त्री भएँ । सांसद नभए पनि पार्टीले स्थानीय विकासमन्त्री बनायो । जिल्लादेखि नगरसम्म महिला समिति बनाएँ । अहिले पनि जिल्लामा जाँदा सम्झिन्छन् । ६ महिनापछि पार्टीकै जिम्मेवारीमा फर्किएँ । विभिन्न विभागको प्रमुख भएर काम गरेँ ।

विद्या भण्डारीसँग टकराव

पोखरामा महिला संघको राष्ट्रिय सम्मेलन थियो । पार्टीभित्र मलाई अध्यक्षमा लडाउने कुरो थियो । तर, म अध्यक्ष बन्न गएको थिइनँ । किनभने म पहिल्यै चौमको संस्थापक अध्यक्ष भइसकेको थिएँ । त्यो वेला मदन कमरेडको भर्खर हत्या भएको थियो । उहाँ भर्खर बितेको वेला विद्या भण्डारीलाई ल्याएर बनाउने कुरा थियो । उतातिर अष्टलक्ष्मी म भइनँ भनेर रिसाउनुभएको थियो । सहाना प्रधान दिदीलाई अध्यक्ष बनाऊँ र विद्यालाई बिस्तारै प्रमोट गर्ने भन्ने थियो, उहाँप्रति मेरो सहानुभूति थियो । तर, सहाना दिदी जस्तो मान्छे बनाऊँ भन्ने थियो । बीचमा अष्टलक्ष्मी हुनुहुन्थ्यो, सहाना दिदी नभएर मै हुँ भन्नुहुन्थ्यो । तर, महिला संघको अध्यक्ष बन्ने मेरो त्यति चाहना थिएन । पार्टी नेतृत्वमा अहिले विद्यालाई बनाऊँ, अर्कोपटक उर्मिलालाई बनाउने समझदारी भएछ ।

म सम्मेलनमा जान्नँ भनेर उद्घाटनको दिन गइनँ । तर, पूर्वाञ्चलदेखि पर्सासम्म प्रतिनिधि छनोटमा सीता पौडेलले आफ्नालाई तोकेर ल्याइन् । जिल्ला सम्मेलन गरेर प्रतिनिधि छनोट गर्नुपर्नेमा त्यो नगरेर गुटवादी भएर गरियो । विधिको कुरा उठाउने प्रतिनिधिलाई कुट्ने काम पनि भयो । झलनाथ कमरेडले जसरी पनि पुनुस् भनेपछि भोलिपल्ट म पुगेँ । विद्या कमरेडसँग बसेर कुरा गर्छु भनेर दीपेन्द्र सभागृहमा जाँदा छिर्न दिएनन् । प्रहरी प्रशासनले प्रवेश गरायो । मलाई रोकेपछि प्रतिनिधिले नाराबाजी गरे । सभागृहको मुख्य गेट तोडेर भित्र प्रवेश गराए । म भित्र जाँदा हलमा विद्याजीले भाषण गरिरहनुभएको थियो, एकछिन रोकिनुभयो ।

शंकर पोखरेलले बसेर कुरा गरौँ न भन्नुभयो । मैले अखिल नेपाल महिला संघलाई महासंघ बनाउनुपर्छ भनेँ । सर्वसम्मत नाम सार्वजनिक गर्नुस्, म सहयोग गर्छु । तपाईं पार्टीको उपाध्यक्षको हैसियतले पनि सोच्नुस् भनेँ । उहाँले हुँदैन भन्नुभयो । हुँदैन भनेपछि म पत्रकार सम्मेलन गर्छु भनेर हिँडेँ । प्रेस कन्फरेन्समार्फत सबै कुरा राखेँ । उता सम्मेलनमा महिला प्रतिनिधिलाई पिट्ने काम भयो । कुटिएका महिलाको जिउमा साडी छैन । भागेर महिला प्रतिनिधिले ज्यान जोगाए । मैले आफ्नो लुगा दिएँ । पछि पार्टीले त्यहाँ विध्वंस हुन थाल्यो, तपाईं त्यहाँ बसेर छुट्टै खाने-बस्ने व्यवस्था गरिदिनुपर्‍यो भनेपछि चार-पाँच सय मान्छेलाई खुवाउने, राख्ने, कपडा किनेर पठाएँ । घटनाबारे विद्याजी केही बोल्नुभएन ।

वामदेवको धोका

सम्मेलनको इन्चार्ज बनाएर पार्टीले वामदेव गौतमलाई त्यहाँ खटाएको थियो । उहाँ जहिले पनि विद्याकै पक्षमा लाग्ने, जहिल्यै पार्टीलाई धोका दिने, त्यहाँ गएर पनि बिक्नुभयो । पोखराबाट फर्किने वेला तपाईं गद्दार हो, सिनियर उपाध्यक्ष भएर तपाईंले दुइटालाई राखेर कुरा गराउनुपर्दैन भनेको थिएँ । झलनाथ एक्लो परेर हो कि आँट गर्न सक्नुभएन । यो कुरो छलफल हुँदैन भने म पार्टीमा बस्दिनँ भनेर छोडेँ । नछोड्नू भनेर माधव नेपाललगायत प्रायः सबै नेताले भनेका थिए । कहिलेकाहीँ नछोडेको भए हुन्थ्यो कि भन्ने महसुस हुन्छ । अलिकति भावनात्मक भएँ पनि भन्ने लाग्छ ।

साहनालाई अन्याय

साहना प्रधान दिदीप्रति साह्रै श्रद्धा र आस्था लाग्छ । उहाँ त्यत्रो इतिहास भएको मान्छे, पार्टीले पहिलोपटक नै राष्ट्रपति बनाउनुपर्थ्यो । तर उहाँको निधन पनि दुःखद तरिकाले भयो । धेरै सरल, त्यागी, ठूलो नबन्ने, कुनै पोस्ट नखोज्ने हुनुहुन्थ्यो । त्यो वेलामा पद्मकन्यामा पढाउनुभएको, जमानामै एमए पास गर्नुभएको थियो । उहाँको छोराले जहिले भेट्यो कि मसँग भन्नुहुन्छ, 'के दियो मेरो पार्टीले ? मेरो आमालाई एउटा सम्मान पनि दिएन ।' वास्तवमा उहाँलाई प्रधानमन्त्री बनाइदिएको भए नि हुन्थ्यो, अवसरहरू आएका थिए । साहना दिदी त जीवनपर्यन्त उदाहरण हो नि ! साहना दिदीप्रति मलाई अगाध आस्था र प्रेम छ । कहिले पार्टीलाई दोष दिनुभएन, केही भन्नुभएन । उहाँ इतिहास हो, तर इतिहासको सम्मान भएन ।

पुरानै पार्टीमा फर्कैँ

एमालेमा अपमान सहेर बस्नुभन्दा ०७० सालमा पुरानै पार्टी माओवादीमा फर्केँ । यहाँ पनि नयाँ वातावरण थियो । एड्जस्ट हुनलाई गाह्रै थियो । पार्टीले चुनाव लडायो, कार्यकर्ताले स्विकारेनन् । ६ वटामा चारवटा पालिका जिताउँदा पनि पर्सा ४ मा संघीय चुनाव हार्नुपर्‍यो । ०७० र ०७४ मा पर्सा ४ मा माओवादीबाट टिकट लिएर लडेँ । ०७० मा पार्टी निर्माण हुन्छ भनेर लडेँ, राम्रै मत ल्याएँ । दोस्रो भएँ । ०७० मा नभए पनि ०७४ मा म जित्नैपर्थ्यो । चारवटा पालिका मैले जिताएको क्षेत्रमा त्यस्तो रेकर्ड अहिलेसम्म थिएन । ०७४ मा म मरेर लागेकाले जित्नुपर्नेमा पार्टीभित्रैबाट पैसा खाएर हराइयो । हराउनेलाई समानुपातिकमा ल्याएर सांसद बनाइयो ।

राष्ट्रिय सभामा इन्ट्री

मैले दुःख गरेको, क्षेत्रमा नतिजा पनि राम्रो ल्याएको भन्ने अध्यक्ष प्रचण्डले महसुस गर्नुभएको थियो । शशीकला दाहाल (तत्कालीन राष्ट्रिय सभा उपाध्यक्ष)को पद खाली हुँदै थियो । मातृका यादव कमरेडले पनि मलाई भन्नुभयो, 'त्यहाँ खाली हुँदै छ, त्यहाँ अरू-अरूको पनि नाम सुन्दै छु, एकपटक गएर अध्यक्षसँग कुरा गरिहाल्नू ।' मैले गएर अध्यक्षलाई भनेँ । उहाँले म पठाउँछु भन्नुभयो । ०७८ माघमा राष्ट्रिय सभा सदस्यको उम्मेदवार भइयो । राष्ट्रिय सभा जितेर आएपछि मैले उपाध्यक्ष मागेको थिइनँ । तर, माओवादीबाट प्रतिनिधित्व गर्ने सबै साथीहरूले 'दिदीचाहिँ बरु उपाध्यक्षमा जाने कि' भनेर जोड गरे । अनुभव भए त्योभन्दा माथिल्लो पदमा जाने वातावरण बन्छ होला भन्ने सोचेँ । संसदीय भूमिकाकै एउटा जिम्मेवारीमा रहँदा राम्रो होला भनेर उपाध्यक्ष स्विकारेकी हुँ । संवैधानिक प्रावधानले नै राष्ट्रिय सभा अध्यक्ष पुरुष भए उपाध्यक्ष महिला भनेको छ । अध्यक्षको अब एक वर्ष कार्यावधि बाँकी छ । भविष्यमा पार्टीले चाह्यो भने अध्यक्ष बनौँला ।

ढाका टोपीको अमेरिका भ्रमण

मेरो टाउकोलाई भिसा बनाएर मेरो टोपी मसँगै धेरै परदेश डुलिसक्यो



मुकुन्दराज शर्मा
mukundasharma37@gmail.com


निबन्ध

ठ्यक्क शिरमा ढल्किएर कालाकाला पहाडमाथि हिउँको थुप्रोझैं टलक्क टल्किएर फेरि एकचोटि अमेरिकी सयरमा जान तम्सिएको थियो मेरो टोपी । टोपीले धेरै फुर्तीफार्ती गर्दा स्मरण गराउन चाहन्थ्यें कि यसलाई अमेरिका भ्रमणमा लैजाने निधो मैले गरेको हुँ । त्यसैले यो मप्रति कृतज्ञ भई आदेशपालक भइरहोस् । यसका उपर मेरो हैकम चलिरहोस् । मैले शिरमा लगाऊँ, झिकेर गोजीमा कोचुँ वा झोलामा थन्क्याऊँ, मेरो मर्जी । यसका बुट्टा रोज्ने म, रङ रोज्ने म, शिरमा धारण गरेर टोपीको जात चिनाउने म, अनि यसले केको फुर्तीफार्ती गर्नु ? तर, कोटिकोटि मान्छेको भिडको म एउटा मान्छेले त्यही टोपी धारण गर्दा त्यस भिडमा भिन्न र विशिष्ट पहिचान पाउँछु भन्ने हेक्का मलाई नभएको रहेछ ।

मानिस मासिने दम्भले हो । दोहा हवाई अड्डामा समय गुजारुन्जेल मेरो दम्भ धेरैचोटि भत्क्यो । अंग्रेजीमा पानी किन्न गएँ, नेपालीमा पानी दियो; अंग्रेजीमा गेट सोध्न गएँ, नेपालीमा ढोका देखाइदियो; अंग्रेजीमा कफी किर्नें, नेपालीमा खुद्रा फर्काइदियो; अंग्रेजीमा शौचालय गएँ, नेपालीमा सफाइकर्तालेे 'आरामै हुनुहुन्छ ?' भनेर सोध्यो; अंग्रेजीमा ऐना हेर्रे, नेपालीमा अनुहार देखाइदियो । शिरमा टोपी मुस्कुराइरहेको थियो । सिंगै नेपालका युवा यही हवाई अड्डामा रहेछन्जस्तो लाग्यो । शिरमा टोपी नभइदिएको भए म अंग्रेजीमै थन्किन्थें । दुवै हातले टोपीलाई झन् टिमिक्क पार्दै भनें, 'अझै पन्ध्र घन्टाको उडान त बाँकी नै छ । धैर्य गरेर बस्नू ।' सामान्य ढंगले हेर्दा टाउकाको ओढो, ढकनी वा छपनीजस्तो लाग्ने यो टोपी मलाई साढे दुई घन्टाको हवाई अड्डाको बसाइमा 'टोपी भनेको मणिमुकुट धारण गरेको लावण्यमय मेरो देश र देशवासीको क्रिस्टल छायाछवि सारा विश्वलाई देखाइदिने ऐना रहेछ ।' भन्ने महसुस भइरह्यो ।

सानो छँदा आमाले घरिघरि टाउको मुडुलो भयो भनेर टोपी लगाइदिनुहुन्थ्यो । मचाहिँ युवाहरूले झैं कपाल पालेर 'स्टाइलिस' हुन चाहन्थें । सायद कपाल पाल्दा के-के नै भइन्थ्यो । बाल्यकाल ठूलाहरूको अनुकरण गर्ने उमेर न हो । आफ्नो बुद्धिले त कहाँ भ्याउँथ्यो र ? नक्कल पार्ने, राम्रो-नराम्रो देखिनेभन्दा पनि आमाको जातले बच्चाको सुरक्षा र सुविस्तालाई बढी ध्यान दिन्छन् । तालुबाट चिसो नपसोस्, कान र घाँटीमा जाडो नहोस् भनेर मिलेसम्म कानेटोपी नै कसिदिन्छन् । अझ जाडो दिनमा माकल टोपी टाउकोबाट छिराएर हेर्नोस्, बूढापाकाहरूको टोपीमोह छर्लंग हुन्छ ।

हुन त अचेल विश्वभरिका मान्छे, तिनको पहिरन, आहार, चालचलन, संस्कृति, भाषा सबैथोक एक-आपसमा घुलमिल भएर होला, नेपालीहरूले पनि 'क्याप टोपी' र 'ह्याट टोपी' धेरै लगाउन थालेका छन् । तर, शरीरको शिखरमा गजुरझैं बस्ने हाम्रो टोपीको महत्ता र उचाइलाई जेसुकैले भेट्न कहाँ सक्ला र ? टोपी नेपालीहरूको संस्कृतिको धुरी हो भनेर मैले भन्दा यसलाई कसैले अति राष्ट्रवादको फुर्का झुन्ड् याइदिएछन् भने झुन्ड्याइरहून् । म झर्को मान्ने, प्रतिवाद गर्नेवाला छैन ।



> हुन त अचेल विश्वभरिका मान्छे, तिनको पहिरन, आहार, चालचलन, संस्कृति, भाषा सबैथोक एक-आपसमा घुलमिल भएर होला, नेपालीले पनि 'क्याप टोपी' र 'ह्याट टोपी' धेरै लगाउन थालेका छन् । तर, शरीरको शिखरमा गजुरझैं बस्ने हाम्रो टोपीको महत्ता र उचाइलाई जेसुकैले भेट्न कहाँ सक्ला र ?

एकचोटि चीनमा जाँदा एउटी चिनी महिला मित्रले भनिन्, 'भोलिको समारोहमा तपाईंले जे लुगा लगाए पनि त्यो टोपीचाहिँ पक्कै लगाउनुस् है ? मलाई टोपी लगाएको अति मन पर्छ ।' उनका यस्ता सह्रानीय वचनले मेरो मन हिमालझैं पग्लिएर कञ्चन नदी बन्यो । अनि त्यसैवेलादेखि मेरो टोपी मेरो निरन्तरको साथी बन्यो । त्यसभन्दा पहिले त परिस्थितिले मागेअनुसार शिरमा चढ्ने र ओर्लिने गर्थ्यो । अहिले के देश ? के परदेश ? टोपी शिरमाथि चढेकै छ ।

यसवेला म स्व. गोपाल योञ्जनसहित टोपीका विभिन्न रूप र अवस्थाहरूलाई सम्झिरहेछु । घेराको वरिपरि गरिबीको तोरन फर्फराउने फाटेको टोपी, एकछिन टुसुक्क भारी बिसाउँदा पनि नाम्लोको थिचाइबाट स्वाधीन हुँदै पसिनाका कुलेसोहरू पुछ्ने टोपी, एक घान भुटेका मकै थापेर बाटोमा चबाउँदै हिँड्ने टोपी, फूल सिउरेर युवतीलाई फकाउन खोज्ने टोपी, झिल्केको छड्के टोपी, हारेको जुवाडेको तालु नाघेको टोपी, झुटो आश्वासन छोप्ने नेताको टोपी, डाँडाकाँडा ढकमक्क पार्ने लालीगुराँसझैं आमनेपालीको शिर शोभायमान बनाउने वाह रे वाह ! हाम्रो टोपी । ख्वामित्का पाउमा शिरपोस राखेर बिन्ती बिसाउने शून्य चेतनाको युग अब मिथक भइसकेकाले त्यस्तो टोपीलाई यहाँ चकटी उपलब्ध छैन । अपितु, सबै प्रकारका टोपीलाई स्मृतिमा राखेर तीन थान नयाँ टोपी किर्ने । एउटा यात्रामा लगाउन छुट्याएँ, बाँकी सुटकेसमा पट्याएँ ।

मेरो टोपी मसँगै धेरै परदेश डुलिसक्यो, मेरो टाउकोलाई भिसा बनाएर । तर, यसपटक कृतसंकल्पित थियो, ऊ कतै माथबाट ओर्लनेवाला थिएन । अधिल्लोचोटि अमेरिका आउँदा पनि म धेरथोर टोपी पहिरिन्थें र उसले एक-दुईवटा रमाइला स्मृति बोकेर नेपाल फर्किएको थियो । नायग्रा फल्स घुम्न जाँदा गाडीको गति अति द्रुत भएकाले पुलिसले झ्याप्पै पासोमा पारिहाल्यो । नियम पालनमा कठोर चट्टानझैं हुँदारहेछन्, त्यहाँका पुलिस । किन्तु, परन्तु कतै केही भन्न नपाइने । पराइको फन्दामा परेपछि न आमै गुहार्नु, न बाबै । अगाडिपट्टिको सिटमा गमक्क परेर बसेको म, घिर्रीलाजत्रो नाक चाउरिएर नकटो नै पो भइन्छ कि भन्ने डर लाग्यो । अमेरिकी यात्राको उन्माद कऋक्क सुक्यो । के-के जाति पो गर्ला भन्ने ठानियो । छोराले यी शिरमा टोपी ढल्काएका भद्र मनुष्य आप्ना बुबा र पछाडिपट्टि बसेकी आफ्नी आमा सौन्दर्यको सागर नेपाल देशबाट मोतीझैं झल्किँदै अमेरिका सयर गर्न आएका र आफू पनि खुसीले बुरुक्क उचालिँदा गाडी थोरै तीव्रगतिमा गुडेको कारण विनम्र भई बेलिविस्तार लगाए । ती पुलिस पनि त आखिर विवेकी प्राणी नै हुन् । आफ्नो देशमा आएका अतिथिसँग विनयी हुन त जानेकै हुन्छन् । यसो मलाई हेरे, मुसुक्क हाँसे र आइन्दा यस्तो गल्ती नगर्ने भावको चेतावनी दिएर फर्किए । दश माइल पर पुगुन्जेल चैतको पँधेरोझैं सुकेको मेरो मुखमा चिसो पलाएको थिएन । नायग्रा फल्स आफैं हुइँकिएर नजिक आए हुन्थ्यो भन्ने भइराथ्यो । बिसौनीको एक कप कफीपछि जीउले लय समात्यो । मन सबैभन्दा बढी हर्षित भएको एउटा क्षणको पनि छोटो चर्चा गरौं ।

कतार एयरवेजको जहाजबाट हामी नेपाल फर्कँदै थियौं । डालस विमानस्थलबाट अमेरिकी भुइँ छोड्ने वेलामा हवाईजहाजभित्र यात्रुहरूको स्वागत हुँदै थियो । सायंकाल भएकाले 'गुड इभिनिङ' भन्दै यात्रुहरूको मन न्यानो पार्रिदै थियो । तर, जब मेरो पालो आयो, एकजना अरबीजस्ता देखिने सुन्दर युवकले थपक्क दुई हात जोडेर अत्यन्तै मृदुल स्वरमा भने- नमस्कार ! मैले आफ्नो 'ह्यान्ड क्यारी'लाई भुँइमा बिसाएर त्यसैगरी दुवै कर जोडेर उसलाई मुस्कानसहितको नमस्कार फर्काएँ । झन्डै साढे चौध घन्टाको यात्राभरि घरीघरी मलाई लागिरह्यो- म आफ्नो ठाउँबाट जुरुक्क उठेर जाऊँ र त्यस युवकलाई धित मरुन्जेल अँगालो मारूँ । किनकि, उसले मलाई होइन, मेरो टोपीलाई कर जोडेर नमस्कार गरेको थियो, मेरो नेपाललाई नमस्कार गरेको थियो र नेपालीको पहिचानलाई नमस्कार गरेको थियो । यो नमस्कारलाई मैले सामान्य व्यावसायिक अभिवादन मात्रै ठानिनँ ।

उसको सामाजिक चेतनालाई मैले सम्मान गर्नैपर्छ । किनकि कसैको पनि पहिचानको प्रतीकलाई सम्मान गर्न नजान्नु भनेको आफ्नै पहिचानलाई गिज्याउनु हो । विमान परिचारिकाको निर्देशनबमोजिम यात्रा अवधिभर सामुन्नेको झ्याल बन्द गर्नुपर्थ्यो, तर म घरीघरी त्यसलाई अलिकति उघारेर चेपबाट तल-तलको कपासको बर्गैंचा हेर्ने गर्थें । कहिलेकाहीं मानिस बालकझैं चकचके भइदिन्छ ।

मानिस दुब्लो, ख्याउटे हुँदैमा क्षुद्र हुँदैन; कद छोटो हुँदैमा होचो हुँदैन । यदि उसको स्वाभिमान हिमगिरिझैं उच्च छ भने ऊ आफैं अग्लिँदै जान्छ । टोपी स्वाभिमानको प्रतीक पनि हो । त्यसैले त यो शिरमा लगाइन्छ- अटल र अजेय ।

म मेरो टोपीले अमेरिका सयर गरेको सभ्भी-सभ्भी दंग छु । मेरो शिरपोसको ईर्ष्यामा डुबेर कोही मुर्छा पर्नेवाला थिएन । यो यति अनौठो र विस्मयकारी पनि थिएन कि वरिपरिका सबै मानिस लावालस्कर लगाएर मलाई घेरा हाल्न आऊन्, तस्बिर खिचाऊन्, फेसबुकका पानाहरू रंग्याऊन् । मेरो अर्धश्यामल मुहारलाई पूर्णमासको चन्द्रमाझैं उज्यालो पारेको मलाई महसुस हुने थरीथरीका रङ र बुट्टाले बनेका मेरा टोपीहरू पालैपालो शिरमा चिटिक्क पारेर हिँड्दा परदेशका वासिन्दाहरू भद्र तवरले नजर घुमाएर, शिर फर्काएर हेर्न भ्याएकै थिए । कसैकसैलाई केहीबेर बिसाएर कुराकानी गर्न मन लागेकै हुँदो हो, तर अर्काको निजी मामिलामा अलग्गै रहने उनीहरूको संस्कृतिले त्यसो गर्न नदिएको हुन सक्छ । मलाई महसुस भइरहेको थियो, हामी अर्काको बेलीबिस्तार जान्न बढी नै उत्सुक हुन्छौं । त्यसैले त हामी आत्मीयता पस्किन पनि त्यत्तिकै सिपालु छौं । आत्मीयभाव नेपालीहरूको नरित्तिने खजाना हो । टोपी नेपालीको विनयशीलताको पनि चिनारी हो । नेपाली जति वीर छन्, उति विनयी पनि छन् ।

अधिल्लोचोटि न्युजर्सीको स्वामीनारायण मन्दिर जाँदा नाडीका रौं देख्न धौधौ पर्ने साँझको वेला, छाता ओड्नैपर्ने गरी बर्सिएको पानी, फराकिलो क्षेत्रफलको मन्दिर परिसर । मन्दिरको मूलढोकादेखि धेरै पर हामी । टाढैबाट दौडिएर स्वयंसेवक युवाहरू आए, हिन्दीमै प्रश्न गरे- तपाईंहरू काठमान्डुबाट आएको हो ? हाम्रो 'हो' को उत्तर झर्दानझर्दै सायंकालीन आरती दर्शन गर्न जुटेका सयौं भक्तजनको भिडलाई छिचोलेर हामीलाई अग्राधिक भागमा बसाइयो र भावभंगीले विशेष सत्कार गरियो । मैले बुझैं टोपी त छिमेकका मित्रहरूसँग साटिने सद्भाव र भाइचाराको परिचायक पनि रहेछ, धार्मिक र सांस्कृतिक बिम्ब पनि रहेछ ।

इन्जिनियरिङ पेसाबाट सेवानिवृत्त भएका एकजोडी अमेरिकीले हाम्रो आतिथ्यमा वाइनको गिलास रित्याउँदै सोधे,'तपाईंको टोपीको माथि बनाइएका धारहरूको केही अर्थ छ ?' हुन त हामी टोपीलाई थरीथरी तरिकाले लगाउँछौं । मेरो टोपीमा एकातिर अग्लो डाँडा र अर्कोतिर होचो डाँडा हुने गर्दछ । मैले अग्लो डाँडालाई देखाएर भनें, 'यो विश्वको सबैभन्दा अग्लो शिखर 'माउन्ट एभरेष्ट' हो ।' ऊ अलि झस्किँदै भन्यो,'विश्वको सर्वोच्च शिखर त अमेरिकामा होइन र ?' मैले हाँस्दै भनें, 'सर्वोच्च शिखर माउन्ट एभरेष्ट नेपालमा छ ।'

'नेपालमा ?' ऊ झन् अचम्मित भयो,'यो फेरि कहाँ हो ?' मेरो मथिंगलको तापक्रम धेरै बढिसकेको थियो, तर उसको अबोधताप्रति म कत्ति क्षुब्ध भइनँ । सायद त्यति अग्लो सगरमाथासम्म उसको ज्ञानको पहुँच थिएन । मैले उसका हरेक जिज्ञासालाई सम्याइरहें । अन्ततः उसले साह्रै लोभिएर भन्यो, 'मलाई नेपाल घुम्न बोलाऊ न !'

कति जाति छ मेरो टोपी ! शिरमाथि थपक्क बस्छ, उच्चासनबाट दुनियाँलाई शान्ति र सद्भावका आँखाले नियाल्छ । कसैलाई घोच्दैन, कसैलाई पिरोल्दैन, कसैका भित्र पसेर गिजोल्दैन । परपीडक कहिल्यै बन्दैन यो । कहिल्यै ईर्ष्याले मनमा दुन्दुभी नबजाउने शान्त र शालीन मेरो टोपी सरर अमेरिकाका चिल्ला सडकमा गुड्दै विकासको उत्कर्ष हेरिरहेको थियो । सायद, ऊ देख्नेजति सबैलाई भन्दै थियो, 'हेर म पनि एउटा अतुलनीय मुलुकको चिनारी हुँ ।' हुन पनि सगरमाथा र भगवान् बुद्ध मात्रै होइन, सिंगो नेपाल र समस्त नेपालीका सहस्र गुणको बयान गर्छ यसले ।

मानिस जन्मिएपछि उसको पहिलो पहिचान 'ऊ मानिस' हो । त्यसपछिको दोस्रो पहिचान उसको कर्म हो । तर, त्यसबाहेकका अन्य धेरै गौरवशाली पहिचान हुँदारहेछन् । त्यसैले त यही 'पहिचान'को महाजालमा विश्व अल्झिएको छ । सृष्टिकर्तालाई पनि सोध्नुपर्ला, हरेक मानिसका बुढीऔंलाका धर्साहरू किन भिन्दै ? आँखाभित्रका रेटिना किन बेग्लै ? तिम्रो सृष्टिमा मानव एक हो कि भिन्नाभिन्नै ? उसले नाम किन माग्यो ? थर किन माग्यो ? भूगोल अनि भाषा किन माग्यो ? लय अनि भाका किन माग्यो ? 'वसुधैव कुटुम्बकम्' भन्छौं तैपनि फेरि बेग्लै चिनारी किन माग्यो ? के मानिस हाड र मांसपिण्डको स्थुल आकृति मात्रै हो ? या ऊभित्रको आत्मीक चेतनाले ऊ मानिस भएको हो ?

मेरो टोपी मेरो शरीरको मात्रै होइन, मेरो कञ्चन आत्माको पनि पहिचान हो ।

सकम्बरी : अभावको व्यथामाथि पितृसत्ताको व्यापार

ओ गायकहरू ! कला-साहित्य र गीत-संगीतको नाममा महिलाका यौनांगमाथि भद्दा मजाक गरी विवशताका कथाहरूको व्यापार अझै कति गरिरहन्छौ ?



सुमिना
kcsumina0@gmail.com

संगीत

हिंसाको चित्रण गर्ने कार्यलाई थप प्रवर्द्धन गरिन्छ भने त्यो चित्रण नभएर हिंसाको पक्षपोषण हुन पुग्छ । कला साहित्य र गीतसंगीत जनमानसको ढुकढुकीसँग प्रत्यक्ष जोडिएका कारण यसले प्रवर्द्धन गर्ने हिंसा अत्यन्तै खतरनाक र प्रभावशाली हुन्छ । समाजमा हुने गरेका घटनाहरूको चित्रण गर्दा साहित्यकारहरूले सावधानी अपनाएनन् भने त्यस्तो साहित्य समाजका निम्ति विषाक्त बनिदिन्छ ।

नेपाली साहित्यमा एउटा स्थापित परिभाषा छ, 'साहित्य समाजको दर्पण हो ।' अर्थात्, साहित्यले समाजको प्रतिबिम्ब उतार्नुपर्छ । यही बनिबनाउ परिभाषालाई आफ्नो मुखारबिन्दमा झुन्ड्याएर गरिने लेखकीय कर्म र साहित्यिक गतिविधिमा संलग्न व्यक्तिहरूले अर्को त्योभन्दा पनि महत्त्वपूर्ण कुरामा भने खासै हेक्का राखेको देखिँदैन । सत्य एउटा पक्ष हो, त्यसलाई उजागर गर्नुपर्छ । तर, सत्यलाई ग्रहण गर्ने हाम्रो वैचारिकी र जनमानसमा पुऱ्याएर त्यसलाई एकखालेे आकार दिने र सही सन्देश प्रवाह गर्ने कला अर्को महत्त्वपूर्ण कुरा हो ।

जर्मन लेखक बर्तोल्त ब्रेख्तले आफ्नो 'सत्य लेख्दाका पाँच कठिनाइहरू' शीर्षकको निबन्धमा यो कुरालाई निकै नै महत्त्वपूर्ण रूपमा उल्लेख गरेका छन् । सत्य लेख्न जति साहस चाहिन्छ, सत्य के हो भनेर त्यसलाई पहिचान गर्ने उच्च सजगता त्यति नै महत्त्वपूर्ण रहेको उनी बताउँछन् । सत्यलाई प्रभावशाली ढंगबाट कसरी प्रयोग गर्ने भन्ने कुशलता, बुद्धिमत्ता र सत्यलाई मानिसको बीचमा पुऱ्याउने चतुरताको बारेमा पनि उनले विस्तृत व्याख्या गरेका छन् । यो अत्यावश्यक कुरा पनि हो ।

समाजमा जे छ, त्यसलाई चित्रण गर्नु एउटा पक्ष हो । तर, समाजमा जे छ, त्यसलाई चित्रण गर्दा सही र गलतको कसीमा सैद्धान्तीकरण गरेर सही सन्देश प्रवाह गर्नु अर्को कुरा हो । फोहोरको ढक्कन खोलेर सबैलाई फोहोर देखाउने उद्देश्य राख्नेले सावधानी अपनाउनैपर्छ कि त्यो फोहोरको दुर्गन्धले समाज थप विषाक्त नबनोस् । बरु त्यसलाई सफा गरियोस् भन्ने उद्देश्य पनि राख्नुपर्छ । सामाजिक डङ्गुरमा ढुंगा फ्याँक्नेले यो होसियारी अपनाउनैपर्छ कि त्यसका छिटाहरू उछिट्टिएर फोहोर अझै विस्तारित हुँदै समाजभरि नै थप दुर्गन्धको फैलावट नहोस् । तथापि हामीकहाँ सामाजिक यथार्थ उजागर गर्दा विद्यमान विभेद, हिंसा र अत्याचारलाई धक्कामुक्का होइन, बरु झनै सुमसुम्याइदिने प्रवृत्ति प्रशस्तै मौलाइरहेको छ । सीमान्तीकृत समुदाय, उत्पीडित वर्ग र लिंगका समस्या उजागर गर्दैगर्दा उक्त वर्गमाथि अझै दमन र थिचोमिचोलाई आमन्त्रित गरिएको छ भने त्यो साहित्य उक्त वर्गको उत्थान नभएर दुःखको निमित्त कारण बनिदिन्छ । यो सावधानी कमैले अपनाएको देखिन्छ, खासगरी साहित्य लेखनमा । साहित्य समाजको दर्पण हो भन्ने परम्परागत परिभाषाको राग अलापेर त्यसखालेे उत्पीडनको निमन्त्रणालाई सर्वमान्य तुल्याउने प्रयत्न गरिए पनि अन्ततः त्यो अन्यायको कारक तत्त्व नै हुन्छ । यस्तै एउटा असावधानी हो, प्रकाश सपुतको- 'सकम्बरी' ।

सकम्बरीमा महिला वस्तूकरणको चित्र

महिलाहरू हजारौं वर्षदेखि शोषणमा छन् । त्यो यौनमा आधारित शोषण मात्रै नभएर राजनीतिक, सांस्कृतिक, आर्थिकलगायत सम्पूर्ण रूपमा शोषणमा छन् । पितृसत्तात्मक समाजले अंश र वंशको उत्तराधिकारी पुरुषलाई बनाएर निजी सम्पत्तिको स्वामित्व पनि उसैलाई सुम्पिएपछि महिला आफ्नो भन्ने केही नभएका पुरुष अधीनस्थ वस्तु बनाइयो । यसै दौरानमा उसको आफ्नो शरीर पनि आफ्नो नभएर उसलाई युद्धमा जसले जित्छ, उसैले आफ्नो बनाउने वा विजेताले हाँसिल गरेर लैजाने खुल्ला प्रतिस्पर्धाको वस्तु बनाइयो । अथवा जसले खरिद गर्छ, उसैको हुने परम्परा चलाइयो । हिजोको मिथकीय साहित्यका स्त्री पात्रहरू यसका दृष्टान्त हुन् । माधवी, द्रौपदी, आम्रपाली आदि । कतै विवाह गरेर पत्नीको नाममा त कतै युद्धमा पराजित गरेर प्राप्त हुने वस्तुको रूपमा उनीहरूको शरीर र यौनिकतामाथिको स्वामित्व पनि एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरण हुँदै गयो । महिलाको शरीर र यौनको मोलमोलाइ मूलतः दासयुगबाटै सुरु भएर सामन्तवादमा राजा रजौटाहरूले घरमा यौनदासी राख्ने, पहुपत्नी राख्ने, पैसा तिरेर खरिद गर्ने तथा महिलाको यौनिकतालाई पाहुना स्वागत सत्कारमा समेत प्रयोग गर्ने प्रचलन स्थापित गर्दै आए । आजको विश्व पुँजीवादले भने वैधानिक रूपमै विभिन्न 'रेड लाइट एरिया' निर्माण गरेर महिला शरीरमा मूल्यको ट्याग झुन्ड्याएर खुलमखुल्ला व्यापार गरिरहेको छ ।

नगण्य महिलाहरू मात्रै यस्तो बाध्यात्मक कार्यमा संलग्न छन् । बाध्यतावश महिलाहरू संलग्न भए पनि यो महिलामाथिको अथाह पीडा हो, हिंसा हो । अर्कोतर्फ महिलाको आफ्नो सम्पत्ति नहुने र आर्थिक रूपमा अत्यन्तै दयनीय अवस्थाबाट गुज्रनुपर्दा दैनिक आवश्यकता परिपूर्तिका निम्ति पनि महिलाहरू प्रयोगवादी बजारको चंगुलमा परिरहेको अवस्था छ । सायद यही अवस्थालाई चित्रण गर्न खोजिरहेका छन्, सकम्बरीमा प्रकाश सपुत ।

एउटी गाउँकी सीधासादा केटी सहरमा आएर कसरी सकम्बरीसम्मको यात्रा तय गर्छे ? सकम्बरीमा समाजको एउटा चित्र देखाउने प्रयत्न गरे पनि त्यसको प्रस्तुतीकरणमा भने अत्यन्तै समस्या देखिन्छ । जसलाई हेर्नु पितृसत्ताविरुद्ध लडिरहेकाहरूका निम्ति निकै सकसपूर्ण र कष्टप्रद छ । त्यहाँ महिलाको पीडा मात्रै छैन, त्यसभन्दा बढी त्यो पीडामाथि प्रहार गरिएको छ । जो यो संरचनाबाट प्रताडित छ, उसलाई सार्वजनिक पर्दामा ल्याएर नंग्याउने, गाली बेइज्जती गर्ने र दर्शक हँसाउने काम भएको छ । सकम्बरी बनाइएकाहरूको पीडा कम, अपमान ज्यादा बोल्नुका साथै सकम्बरी बनाउनेहरूको प्रवृत्ति र चरित्रमाथि गीतले कहींकतै प्रहार नगरी उनीहरूको मनोबल उकास्न थप जोड दिइरहेको छ ।



महिलालाई कंगाल बनाउने र १० ठाउँमा हन्डर खाँदै हिंड्न बाध्य बनाउने सामाजिक संरचना तथा एउटी विवश र लाचार केटीलाई अवस्थाको फाइदा उठाएर प्रयोग गर्दै हिंड्ने दर्जनौं पुरुष प्रवृत्तिका विरुद्ध एक शब्द नबोल्ने गीतले महिला पात्रलाई नंग्याउन र अपराधबोध गराउन भने कुनै कसर बाँकी छोडेको छैन । अन्त्यमा आफूलाई त्यहाँसम्म पुऱ्याउनेका विरुद्ध प्रतिकारको भाषा बोल्नुपर्ने ठाउँमा तिमीहरूले गऱ्यौ, मैले पनि गरें, तिमीहरूकै कारण म यो दलदलमा आएकी हुँ, इज्जत जान्छ भने सबैको जान्छ, छौं भने हामी सबै पापको भागिदार छौं भनेर उल्टै स्वीकारोक्तिमा पुगेर टुंगिनु झनै दुःखद कुरा हो । जब कि त्यो पाप र धर्मको कुरा होइन, हिंसा र अपराधको कुरा हो । हिंसा गर्ने र हिंसा भोग्नेको कुरा हो । यसरी यो गीतले महिला शरीरमाथि हिंसा गर्नेहरूलाई सामान्यीकरण गर्ने भाष्य पनि निर्माण गरेको छ । पैसा फ्याँकेर अभावसँग खेल्नु अमानवीय र लज्जास्पद या निकृष्ट कुरा हो भन्ने सन्देश दिनुपर्ने ठाउँमा उल्टै शक्ति र सामर्थ्यका अधि नतमस्तक महिला स्वाभिमान र त्यही लज्जित स्वाभिमानमाथि पुरुष अहंकारको दूषित रिहर्सल अत्यन्तै भद्दा र कुरूप छ ।


यसले दिने सामाजिक सन्देश त समस्याग्रस्त छ नै, साथसाथै समाजमा महिलामाथि उत्पीडन थोपर्ने माध्यम पनि बन्नेछ । व्यंग्य गर्ने, ट्रोल बनाउने, स्कुटर कसले किन्दियो, झुम्का कसले किन्दियो, रातमा के काम हुन्छ भन्नेजस्ता प्रश्नहरूले महिलालाई गिज्याइनेछ । कसले सकम्बरी बनायो भन्दा पनि कोचाहिँ सकम्बरी हो भनेर विभिन्न सामाजिक वृत्तमा उभिएका महिलाहरूमा परीक्षण गर्ने काम त सुरु भइ नै सकेको छ । म सकम्बरी होइन भनेर स्पष्टीकरण दिँदै हिँड्नुपर्ने अवस्था निम्त्याइएको छ । महिलाहरू प्रयोग हुन्छन् भन्दा पनि महिलाले प्रयोग गर्ने धन्दा चलाउँछन् र स्वयं उनीहरू आफ्ना निम्ति आफैं केही किन्न सक्षम हुँदैनन् भन्ने भाष्यलाई पनि विनिर्माण गर्छ ।

अभावग्रस्त सामाजिक जीवनको हुर्मत

अभावभित्र असीमित रहर र अति महत्त्वाकांक्षाका कारण एकाध महिलाहरू उपभोक्तावादी बजारका बिकाउ वस्तु बनाइएका होलान्, तर यो मात्रै पूर्ण सत्य होइन । ताकि बारम्बार अभावको चित्रण गर्न महिलालाई देहव्यापारीको रूपमा प्रस्तुत गरियोस् र देहव्यापार अपनाउने महिलालाई निकृष्ट दर्ज गरियोस् । महिला सानोतिनो अभावकै कारण पनि यौनकर्म अपनाइहाल्छन् भन्ने दृष्टिकोण पुरुषलाई भोग्ने तथा महिलालाई भोग्या र फगत शरीर देख्ने पितृसत्तात्मक मनोविज्ञानबाटै निर्देशित छ । जसले महिलाहरूलाई अति निरीह, विकल्पहीन देख्दै आयआर्जनका निम्ति श्रम र सीपका साथ मिहिनेत गर्ने होइन, केवल शरीरको व्यापार गर्छन् भन्ने

विवश परिवारको वास्तविक कथा

उपन्यासले पितृसत्ताले निर्माण गरेको अवधारणाबाट पिल्सिएर बाँच्न विवश परिवारको वास्तविक कथालाई सरल र स्पष्ट ढंगले चित्रण गरेको छ ।



डा. अम्बिका अर्याल

समीक्षा

पुरुष सत्तामा छ । शासनव्यवस्था, शिक्षा, राजनीति, अर्थनीति, सामाजिक संरचना, पारिवारिक व्यवस्था आदि जुनसुकै क्षेत्रमा उसैको हित प्राथमिकतामा राखिएको छ । उसकै जयजयकारमा इतिहास लेखिन्छन्, गीत गाइन्छन् । उसैको शक्ति र महानताका गाथा पुराणमा वाचिन्छन् । सामाजिक संरचनामाथिको दबदबा उसैको छ । तर, पनि किन पिरोलिन्छ पुरुष ? किन छटपटिन्छ ? किन विरक्तिन्छ ? किन ठूला स्वरमा आफ्ना निर्णय सुनाउन सक्दैन ? किन भौतारिँदै हिँड्छ यत्रतत्र ? किन उक्रन्छ पानीविनाको माछाझैं ? निकास जान्दाजान्दै किन अमुक बनिदिन्छ ? किन रमाउन सक्दैन आफैंमा ? यस्ता किनैकिनका प्रश्नको भंगालो बोकेर आएको उपन्यास हो : सुमन वर्षाद्वारा लिखित उपन्यास - अन्ततः यन्त्रणा ।

पुरुषमा पितृसत्ताको घाउ कति गहिरो छ । तालाचाबी आफ्नै हातमा छ, तर पनि सन्दुक खोल्न पाउँदा खुसी मिल्दैन । भान्से आफैं हो, तर पेट अघाउन्जेल मीठोमीठो छानेर खाए पनि मन भरिन्न । आफैंले कोरेको मार्गमा आफैं हिँड्न पाइएको छ, तर पनि पाइला झन्झन् बोझिलो हुन्छ । झन् अर्काले दिएको खाएर र अरूले बनाएको मार्गमा हिँडेर कहाँ सन्तुष्ट मिल्छ त परायलाई ? यस्तै व्यथा पोखिएको छ सुमनको यस उपन्यासमा ।

'आहा ! पुरुष कति खुसी होलान् हगि ? पितृसत्तात्मक व्यवस्थामा । नारीले मात्र यसको स्वाद चाख्न पाएनन्, विचरा ! म पुरुष भएको भए मैले पनि सुखभोग गर्न पाउँथें, स्वच्छन्द हुन पाउँथें, पुर्खाले छोरा-नातिका हितमा निर्माण गरेको मिष्ठान्न भोजनको स्वाद मज्जाले चाखेर नारीहरूका अधिल्तिर खुब फुर्ती छाँट्न पाउँथें' भन्ने विचलित नारीकै भ्रमलाई समेत यस उपन्यासले चिरेको छ ।

पितृसत्तात्मक सोच बोकेको समाजमा नारी मात्र कैदी जीवनमा परेको पिँजडाको सुगा बनेका होलान् भन्ने आशंका असत्य बनेको छ । किनकि यस उपन्यासमा गुणाको सन्तापभन्दा गमनको अव्यक्त छटपटी कम दर्दनाक छैन । गुणा नारीका अहितमा बनेका संरचना र सोचविरुद्ध कुँडिएर मात्रै बस्दिन, लोग्ने, बुबा-आमा, सासूससुराससँग डाँको छाडेर रुन सक्छे । तर, खै ? गमन कोसँग साँट्न सक्छ आफ्नै पुर्खाले आफ्नै हितमा बनाएका नीति-नियमका विरुद्धको व्यथा ? कसलाई सुनाउन सक्छ मुटुका उल्झन् ? कोसँग फुटाउन सक्छ आँसुका मूल ? कहाँ गएर वमन गर्न सक्छ मनभित्र उकुसमुकुस पार्दै भतभती पोलिरहेका जहर ?

कहाँ छ पुरुषको कठोर मन ? किन रुन मिल्दैन पुरुषले ? के पुरुषमा कुनै भावना वा मन छैन ? सृष्टिका नियमलाई बचाउनका लागि निर्मित दुई भिन्न लिंगमाथि राजनीति कहिलेसम्म ? एउटाले अर्कालाई दबाउँदा को खुसी हुन सक्छ ? कसलाई फाइदा मिलेको छ ? गुणामाथि लगाइएको आरोपले गमन चोखिएको छ ? वा ऊ खुसीसाथ

संघर्षमा महिला



मोहम्मद अयुब

समाज

पछिल्ला केही महिनायता काठमाडौंमा पुरुषहरू सत्ताका लागि छिनाझप्टी गरिरहेका छन् भने महिलाहरू न्यायका लागि संघर्ष गरिरहेका छन् । एकातिर पुरुषहरू सत्ता समीकरणको जोड-घटाउमा व्यस्त छन् भने अर्कोतिर न्यायको संघर्षमा होमिएका महिलाहरू खाली हात घर फर्किन बाध्य भइरहेका छन् ।

म मधेसमा हुर्किएँ । मधेसका सार्वजनिक वृत्तहरू पुरुषले कब्जा गरेको पाएँ । महिलाको अस्तित्व शून्यबराबर थियो । सन् १९८० र ९० को दशकमा मधेसका हुनेखाने पुरुषहरू मात्रै केही कामका लागि काठमाडौं पुग्ने गर्थे । काठमाडौंमा व्यहोर्नुपर्ने अप्रिय अवस्था र व्यवहारका कारण यी पुरुषले आफ्नो अवमूल्यन र अपमान भएको ठान्थे । यी हुनेखाने मधेसी पुरुषलाई सहरका जोकोहीले पनि प्रहसनको पात्र बनाइदिन्थे । गाडीका चालकदेखि सहचालकसम्मले अपमानजनक ढंगले सम्बोधन गर्थे । यी पुरुष लाचार थिए र फर्जी शिष्टताभित्र अपमानलाई सहजै पचाइदिन्थे । तर, यो अपमान तीव्र क्रोधका साथ विस्फोट हुनु नै थियो र अन्ततः मधेस आन्दोलन भयो । र, जब यी पुरुषले सत्तामा आफ्नो हिस्सा पाए, तब यिनले पनि त्यही काठमाडौंका सत्तासीनहरूकै खेल खेल्न थाले । नतिजा महिला र अन्य उत्पीडित समुदाय अझै पनि मधेसमा उपेक्षित नै छन् ।

त्यसैगरी, युरोप-अमेरिकालगायत पश्चिमा जगत्मा पुगेका हुनेखाने पुरुषको अनुभव माथि उल्लेख गरिएका सन् १९८० र ९० का दशकमा काठमाडौं पुगेका हुनेखाने मधेसी पुरुषकैजस्तो देखिन्छ । ठुल्ठूला वैश्विक प्राथमिकताका विषयले पश्चिमा मुलुक पुगेकाहरूको अस्तित्वले कुनै महत्त्व नै पाएन । यहाँबाट गएकालाई बाँच्नकै लागि पश्चिमा अर्थतन्त्रले आच्छु-आच्छु पारिदियो । तीमध्ये केही पुरुष अहिले नेपाललाई महान् बनाउन घर फर्किएका छन् । बाँकी रहेकाहरू नेपाललाई महान् बनाउने अभिभारा लिएर फर्केकालाई वा नेपाललाई सुधार्ने योग्यता भएका अन्य योग्यका पक्षमा जोडतोडका साथ लागिपरेका छन् ।

नेपाललाई महान् बनाउने मोर्चाका हरेक (पुरुष) अगुवालाई समर्थकले देउता नै मान्छन् । यो नयाँ बनेको राजनीतिक मोर्चामा महिलालाई ढिम्किनै दिइन्न, अर्थात् यहाँ पनि अगुवा पुरुष नै छन् । एकछिनलाई यी पुरुष मुक्तिदाता र यिनको स्तुतिगानलाई विस्मृतिमा छोड्ने हो भने यही मोर्चामा अपवादका रूपमा उदाएकी सुमना श्रेष्ठजस्ता महिलालाई देख्न सकिन्छ, जो लोकतान्त्रिक पहलकदमीका थोरबहुत प्रयास गरिरहेका छन् । यो नयाँ राजनीतिक मोर्चा हेर्दा आधुनिकजस्तो लाग्छ । तर, यो मोर्चाले 'सामाजिक न्याय', 'मानव अधिकार' र अन्य 'लोकतान्त्रिक मान्यता'लाई विश्वशक्तिले आफ्नो अभिष्ट पूरा गर्न र नेपाललाई कमजोर बनाउने षड्यन्त्रकारी संयन्त्र देख्छन् । यौनहिंसाका दुई मामिलामा यो बुझाइ निर्लज्ज ढंगले व्यक्त भएको थियो । यो नयाँ मोर्चाका समर्थक जमातको ठूलो हिस्सा यौनहिंसाका आरोपित र अपराधीलाई अदृश्य विदेशी शक्तिले फसाएको हो भन्ने विश्वास गर्छ ।

'आरक्षणबाट श्रमबजार एवं सार्वजनिक क्षेत्रमा पुगेका महिला र सीमान्तकृत समुदायमा हुने अक्षमताले मुलुक आर्थिक रूपमा ओरालो लागिरहेको छ' भन्ने कथन सर्वव्यापी नै थियो तर कानेखुसीमा मात्रै सीमित थियो । यो कानेखुसीको भाष्यलाई अहिले खडा भएको नयाँ मोर्चाले ठूलो स्वरमै 'जान्ने' अर्थात् सक्षमता भएका व्यक्ति मात्रै शक्तिमा चुनिन वा नियुक्त हुनु योग्य छन् भनेर जोडतोडका साथ फैलाइरहेका छन् । तर, यो बुझाइ बुनयादी रूपमै समस्याग्रस्त छ ।

विश्व बैंकको चेन्जिङ वेल्थ अफ नेसन्स नामक प्रतिवेदनले सन् १९९५ देखि २०१७ सम्ममा नेपालको प्रतिव्यक्ति मानवीय पुँजी ३७ प्रतिशतले मात्रै बढेको छ । विभिन्न अर्थशास्त्रीका अनुसार आर्थिक वृद्धि एवं मानवीय समृद्धिका लागि मानवीय पुँजी आवश्यक पर्छ । यही आर्थिक वृद्धि एवं समृद्धि आकांक्षालाई पछ्याउन नेपाली जनता लामो समयदेखि संघर्षरत छन् । दक्षिण एसियामा मानवीय पुँजीको सबैभन्दा सुस्त वृद्धि नेपालमै देखिएको छ । यो अवधिभरमा श्रीलंकाको मानवीय पुँजी दुई सय एक प्रतिशतले बढ्यो त्यसैगरी भारत र बंगलादेशमा यो आँकडा क्रमशः एक सय ६२ र एक सय २२ रहेको छ । यसबाहेक पछिल्लो १० वर्षयता सिर्जना भएको ज्यालादारी रोजगारीको दुईतिहाइ हिस्सा पुरुषले ओगटेका छन् । अहिलेको बिग्रेको अवस्थालाई हेर्ने हो भने नेपालका श्रमिक पुरुषको कार्यक्षमतामा ह्रास आएको हो भन्न सकिने ठाउँ रहन्छ । तसर्थ पुरुषले आफूसँग बढी योग्यता वा सीप छ भन्ने ठाने पनि उत्पादन एवं सिर्जनाको निरपेक्ष क्षमताको कसीमा महिलाभन्दा पुरुष कुनै कोणबाट सक्षम छैनन् । यसका बाबजुद अहिले बनेको नयाँ मोर्चा देश-विदेशमा नेतृत्व लिन पुरुष नै सक्षम छ भन्नेमा पूर्ण विश्वस्त छ । दुःखका साथ भन्नुपर्छ, यो अवस्थामा राज्यको क्षमतामा सुधार ल्याउनुको साटो यो मोर्चा पुरुषलाई मात्रै स्थान एवं अवसर दिएर सब ठिकठाक छ भनेर पुष्टि गर्न लागिपरेको छ ।

राष्ट्रवाद भनेकै मर्दाङ्गी झल्काउने परिघटना हो । यद्यपि राष्ट्रवादका अभिव्यक्ति विविध छन् । 'राष्ट्रवादको उद्देश्य भनेकै महिलाको शरीरमा नियन्त्रण गर्नु' भारतका सन्दर्भमा पंकज मिश्राले गरेको यो विश्लेषणले नेपाली राष्ट्रवादलाई पनि मोटामोटी रूपमा समेट्छ । प्रधानमन्त्रीले उत्साहका साथ बलात्कार अभियुक्तसँग हात मिलाउनु र सर्वोच्च अदालतका न्यायाधीशले अभियुक्तलाई विदेश जाने गरी फुकुवा गर्ने आदेश दिनुले 'सक्षमता' भएका पुरुषलाई फसाइएको हो भन्ने भाष्यलाई नै प्रोत्साहन गरेको छ । अथवा यी 'सक्षम' अभियुक्त बलात्कारीको अपराध पुष्टि नै भए पनि राष्ट्रिय गौरवका खातिर कुनै कारबाही गर्नुहुँदैन । सत्ताधारीले विधिको शासनलाई असाधारण वा 'राष्ट्रको गहना' भनिएको व्यक्तिसँग साट्नुपर्ने अवस्था आउनु अत्यन्तै डरलाग्दो र अमानवीय अवस्था हो । वास्तवमा एक सुदृढ लोकतान्त्रिक समाजले जिम्मेवार लोकतान्त्रिक संस्थाको निर्माण गर्छ, जहाँ माथि उल्लेख गरिएका असाधारण भनिएका अभियुक्त कठघरामा उभिन्छन् ।

मर्दाङ्गीले ओतप्रोत मर्दमा महिलाको सहअस्तित्व र आकांक्षालाई स्विकार्ने इच्छाशक्ति नै छैन र यसले हाम्रो व्यवस्थालाई सधैं पछाडि धकेलिरहनेछ । वास्तवमा समृद्धिका लागि मर्दाङ्गीका गुण आवश्यक छन् भन्ने सोचबाट पुरुष मुक्त हुनुपर्ने समय आइसकेको छ । एक पुरुषले महिलाको अनुहारमा उर्दू कवि जौन इलियाको 'जो गुजारी ना जा सके तुम से, हमने वो जिन्दगी गुजारी है (तिमीले कल्पना नगरेको जीवन हामीले व्यतीत गरिसकेका छौं)' भन्ने शेर पढ्न सक्नुपर्छ । निश्चय नै महिला र पुरुषको विभेदका भिन्नता सधैं सजिलो वा अपेक्षाकृत नहुन सक्छन् । तर, सामूहिक समृद्धिको मार्ग यी भिन्नता पत्ता लगाउने र यिनको समाधान गर्नुमै निहित छ ।

(लेखक अयुब अध्येता हुन् ।)



> महिला कमजोर र निरीह बनेर पुरुषको अघिल्तिर मागिरहेको, गिडगिडाइरहेको र पुरुष भने सानका साथ पैसा फ्याँकेर ऐयासी गरिरहेको दृश्य पितृसत्तात्मक समाजले निकै रुचाउने दृश्य हो



> मधेसका सार्वजनिक वृत्त पुरुषले कब्जा गरेको पाएँ । महिलाको अस्तित्व शून्यबराबर थियो । सन् १९८० र ९० को दशकमा मधेसका हुनेखाने पुरुषहरू मात्रै केही कामका लागि काठमाडौं पुग्ने गर्थे । काठमाडौंमा व्यहोर्नुपर्ने अप्रिय अवस्था र व्यवहारका कारण यी पुरुषले आफ्नो अवमूल्यन र अपमान भएको ठान्थे ।

धारणालाई नै पक्षपोषण गर्छ । गीतले हुबहु यही धारणा बोकेको छ ।

आफ्नो शरीरलाई प्रयोग गरेर म्युजिक भिडियोमा अवसर पाउनु, दर्जनौं पुरुषहरूको खिचानीको दृश्यसँगै 'सस्ती सकम्बरी, सबैकी सकम्बरी'जस्ता म्यागजिनहरू छापिनु र बदनाम हुने सिलसिला उत्कर्षमा पुग्दै गर्दा राजनीतिको द्वार खुल्नुले नेपाली राजनीतिमा यस्तै महिलाहरूको खोजी गरिन्छ भन्ने दृश्यलाई उतारिरहेको भान हुन्छ । यसले राजनीतिमा महिलाहरूको प्रवेशलाई पनि सकेजति बदनाम गरेको छ ।

आखिर गीतकारको आशय के हो ? राजनीतिमा प्रवेशका निम्ति महिलाले यो बाटो अपनाउनैपर्छ भन्ने हो ? जो राजनीतिमा आबद्ध छन्, उनीहरू यही बाटो भएर आएका हुन् त ? महिला उपभोक्तावादी बजारका सस्ता माल हुन् भन्ने सन्देश त छँदै छ, सँगसँगै सार्वजनिक स्पेसमा उभिएका महिलाहरू पुरुषलाई खुसी पार्न यौनधन्दा चलाएर अघि बढेका हुन्छन् भन्ने भाष्य पनि यसले निर्माण गरिरहेको छ । सामाजिक स्पेस महिलाहरूका निम्ति कम जोखिमपूर्ण छैन । तर, सचेत र सक्षम महिलाहरूले त्यस्ता अवरोधलाई भत्काएर कडा संघर्षका साथ अघि बढेका कैयौं दृष्टान्त छन् । विद्रोह गरेका उदाहरण छन् । ती किन लेखिँदैनन्, गाइँदैनन् र देखाइँदैनन् ? किनकि, महिलाको आँसुको कथाव्यथा बिक्ने बजारमा विद्रोह स्वीकार्य हुँदैन । समाजमा विद्रोह वर्जित छ ।

म आफैं पनि सामाजिक विमर्शको क्षेत्रमा सहभागी भएको हुँदा अझै कठोर चुनौती र निकृष्ट प्रवृत्तिको सामना गर्नुपरेका थुप्रै अनुभव छन् । कामको सिलसिलामा जाँदा महिलाको वैचारिक पक्षलाई स्वीकार नै नगर्ने र बहस छलफल गर्न तयार नहुने तर शारीरिक आवरण र अनुहारको प्रशंसा गर्न कुनै कसर बाँकी नछोड्ने अनि भेटेको अर्को दिनबाट विभिन्न बहानामा व्यक्तिगत सम्बन्ध बनाउन कसरत गर्न थाल्ने असंख्य अनुभव छन् । सायद अन्य महिलाका पनि यस्तै अनुभूति छन् । यद्यपि म त्यस्ता प्रवृत्तिसँग भीषण संघर्ष गर्दै अघि बढिरहेकै हुन्छु ।

आफ्नै अनुभवका आधारमा पनि भन्न सक्छु । यस्ता कैयौं महिला छन्, जो आत्मसम्मान बोकेर महिलालाई मान्छे नगन्ने समाजमा आफ्नो भागको लडाइँ निस्फिक्री लडिरहेका छन् । प्रकाश सपुतका आँखा महिलाका यौनजन्य गतिविधिको वरिपरि फन्को मार्नुको अतिरिक्त ती महिलामा किन परिरहेका छैनन् ?

अभावमा महिलाहरू शरीरको कारोबार मात्रै गर्दैनन्, अन्य श्रम पनि गर्छन् । नदीकिनारमा तातो बालुवा चालिरहेका, पिठ्युँमा सन्तान राखेर टाउकोमा ढुंगा बोकिरहेका र कठिन श्रममा खटिएर सामाजिक संरचनाको पिँधमा पिल्सिएका महिलाहरूको दैनिकीतिर उनी किन पुग्दैनन् ?

पितृसत्तात्मक समाजको लय

पितृसत्तात्मक समाजले महिलालाई निरीह देख्न रुचाउँछ । उसको दुःख देखेर आँखा रसाउँछ पनि । तर, जब उसले आँसु पुछेर आफूलाई सताउनेहरूलाई खबरदार भन्न थाल्छे, तब यो समाज भड्किन थाल्छ । उसलाई अस्वाभाविक र अश्लील देख्न थाल्छ । महिला कमजोर र निरीह बनेर पुरुषको अघिल्तिर मागिरहेको, गिडगिडाइरहेको र पुरुष भने सानका साथ पैसा फ्याँकेर ऐयासी गरिरहेको दृश्य पितृसत्तात्मक समाजले निकै रुचाउने दृश्य हो ।

> महिलाले अवरोधलाई भत्काएर कडा संघर्षका साथ अघि बढेका कैयौं दृष्टान्त छन् । विद्रोह गरेका उदाहरण छन् । ती किन लेखिँदैनन्, गाइँदैनन् र देखाइँदैनन् ? किनकि, महिलाको आँसुको कथा-व्यथा बिक्ने बजारमा विद्रोह स्वीकार्य हुँदैन । समाजमा विद्रोह वर्जित छ ।

पुरुषलाई पैसाले महिलाको रात किन्न सक्ने धनाढ्य अनि महिलालाई भने पैसाकै निम्ति प्रत्येक रात आफूलाई बेचेर ओछ्यान बदल्दै हिँड्ने, पुरुषकै इसारामा नाच्दै हिँड्न विवश पार्ने, बाला, झुम्कासमेत पनि पुरुषले किन्दिनुपर्ने, अझ त्यसलाई पनि अपराधीकरण गरेर पापको भागिदार बनाई निरीह र विवश पारिएका दृश्यहरू पितृसत्ता रुचाउने हरकोहीले सानदार रूपमा मनोरञ्जन लिने दृश्य हुन् ।

पितृसत्ता स्वयं महिलाहरूभित्र पनि भएको हुँदा यो गीत पितृसत्ता रुचाउने र दास मनोवृत्तिबाट माथि उठ्न नसकिरहेका महिलाहरूको छनोटमा परिरहेको छ । किनकि, अधिकांश महिलाको चेतना आज पनि झुम्का, बुलाकी, पाउजु महिलाले लगाउनुपर्छ र ती श्रीमान् या अरू कुनै पुरुषले किनिदिन्छ भन्ने चेतनामै अल्झिरहेको छ । अर्कोतर्फ पृष्ठभूमिमा महिलालाई विद्रूप पारिरहेको संगीत बजाएर बाहिर महिलाको पीडा बोलेजस्तो घुमाउरो शैलीले धेरैलाई भ्रमित पनि पारेको छ । धेरैलाई लागेको छ, यो महिला पीडाको गीत हो । महिलालाई बजारमा बिक्री गर्न राखेको हाटबजारको वस्तु बनाइएको चित्र आममहिलाको नजरले छिचोल्न नसकिरहेको अवस्था छ ।

म अनुरोध गर्छु । प्रिय महिलाहरू !

पुँजीवादी बजारमा हाम्रो आत्मसम्मान, स्वाभिमान र स्त्री हुनुको स्वत्वलाई कुरूप बनाएर बिक्री गरिरहेका कोही व्यावसायिक गायकले भनेकै आधारमा हामी कमजोर र परनिर्भर प्राणी होइनौं । बरु हामीलाई आत्मनिर्भर र स्वावलम्बी हुन रोकिएको छ । हामी हाम्रा आवश्यकताका सामग्री आफैं किन्ने सामर्थ्य राख्छौं र राख्दैनौं भने पनि राख्ने अवस्था भित्र्याउनका निम्ति लडिरहन्छौं ।

पितृसत्ताको मनोविज्ञानलाई बुझौं । दासत्वबाट माथि उठौं र अस्तित्वबोध गरौं । हाम्रो अस्तित्वको हुर्मत लिइने गीत-संगीत र साहित्यहरूको पहिचान गरौं ।

अरूभन्दा केही फरक सिर्जना गरेर चर्चा कमाउन माहिर गायक हुन्, प्रकाश सपुत । उनी यो उपभोक्तावादी बजारको मनोविज्ञान राम्रैसँग बुझ्छन् र बजारमा के चल्छ, त्यसको लयमा बग्न जान्दछन् । महिला छापामारलाई यौनको विक्रेता र पुरुष छापामारलाई खरिदकर्ता देखाइएको 'पिर' होस् या अहिलेको 'सकम्बरी', यी दुवै त्यसकै परिणाम हुन् । समाजमा विद्यमान वर्गीय शोषण, उत्पीडन र दमनको अन्त्य गर्ने उद्देश्य बोकेर सुरु गरिएको तत्कालीन जनयुद्धमा नेतृत्वको सत्तारोहणपश्चात् कार्यकर्ता र छापामारहरूको सही व्यवस्थापन हुन नसक्दा कतिपय योद्धाहरूको जिन्दगी कहालीलाग्दो अवस्थामा पुगेको दृश्यलाई यथार्थ भनेर समाजमा एक हदसम्म स्वीकृत पनि गरियो । तर, उनको यात्रा त्यतिमा मात्रै नरोकिएर आज महिलालाई हाटबजारमा बिक्री गर्न राखिएको सार्वजनिक वस्तुको रूपमा चित्रण गर्ने सकम्बरी निर्माणसम्म आइपुगेको छ ।

महिलाको यत्रो अपमानका बाबजुद पनि उनका समर्थकहरूले उनलाई वर्गसंघर्षको चेतनासहितका गायक भनी वाहवाही गरिरहेको दृश्यले हाम्रो समाजको पितृसत्तात्मक मनोवृत्ति राम्रैसँग प्रदर्शन गरिरहेको छ ।


के वर्गसंघर्ष र पितृसत्ताविरुद्धको लडाइँ फरक-फरक लडाइँ हो ? यदि उनी साँच्चै वर्गीय चेतनासहित पितृसत्ताको लर्यविरुद्धका गायक हुन्थे भने 'झुम्का कल्ले किन्दियो' होइन, बरु तिमीलाई यहाँ कसले ल्याइपुऱ्यायो, यति विवश कसले बनायो भनेर गीत गाइरहेका हुन्थे । महिलालाई होइन, बरु महिलाको शरीर लिलाम गर्न बसेको बजारलाई प्रश्न गरिरहेका हुन्थे ।

सुनौलो भविष्यको प्रलोभन देखाएर यौनशोषण गर्नेले 'भिक्टिम'सँग जवाफदेहिता माग्ने नैतिकता राख्छ ? उनी साँच्चै त्यो क्षेत्रका महिलाको पीडासँग एकाकार हुन्थे र त्यसलाई मनबाटै चित्रण गर्न चाहन्थे भने 'कल्ले किन्दियो', 'बैंस कतिन्जेल चल्छ', 'यो दलदलमा अझै कति', 'लाज लाग्दैन', 'पाप लाग्ला' जस्ता शब्दले अपमान गर्नुको साटो फूलमायालाई सकम्बरीको यात्रा तय गर्न बाध्य पार्ने आफ्नै अपराधमाथि पश्चात्ताप गर्थे ।

यो सामाजिक संरचनाले महिलालाई बजारसम्म धकेलिन बाध्य बनाएको छ । बजारले मूल्य टाँगेर बिकाउ सामानको रूपमा प्रस्तुत गरेको छ । फेरि अर्काथरी त्यही चित्र उतार्ने बहानामा दुःखका कथाव्यथामा रङरोगन गरी चित्र चरित्र कोरेर महँगो मूल्यमा बजारमा बिक्री गर्छन् । किनकि, बजारले महिलाका दुःख, वेदना र अपमानका कथालाई महँगो मूल्यमा खरिद गर्छ ।

तसर्थ सकम्बरी महिलामाथिको उपहास हो । पुरुष अहंकारको क्षुद्र अट्टहास हो । आत्मसम्मानमाथिको नग्न ताण्डव हो । यो गीत समाजको यथार्थ चित्रण नभएर महिलालाई विवश र लाचार देखाइने पितृसत्तात्मक मनोवृत्तिबाट निर्देशित मुनाफा कमाउने एउटा प्रयोजन मात्र हो ।

ओ गायकहरू ! कला-साहित्य र गीत-सङ्गीतको नाममा महिलाका यौनांगमाथि भद्दा मजाक गरी विवशताका कथाहरूको व्यापार अझै कति गरिरहन्छौ ?



> आमा पुस्ताका महिलाको वास्तविक जीवन भोगाइलाई कथा बनाएर उपन्यासकारले लेखेकी छिन् । केवल छोरी जन्माउने रहरमा पाँचौं सन्तान जन्माएर कमजोर बनिसकेकी गुणाको कथालाई तत्कालीन समयको प्रतिनिधि नारीपात्रको सजीव चित्र उनले उतारेकी छिन् ।

निदाउन सकेको छ ? समाजमा कोही मान्छे भेट्नेबित्तिकै किन तर्कनुपरेको छ उसले ?

शिक्षा एकातिर, व्यवहार अर्कोतिर किन हुन्छ ? किन एक्स र वाई क्रोमोजमको मिलनको अन्तरबाट प्राकृतिक लिंग निर्धारण हुन्छ, त्यसमा एउटै मात्र क्रोमोजम बोक्ने महिलाको कुनै दोष हुन्न भन्न सक्दैन गमन ? उसलाई थाहा हुँदाहुँदै पनि किन पत्नीसँग समेत सेयर गर्दैन यो विचार ? गुणा थोरै पढेकी भएर पनि नर्सले भनेकै आधारमा यस विषयमा प्रस्ट हुँदा किन ऊ आँखा चिम्लिदिएर समाजका आरोप र प्रत्यारोप सुनिरहन्छ ? आफ्नी श्रीमतीले दशधारा आँसु बगाएर छोरी जन्माउन नसकेको आरोप खेपिरहँदा उसको मन शान्त छ र ? तर किन, कसैलाई केही जवाफ दिनु त परको कुरा यसमा ऊ निर्दोष छे भन्ने महसुस गरेर तथ्यगत मलम लगाउने चेष्टा पनि गर्दैन ?

यस्ता अनेक प्रश्न त्यसै उब्जिएका छैनन् । यसमा गमनको व्यक्तिगत कमजोरी पनि छैन । न त गुणाको कुनै गुनासो नै सुनिदिने कोही छ । केवल छ त पितृसत्ताले निर्माण गरेको धारणा र त्यसबाट उम्किन नसकेका गमनजस्ता पुरुषको मनस्थितिको दोष । ऊ केवल पितृसत्तात्मक समाज-व्यवस्थालाई शिरोपर गर्ने प्रतिनिधि पुरुष पात्र हो । पुरुषकै हितमा निर्माण गरिएको पितृसत्तात्मक व्यवस्थाले नारीमाथि शासन आजसम्म पनि गरिरहेकै छ । आमा पुस्ताका महिलाको वास्तविक जीवन भोगाइलाई कथा बनाएर उपन्यासकारले लेखेकी छिन् । केवल छोरी जन्माउने रहरमा पाँचौं सन्तान जन्माएर कमजोर बनिसकेकी गुणाको कथालाई तत्कालीन समयको प्रतिनिधि नारीपात्रको सजीव चित्र उनले उतारेकी छिन् ।

आफूले सबैभन्दा माया गरेकी छोरीलाई समेत सौता भित्र्याएर ज्वाइँको वंश विस्तार गर्ने प्रपञ्च रच्ने गुणाका बुबा यही समाजका पितृसत्ताका पक्षधर प्रतिनिधि पात्र हुन् भने छोरीको माया हुँदाहुँदै लोग्नेको कुरालाई काट्न नसक्ने गुणाकी आमा केवल पितृसत्ताकै कठपुतली, निर्णयहीन, दयनीय र विवश आमा हुन् । गुणाको सासूससुराका लागि छोराको वंशभन्दा ठूलो बुहारीको स्वास्थ्य कहिल्यै हुन सकेन । एकातिर माइतीका लागि नाति जन्माइदिन नसक्ने निरीह छोरीका रूपमा चिनिएकी गुणा अर्कोतिर सासूससुराका लागि वंश विस्तार गर्न नसक्ने बुहारीका रूपमा, लोग्नेका लागि अनिर्णयकी बन्दी प्रजनन मेसिनका रूपमा, समाजका लागि केवल छोरा जन्माउन नसक्ने र सौता भित्र्याउन पनि नसक्ने कलंक नारीका रूपमा चिनिइरहिन् ।

छोरीले छोरा जन्माइदिँदा खुसीले रमाएको गमन समाजले उसको वंश विस्तार नभएको प्रस्ट पारिदिएपछि बिह्वल बनेको छ । उसले न त आफूले दोस्रो श्रीमती बिहे गर्दैमा छोरै जन्मन्छ भन्ने रुढीवादी सोच हो भनेर परिवारसँग विरोध गर्ने साहस गऱ्यो, न त श्रीमतीलाई छोरीछोरी पाएको आरोपमा गलहत्याएर घरबाट निकाल्ने दुष्क्रयासै गर्न सक्यो । ऊ यसो गर्न सक्दैन, किनकि प्रजननसम्बन्धी ज्ञान पनि उसैसँग छ, समाजमा भएका विकृति र विसंगतिको ज्ञान पनि उसैसँग छ, छोरा जन्माउनमा कुनै योगदान पुऱ्याउन नसक्ने ज्ञान पनि उसैसँग छ, समाज तथा परिवारले दिएको दबाब व्यर्थ हो भन्ने पनि ज्ञान छ । सबै कुराको ज्ञान हुँदाहुँदै ऊ किन विक्षिप्त छ ? किन कसैको विरोध गर्न वा समर्थन गर्न नै सकिरहेको छैन ? भन्ने प्रश्नै प्रश्नबीचमा उपन्यासका कथावस्तु मार्मिक ढंगले बुनिएका छन् ।

उपन्यासले पितृसत्ताले निर्माण गरेको अवधारणाबाट पिल्सिएर बाँच्न विवश परिवारको वास्तविक कथालाई सरल र स्पष्ट ढंगले चित्रण गरेको छ । पाठकको आँखा नै तिरमिराउने मसिना अक्षर र पुनरावृत्ति, झिनामसिना कुराको अनावश्यक वर्णन, आदर र अनादर तथा तिर्यकीकरणको प्रयोगमा देखिएका भाषिक त्रुटि आदिले उपन्यासप्रतिको एकाग्रतालाई भत्काउने देखिए तापनि सुदूरपूर्वको बिम्बलाई स्पष्ट उतार्न सक्ने सामर्थ्य यस उपन्यासले राखेको छ ।

पितृसत्ताले नारी मात्रै होइन, पुरुषसमेत पीडित भएको सन्दर्भलाई उठान गरेको यस उपन्यासले अबको समाज नारी र पुरुषबिचको लैंगिक विभेदको खाडलमै जाकिएर बसिराख्ने होइन, दुवैले दुवैको समान अस्तित्वलाई सकारेर काँधमा काँध मिलाएर अघि बढ्नुपर्ने सन्देश दिन सफल भएको छ । पितृसत्तालाई नै मलजल गरिरहने महिलाका कारणले पितृसत्ता बाँचिरहेको हो वा पुरुषका कारणले ? भन्ने मुख्य सवाल यस उपन्यासले उठाएको छ । उपन्यासकारको लेखनी अझ मौलाउँदै जाओस् भन्ने शुभेच्छा छ ।



मेरो सपनाको सहर

धरान सहर

तपाईं महलमा बस्नुहुन्छ, तर रुँदै बस्नुहुन्छ भने त्यसलाई विकास भनिँदैन । तर, तपाईं ठिकठिकैको घरमा बस्नुहुन्छ, हाँसीखुसी बस्नुहुन्छ भने त्यो हो विकास । म धरानलाई त्यस्तै बनाउन चाहन्छु ।

मेरो प्राथमिकता

धरान उपमहानगरमा अहिलेको प्राथमिकता खानेपानी नै हो । यो आधारभूत आवश्यकता हो । यसका लागि निर्वाचित भएयता भिडिरहेकै छु । त्यसअघि पनि मेरो चुनावी मुख्य नारा खानेपानी नै थियो । यसबाहेक स्वास्थ्य, शिक्षा र पर्यावरण बचाउने कार्यमा पनि हाम्रो चासो छ । हामीले झन्डै १३ लाखभन्दा बढी बिरुवा रोपेका छौं । जर्जर र मरुभूमिजस्तै बनेका कतिपय ठाउँलाई खेतीयोग्य बनाएका छौं । यसबाहेक भौतिक पूर्वाधारतर्फ हामीले सडकलाई प्राथमिकतामा राखेका छौं ।

धरानभित्र निकै विकट गाउँ पनि छन्, तिनलाई सुरुमा सडक सञ्जालले जोड्न आवश्यक छ । त्यस्तै विद्यालय भवन, पुलपुलेसा, खानेपानीका पूर्वाधारलगायत निर्माण कार्य जारी छ । हाम्रो बजेट धेरै चालूमै खर्च भइरहेको हुन्छ । हामीले यो वर्षको बजेटमा सडकलाई सबैभन्दा धेरै प्राथमिकतामा राखेका छौं । र, मेरो तर्फबाट नराम्रो काम हुन्न भन्नेमा पनि प्रतिबद्ध छु । नगरवासीले चाहेको र वस्तुगत आवश्यकताको काम हामीले गरिराखेका छौं ।

हालसम्म २३ हजार घरधुरीमा खानेपानी वितरण भइसकेको छ । करिब एक लाख घरधुरीमा यो वर्षभित्र खानेपानी लैजाउने हाम्रो योजना छ । त्यसका लागि जनश्रमदान र अनुदान संकलन पनि गरेका छौं । देशका विभिन्न ठाउँबाट स्वस्फूर्त ढंगले मानिसहरू आएर सहयोग गर्नुभएको छ । छिटो विकास गर्नुछ भने जनश्रमदान सबैभन्दा महत्त्वपूर्ण छ । सरकारको शैली र प्रक्रियाअनुसार काम गर्न खोज्यो भने ढिलो हुने रहेछ । हालसम्म धरानमा १२ करोड रकम खानेपानीका लागि जुटिसकेको छ । यो पैसा खानेपानीका पाइप, ट्यांकी, मोटरलगायत खर्च भएको छ । त्यसकारण श्रमदान भन्ने कुरा महत्त्वपूर्ण हो भन्ने लाग्छ ।

सपनाको धरान

धरानलाई म आधारभूत आवश्यकता परिपूर्ति भएको सहर बनाउन चाहन्छु । जस्तै- खानेपानीको हाहाकार थियो, म आएपछि सहज भएको छ । आधारभूत आवश्यकतामा हाम्रो जोड छ । त्यसपछि आर्थिक, सामाजिक र अन्य विकासका कुरा आउँछन् । मेरो परिकल्पना र योजनाअनुसार धरानका हरेक युवा दुर्व्यसन मुक्त हुने र उसलाई आफू पालिन सक्ने र परिवार पाल्न सक्ने बनाउनेतर्फ मेरो चासो छ । समग्रमा हेर्दा भौतिक, आर्थिक र सामाजिक सबै किसिमको विकास भएको धरान हामीले बनाउन चाहेका हौं ।



हर्क साम्पाङ
योजना

विकास भन्नेबित्तिकै हामीले बाटो, भ्यु टावर र अन्य संरचना हेर्छौं । तर, जनजीविकासँग जोडिएका काम गर्दैनौं । म अग्ला-अग्ला भ्यु टावर बनाउने काम गर्दिनँ । जनताले प्रत्यक्ष राहत महसुस गर्ने काम मेरो प्राथमिकतामा रहनेछन् ।

अहिले पदमा पुग्दा म थप जिम्मेवार भएको छु । धरान मात्रै होइन, देशकै लागि केही गर्नुपर्छ भन्ने चेनता आएको छ । हामी हजारौंको संख्यामा कुनै स्वार्थविना विकट ठाउँमा श्रमदान गर्न गइरहेका छौं । अहिले धरानमा जनश्रमदानको लहर नै आएको छ । यसले पूरै देशलाई नै जनश्रमदान आवश्यक छ भन्ने सन्देश दिएको छ । आफैंले योगदान गरेर देश बनाउनुपर्छ भन्ने मेरो धारणा हो । धरानमा अहिले ठूलो परिवर्तन आएको देख्छु । पहिले मानिस यसरी मेयर हिँड्दा सहयोग गर्न खासै आउँदैनथे, अहिले ओइरो लाग्छ । नगरबाहिरका व्यक्ति पनि आउनुभएको छ । हामीले अहिले धरानलाई थप सफा र व्यवस्थित बनाइसकेका छौं ।

विदेश जाने युवालाई रोक्छु

मैले युवालाई रोक्न उद्योग खोल्न सुरु गरेको छु । जहाँ हजारौं युवाले रोजगार पाउँछन् । केहीले पाइसकेका छन् । हाल साबुन फ्याक्ट्री सञ्चालनमा आएको छ । त्यस्तै बेसार प्रशोधन गर्ने मेसिन खोल्दै छु । कपास प्रशोधन गर्ने फ्याक्ट्री पनि खोल्ने योजना छ । तर, हामीसँग पर्याप्त रकम छैन । त्यसैले केन्द्रीय सरकारसँग अनुदान माग गर्न आएका छौं ।

म भ्युटावर बनाउँदिनँ

विकास भन्नेबित्तिकै हामीले बाटो, भ्युटावर र अन्य संरचना हेर्छौं । तर, जनजीविकासँग जोडिएका काम गर्दैनौं । त्यसकारण मेरो प्राथमिकता मानिसको दैनिक जीवनलाई सहज बनाउनु हो । यसअघि मैले उद्योग खोल्छु भन्दा मुद्दा पनि लगाइएको थियो । तर, म जनतालाई रोजगार प्रदान गर्ने र उनीहरूको जीविका सहज बनाउने कार्यबाट पछि हट्दिनँ । धरानमा जे-जति विकासका काम हुन्छन्, ती सबै धरानवासीले महसुस गर्ने गरी हुन्छन् । तर, म अग्ला-अग्ला भ्यु टावर बनाउने काम गर्दिनँ । जनताले प्रत्यक्ष राहत महसुस गर्ने काम मेरो प्राथमिकतामा रहनेछन् ।

धरानलाई पर्यटकीय सहर बनाउँछु

पर्यटन क्षेत्रमा राज्यले लगानी गर्न आवश्यक छ । यसका केन्द्रीय सरकारको चासो हुनुपर्छ । धरानमा हामीले पदमार्ग विस्तार, प्राकृतिक पार्क विस्तार, धार्मिक पर्यटन विस्तारलगायत कार्यतर्फ ध्यान दिएका छौं । यसबाहेक होटेलहरूलाई पनि व्यवस्थित गर्ने हाम्रो योजना छ । यसबाहेक धरानका केही क्षेत्रमा अस्तव्यस्त सहरीकरण भएको छ । तर, जहाँ कम जनसंख्या र बस्ती छ, त्यसमा टाउन प्लानिङ गरेर हामी नयाँ सहर बनाउँछौं ।

स्थानीय सरकारको कुरा केन्द्रले सुन्नुपर्छ

स्थानीय सरकारलाई केन्द्रले दिएको अधिकार न्यून छ । विकेन्द्रीकरण भन्छौं, तर राज्य केन्द्रीकृत नै भएर चलिरहेको छ । त्यसकारण केन्द्र सरकारले स्थानीय सरकारका कुरा सुन्नुपर्छ । किनकि स्थानीय सरकार जनताको घरदैलोमा पुग्छ । यो सरकार जति व्यवस्थित र जनताका पिरमर्का बुझ्न सक्ने किसिमको भयो, त्यति नै राम्रो हुन्छ । यदि हाम्रो कुरा सुनेन भने केन्द्र सरकार किन चाहियो ? हामी विद्रोह गर्छौं । हामीलाई स्वयत्तता दिनुपर्‍यो ।

विकास भन्ने कुरा मनको अवस्था हो । तपाईं महलमा बस्नुहुन्छ, तर रुँदै बस्नुहुन्छ भने त्यसलाई विकास भनिँदैन । तर, तपाईं ठिकठिकैको घरमा बस्नुहुन्छ, हाँसीखुसी बस्नुहुन्छ भने त्यो हो विकास । अर्कोतर्फ भौतिक विकासले मानिस कतिसम्म खुसी हुने भन्ने कुरा पनि छ । त्यसैले सबै कुरालाई जोडेर हेर्नुपर्छ । मैले सोचेको सपनाको सहर मानिसले महसुस गर्न सक्ने र मानवीय विकास भएको ठाउँ हो । म धरानलाई त्यस्तै बनाउन चाहन्छु ।

(शिवहरि घिमिरेसँगको कुराकानीमा आधारित)

गरिबीले छेकेन सपना



विपन्न परिवारमा जन्मिएका अर्जुन कुमाल क्रिकेटमा नयाँ पुस्ताका आसलाग्दा खेलाडी हुन्

उत्कृष्ट खेलेबापत अर्जुनले भारतमा १० लाखसम्मको छात्रवृत्ति अफरसमेत पाए । तर, मेघबहादुर चाहन्थे-छात्रवृत्ति पाएर छोरा भारतमै नहराओस् । अर्जुन पनि बुबाले सोचेजस्तै स्वदेशमै क्रिकेट खेल्न चाहन्थे । त्यसपछि अर्जुनले निरन्तर अभ्यास गरिरहे ।



टोपलाल अर्याल
sathitoplal20@gmail.com
खेल

एक महिनाअघि आयोजना गरिएको आइसिसी यू-१९ पुरुष विश्वकप छनोट प्रतियोगितामा उत्कृष्ट ब्याटिङ गरेर गुल्मीका अर्जुन कुमालले विश्वभर चर्चा बटुले । गुल्मी छत्रकोट-५ खर्ज्याङका उनी बुबा मेघबहादुर कुमालसँग भारतमा हुर्किए ।

अहिले ४२ वर्ष पुगेका मेघबहादुरले गाउँ छाड्दा उनी १३ वर्षका थिए । मेघबहादुरका बुबा टोपबहादुर कुमाल दमका रोगी थिए । आम्दानीको गतिलो स्रोत थिएन । रोगजारीको अरू उपाय पनि थिएन । गाउँमा महिलाहरू मेलापात र पुरुषहरू भारी बोक्थे । गाउँ छोडेर परदेश पस्नेहरूकै भिडमा मेघबहादुर पनि भारत पसे । गरिबीले परदेश घचेटेपछि मेघबहादुरले दुई कक्षाभन्दा माथि पढ्न पाएनन् । बाबा-आमाको सपना र खुसी खोज्न गाउँ छोडेका मेघबहादुरले २६ वर्ष भारतमा बिताए ।

मेघबहादुरको घर अहिले जीर्ण बन्दै गएको छ । दुःखले घेरेको मेघबहादुरको अनुहारमा अहिले केही खुसी देखिन थालेको छ । छोरा अर्जुनले क्रिकेटमा राम्रो प्रगति गरेपछि मेघबहादुर सम्मान लिन अहिले गाउँ आएका छन् ।

अर्जुनले गरिबीका कारण सानैमा भारतका गल्लीमा थुप्रै संघर्ष गरे । अहिले पनि उनी भारतको चस्मा फ्याक्ट्रीमा काम गर्छन् । 'गाउँमा बूढीआमा मात्रै हुनुहुन्छ । भारतमा छोराकै लागि मजदुरी गरिरहेको छु,' मेघबहादुर भन्छन्, 'मैले आमाको दुःख घटाउन अझै सकिनँ । छोराले परिवार र देशका लागि राम्रो काम गर्न सकोस् ।'

खर्ज्याङमा करिब एक सय धुरी कुमाल छन् । निर्वाचनका वेला खर्ज्याङका कुमाल समुदायको भोट महत्त्वपूर्ण मानिन्छ । तर, अहिलेसम्म यहाँका कुमालहरूको भोट नेताहरूलाई सत्तामा पुऱ्याउने भऱ्याङ मात्रै बनिरहेको छ । कुमाल परिवारको जीविकोपार्जनको स्तर उकास्न राज्यले उल्लेखनीय काम गरेको देखिन्न ।

भारतमै हुर्किएका मेघबहादुर क्रिकेटमा खुब रुचि राख्थे । उनलाई क्रिकेट खेल्न मन लाग्थ्यो । तर, दर्शकमै सीमित हुन्थे । अर्जुन हुर्किँदै गए र उनको रुचि पनि क्रिकेटमै देखियो । त्यसपछि मेघबहादुरले सोच्न थाले, 'मेरो अधुरो सपना छोराले पूरा गरोस् ।' मेघबहादुरले फुर्सद हुनेबित्तिकै छोरालाई पार्कहरूमा लगेर क्रिकेट खेलाउन थाले । अर्जुनले पनि मिहिनेत गरे । स्कुल र स-साना प्रतियोगितामा अर्जुनले उत्कृष्ट प्रदर्शन गर्न थाले । उत्कृष्ट खेलेबापत अर्जुनले भारतमा १० लाखसम्मको छात्रवृत्ति अफरसमेत पाए । तर, मेघबहादुर चाहन्थे-छात्रवृत्ति पाएर छोरा भारतमै नहराओस् । अर्जुन पनि बुबाले सोचेजस्तै स्वदेशमै क्रिकेट खेल्न चाहन्थे । त्यसपछि अर्जुनले निरन्तर अभ्यास गरिरहे । 'मैले सुविधाभन्दा मातृभूमि सम्झिएँ । छोराले पनि नेपालमै खेल्ने इच्छा देखायो,' उनले भने, 'अहिलेसम्म खेलमा नराम्रो भएको छैन ।'

अर्जुन सन् २०१९ मा १३ वर्षको उमेरमा थाइल्यान्डमा आयोजित यू-१६ क्रिकेटमा नेपालको तर्फबाट पहिलोपटक सहभागी भए । त्यसपछि काठमाडौंमा प्रधानमन्त्री कप खेले । सो खेलमा गरेको उत्कृष्ट प्रदर्शनका कारण क्याम्पमा सहभागी भएर तालिम गर्ने अवसर पाए । सन्दीप लामिछानेको कप्तानीमा काठमाडौं मेयरकप, इपिएल, यू-१९ एसियाकप, युएई आइसिसी यू-१९ पुरुष विश्वकप छनोट प्रतियोगिताहरू खेले ।

अर्जुन अहिले कक्षा ११ मा अध्ययन गरिरहेका छन् । खेलका कारण पढाइ नियमित हुन नसकेको उनी बताउँछन् । त्यसमाथि खेल शुल्क, तालिम शुल्क, यातायात तथा खाना खर्च परिवारले व्यहोर्नुपर्छ । 'नेपाल आउ-जाउ गर्दा र विभिन्न शुल्क जोड्दा वर्षमा डेढदेखि दुई लाखसम्म खर्च हुन्छ । बाबाको कमाइले मात्रै पुग्दैन,' अर्जुनले भने, 'सुविधाभन्दा मातृभूमि सम्झिएर खेलिरहेको छु ।' गाउँ-गाउँमा राम्रो संरचना र प्रशिक्षक भए नेपालले क्रिकेटमा धेरै राम्रो गर्न सक्ने अर्जुन बताउँछन् । अर्जुनलाई यो अवस्थासम्म ल्याउन परिवारसँगै भारतीय प्रशिक्षक प्रदीप कोचर, नवलपरासीका राहुल शर्मा र पोखराका जिम्मी गुरुङ र रिजन पराजुलीको ठूलो देन रहेको उनी बताउँछन् ।

छत्रकोट गाउँपालिकाले अर्जुनलाई सम्मान गरेको छ । गाउँपालिकाले आइसिसी यू-१९ पुरुष विश्वकप छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको भन्दै अर्जुनलाई नगद ५० हजार रुपैयाँसहित सम्मान गरेको छ । गाउँपालिका प्रमुख रामप्रसाद पाण्डेयसहितको टोलीले अर्जुनलाई नगदसहित सम्मान गरेको हो । पालिका प्रमुख पाण्डेयले अर्जुनको अध्ययन तथा खेलक्षेत्रको विकास र घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धतासमेत जनाएको छ ।

पिरका पदयात्रीहरू



विनोदविक्रम केसी
gkcbinodbikram@gmail.com

कविता

भाउन्निँदै, हुत्तिँदै, पछारिँदै
लरबराउँदै, धरमराउँदै, फनफनाउँदै
पिरका पदयात्रीहरू
कैयौं दिन हिँडेर
मधेसी रिंगटाको ननिको कोसेली बोकेर
आइपुगेका छन् राजधानी

अमिलो मुख लाउँदै सोचिरहेको छ ऊ-
देहाती गँवारहरू एक सिल माछा पनि नबोकी आएछन् !

यो देवलैदेवलहरूको सहरमा
सशङ्कित भएका छन् कपटका पुजारीहरू
औलो, लू या शीतलहर...
छिमेकी एजेन्डाहरूको कत्थक नृत्य
या देश टुक्र्याउने क्रीडा...
के पो उल्का हुने हो अब !
(आँखालाई अन्धोपनको सौगात दिएर
चस्माले मात्रै दुनियाँ हेर्नेसँग कसको के लाग्छ ?)

रिंगटा पनि यति आदिम हुँदो रहेछ
रिंगटा पनि विरासतमा पाइँदो रहेछ
रिंगटा पनि वंशानुगत हुँदो रहेछ

प्रेसर अनि सुगर
अनिद्रा अनि एन्जाइटी
नातागत अनि भुख
तामसी तमसुक अनि
मृत्युपत्रमा फाँसीमग्न अबोध औंठाछाप
जमिनदारको प्राचीन अट्टहास अनि
आफ्नो भन्नु
कहिल्यै आफ्नो नहुने खेत-खलिहानको
उही पुरानो उदासी

रिंगटाका कारण छन् अनगिनत...

भुलिसके उनीहरूले
उहिले कहिले
कतिऔं पुस्ताले खेलेथ्यो सही-सही तवरले होली
अहिले त रिंगटाले यसरी घुमाउँछ
हातको अबिर
कसैको आँखामा पर्छ, कसैको नाकमा घुस्छ
गाउँदागाउँदैको जोगिरा ओठबाट भुइँमा खस्छ
र, चकनाचुर हुन्छ
नाच्न भने नाचेकै हुन्छन्
फनफनी जो घुमाउँछ रिंगटाले

यसरी ढुनमुनिँदै ढुनमुनिँदै
पिरका पदयात्रीहरू
आइपुगेका छन् राजधानी
(तर, यत्रो सहरमा
खादासहित उपस्थित छैन एक जोर हात)

म पनि भेट्न पुगेको थिएँ उनीहरूलाई
उनीहरूले जे भने
राख्न चाहन्छु जस्ताको तस्तै
(महिला तथा सज्जन वृन्द !
अब म यो माइक्रोफोन
एकजना पिरको पदयात्रीलाई हस्तान्तरण गर्छु
उहाँको नाम फेकनादेवी हो,
खुस्बन हो, रामसुरत हो, टीकाप्रसाद हो)
'जति आँखा माडेर हेरे पनि
घुमिरहेकै हुन्छन् दृश्य सारा
पृथ्वी घुम्छ भन्थे तर यस्तरी त नघुम्नुपर्ने !
किन बाह्रै मास चकराउँछ हाम्रो शिर ?

हाम्रो जलनको घुर ताप्न
हाम्रो वेदनाको रापमा रोटी सेक्न
किन यस्तो हतार हुन्छ छोटेमोटेदेखि
बडे-बडे पोल्टिक्सवालाहरूलाई ?
हाम्रासँग मिसिन आउने
तिनका नारामा
किन स्वार्थको मात्र झङ्कार हुन्छ ?
बिजुलीको नाङ्गो तारको
भन्झनाहट किन हुँदैन ?

सरकारजी, चोरहरूको महफिलबाट
तिमी कहिले फुर्सद पाउँछौ ?
म त तिमीलाई ठिकठाकसँग
अभिवादन पनि गर्न सक्दिनँ
औंलाहरूले नमस्ते नै बोल्नुपर्ने तिमीले बनाएको रीत
कबतक मानूँ म ?

पुलिसको जहींतहीं बत्तिने लाठीसँग छैन कुनै गुनासो
आफ्नै मान्छेहरूको मौनले पो पार्छ हृदय रगतपच्छे
सर त फटे पनि दुई दिनपछि ठिक भइहाल्छ
यो दिललाई चाहिँ कुन हस्पताल लिएर जानू ?
वीर कि टिचिङ ?

भन्नु छ धेरै धेरै कुरा
तर, भन्नु कोसँग ?
जो देख्छु सुदखोर देख्छु
स्कुलको मास्टर, बस्तीको भलाद्मी, जिल्लाको जमिनदार
एनजिओको हाकिमबाबु, टोलको कार्यकर्ता, देशको नेता
अखबारको बुद्धिजीवी,
सहकारीवाला राम खिलावन, बैंकवाला राम लखन

बोलूँ पनि कोसँग
जसको ओठबाट पनि टप्किन्छ सुदखोरको भाषा
यो हावापानी नै सुदखोर छ बे !
यो देशै सुदखोर छ साला !'

जवाफमा मसँग उनीहरूलाई भन्ने कुरा
खासै थिएन
बस् भनैं यति-
'मेरा दोस्तहरू !
म पनि हुँ पिरको पदयात्री एउटा
सिंहदरबार ढाल्ने कविताको खोजीमा भौंतारिँदा-भौंतारिँदा
बिल्न आँटिसक्यो मेरो जुनी
मेरो यो कविता तपाईंहरूको पिरको हल होइन
न हो निदान रिंगटाको
तर, दोस्तहरू !
मेरा जम्मै जम्मै आक्रोश तपाईंहरूलाई अर्पण गर्छु म
विश्वास गर्नुस् दोस्तहरू !
मैले आजका मितिसम्म
कुनै साहुसँग एक सर्को चुरोट फुकेको छैन
मैले आजका मितिसम्म
कुनै महाजनसँग एक घुट्को मदिरा पिएको छैन ।'

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ९ वैशाख ०८०

स्मार्ट टेलिकमको रिटमा उच्च अदालतले दिएन अन्तरिम आदेश



मुना कुँवर/नयाँ पत्रिका

पाटन उच्च अदालतले स्मार्ट टेलिकमले दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ। अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा शुक्रबार भएको छलफलपछि उच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो।

यद्यपि, यस सम्बन्धमा उच्च अदालतको अन्तिम फैसला भने आउन बाँकी छ।

यससँगै स्मार्टको लाइसेन्स खारेज गर्ने निर्णय कार्यान्वयन हुने देखिएको उच्च अदालतका रजिस्ट्रार ठगिन्द्र कट्टेलले जानकारी दिए। 'यसको अन्तिम फैसला पनि मोटामोटी यस्तै प्रकृतिको हुने सम्भावना रहन्छ,' उनले भने, 'त्यसअनुसार कम्पनीको लाइसेन्स खारेज गर्ने निर्णय अगाडि बढ्छ।' अन्तिम फैसला आएपछि पनि कम्पनीलाई पुनरावेदनका लागि सर्वोच्चमा जान पाउने अधिकार भने रहन्छ।

प्राधिकरणले गत ४ वैशाखमा कम्पनीको लाइसेन्स खारेज गरे पनि अदालतमा परेको रिटका कारण त्यो अन्योलमा परेको थियो। तर, अहिले यसको कार्यान्वयन अघि बढ्ने पक्का भएको छ। बक्यौता तथा नवीकरण शुल्क नबुझाएपछि सरकारले स्मार्टको लाइसेन्स खारेज गर्ने प्रक्रिया अघि बढाएको थियो। तर, कम्पनीले शुल्क बुझाउनुको सट्टा आफ्नो लाइसेन्स यथावत् राख्नुपर्ने मागसहित गत ३० चैतमा उच्चमा रिट दिएको थियो। त्यसमाथि ४ वैशाखमा अदालतले कारण देखाऊ आदेशसहित दुवै पक्षलाई शुक्रबार (८ वैशाख) छलफलमा बोलाएको थियो। साथै, सोही दिन प्राधिकरणले स्मार्टको लाइसेन्स खारेज गर्ने निर्णय पनि गरेको थियो।

कम्पनीले त्यसको भोलिपल्टै ५ वैशाखमा लाइसेन्स खारेज गर्ने प्राधिकरणको निर्णय बदर गर्नुपर्ने मागसहित अर्को रिट उच्च अदालतमा दर्ता गरेको थियो। त्यसमाथि उच्चले ६ वैशाखमा कारण देखाऊ आदेशसहित शुक्रबार (८ वैशाख)कै अन्तरिम आदेशको छलफलमा उक्त रिट पठाएको थियो। त्यसपछि शुक्रबार उच्चको एउटै इजालसले उक्त दुवै रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

स्मार्टले गत २ वैशाखमा आफ्नो लाइसेन्स नवीकरण गर्नुपर्ने थियो। तर, त्यस अवधिमा कम्पनीले नवीकरण शुल्कलगायतका बक्यौता रकम नबुझाएपछि लाइसेन्स स्वतः खारेज भएको थियो। स्मार्टले १७ असार ०६५ मा सञ्चालन अनुमति पाएको हो। आधारभूत टेलिकम सेवा भने २ वैशाख ०७० बाट सुरु भएको थियो। दूरसञ्चार ऐनबमोजिम टेलिकम कम्पनीको लाइसेन्स अवधि बढीमा २५ वर्षको हुनेछ। तर, एकपटकमा १० वर्षसम्मको अवधिका लागि मात्रै लाइसेन्स दिइन्छ। सोहीअनुसार स्मार्टले गत वैशाख २ गतेभित्रै लाइसेन्सको नवीकरण गर्नुपर्ने थियो।

कम्पनीले नवीकरणबापत नै झन्डै २३ अर्ब रुपैयाँ तिर्नुपर्ने थियो। लाइसेन्स खारेज भएपछि त्यसबापतको शुल्क तिनुपर्दैन। तर, रोयल्टी, ग्रामीण दूरसञ्चार कोष र फ्रिक्वेन्सी दस्तुरसहित कम्पनीले प्राधिकरणलाई चार अर्ब १९ करोड रुपैयाँ भने भुक्तानी गर्नुपर्ने र त्यो रकम बाँकी रहेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले बताए। कम्पनीले विगत आठ वर्षदेखि कुनै पनि शुल्क बुझाएको छैन। त्यस्तै, कम्पनीले विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन पनि नबुझाएको प्राधिकरणका प्रवक्ता पौडेलले बताए। त्यसैले कम्पनीको बक्यौता रकम अझै थप हुने पौडेलको दाबी छ।

■ पहिला नै भएको थियो खारेज

प्राधिकरणले साउन ०७६ मै स्मार्ट टेलिकमको लाइसेन्स खारेज गरेको थियो। प्राधिकरणले खारेज गरेको निर्णय चित्त नबुझ्नेमा कम्पनीले ३५ दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्ने प्रावधान छ। सोहीबमोजिम २१ पुस ०७६ मा मन्त्रिपरिषद्ले नै स्मार्टलाई तीन अर्ब ७२ करोड रुपैयाँ बक्यौता रकम पाँच किस्तामा भुक्तानी गर्ने सुविधा दिएको थियो।

तर, तोकिएको समयमा कम्पनीले किस्ता भुक्तानी नगरेपछि प्राधिकरणले पुनः खारेजीको प्रक्रिया अगाडि बढाएको थियो। तैपनि, कम्पनीले कोरोना संक्रमणका कारण बाह्य लगानीकर्ता भित्र्याउन नसकेको भन्दै पटक-पटक म्याद थपको माग गर्दै आएको थियो। सरकारले पनि सोहीअनुसार म्याद थप गर्दै आएको थियो। तर, कम्पनीले बक्यौता तथा नवीकरण शुल्क तिर्न सकेको थिएन। उल्टै म्याद थपकै माग गर्दै आइरहेको थियो। सरकारले म्याद थप नगरेपछि कम्पनी अन्तिममा अदालतसम्म पुगेको थियो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ सम्पत्ति बुझ्काउन निर्देशन

प्राधिकरणले स्मार्ट टेलिकमलाई आफ्नो सम्पत्ति हस्तान्तरण गर्न निर्देशन पनि दिइसकेको छ। सञ्चालन अनुमति खारेज भएका टेलिकमको सम्पत्ति प्राधिकरणले हस्तक्षेप गर्न सक्नेछ। सोहीबमोजिम सम्पत्ति विवरणसहित हस्तान्तरण गर्न निर्देशन दिइएको प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले बताए। त्यस्तै, १५ दिनसम्म स्मार्टका सेवाग्राहीलाई टेलिकम सुविधा प्रदान गरिराख्नसमेत निर्देशन दिइएको उनले बताए।

सीमाभन्दा बढी कर्जा बाँड्ने ६ बैंकलाई १५ करोड ३२ लाख जरिवाना



नयाँ पत्रिका
काठमाडौं, ८ वैशाख

नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागले कर्जा निक्षेप अनुपातको सीमा नाघेका ६ सहित सात वाणिज्य बैंकलाई जरिवाना लगाएको छ। जसमध्ये एक वाणिज्य बैंकले भने सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन उल्लंघन गरेको विभागले जानकारी दिएको छ।

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई यो सीमा ९० प्रतिशत नाघ्न नपाइने प्रावधान राखेको छ। सीमा नाघेर कर्जा प्रवाह गर्नेमा प्रभु बैंक, नेपाल बैंक, नबिल बैंक, ग्लोबल आइएमई, कृषि विकास र हिमालय बैंक रहेका छन्। उनीहरूलाई १५ करोड ३२ लाख रुपैयाँ जरिवाना लगाइएको विभागले जानकारी दिएको छ। यो भदौ महिनासम्म कायम अनुपातका आधारमा लगाइएको जरिवाना हो।

प्रभु बैंकले दुई करोड ८४ लाख रुपैयाँ, नेपाल बैंकले १८ लाख ५९ हजार रुपैयाँ, नबिल बैंकले ६ करोड ४६ लाख ४५ हजार रुपैयाँ, ग्लोबल आइएमई बैंकले चार करोड ४२ लाख रुपैयाँ, कृषि विकास बैंकले ६९ लाख ५८ हजार र हिमालयन बैंकले ७१ लाख ७२ हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने भएको छ। राष्ट्रिय वाणिज्य बैंकले सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन उल्लंघन गरेबापत १० लाख रुपैयाँ जरिवाना तिर्नुपर्ने भएको छ।

कार्यविधि विपरीत कर्जा

कुमारी बैंकसँग गाभिएको तत्कालीन नेपाल क्रेडिट एन्ड कमर्स बैंक (एनसिसी)ले सहुलियतपूर्ण कर्जासम्बन्धी एकीकृत कार्यविधि २०७५ विपरीत गएर कर्जा दिएको पाइएको छ। एउटै समूहलाई एनसिसीले एकभन्दा बढी सहुलियतपूर्ण कर्जा दिएको र पर्याप्त कर्जा नोक्सानी व्यवस्था नगरेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, राष्ट्र बैंकको निर्देशनविपरीत प्रिमियम दर हेरफेर गरेको विभागले जनाएको छ।

एनसिसीका पूर्वप्रमुख कार्यकारी अधिकृत अमृतचरण श्रेष्ठले आफ्नो अख्तियारीभन्दा बाहिर गएर कर्जा स्वीकृत गरेको समेत उल्लेख छ। एनसिसीले मात्रै होइन, कुमारीले पनि सहुलियतपूर्ण कर्जा प्रवाह गर्दा औचित्य पुष्टि नहुने गरी कर्जा दिएको उल्लेख छ। साथै, मुद्दतीमा प्रकाशितभन्दा बढी दरमा ब्याजदर दिएको समेत खुलेको छ। साथै, कतिपय कर्जामा जोखिमभार र कर्जा नोक्सानी व्यवस्था नगरेको उल्लेख छ। यस्तो कैफियत उल्लेख गरिए पनि पहिलोपटक भएकाले दुवै बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृतहरूलाई सचेत मात्रै गराइएको केन्द्रीय बैंकले जानकारी दिएको छ।

निजी क्षेत्रलाई अख्तियारले हेर्न मिल्दैन : **प्रधानमन्त्री**



नयाँ पत्रिका
काठमाडौं, ८ वैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न नमिल्ने बताएका छन्। उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलसँग शुक्रबार भएको भेटमा उनले उक्त व्यवस्था प्रस्ताविक विधेयकमा भए पनि हटाउने बताएका हुन्।

राष्ट्रिय सभाबाट प्रतिनिधिसभामा आएको अख्तियारसम्बन्धी विधेयकमा निजी क्षेत्रलाई समेत समेट्ने व्यवस्था भएकाले उक्त व्यवस्था हटाउन अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रधानमन्त्रीसँग आग्रह गरेका थिए। अर्थतन्त्रमा ८० प्रतिशतभन्दा बढी लगानी र रोजगारी दिइरहेको निजी क्षेत्र उक्त व्यवस्था पारित भएमा हतोत्साही हुने र लगानीको वातावरण बिग्रिनेतर्फ उनले प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराए।

भेटमा बैंकिङ प्रणालीमा करिब दुई खर्ब रुपैयाँ तरलता उपलब्ध हुँदाहुँदै पनि कर्जा प्रवाह नभइरहेको अवस्थामा ब्याजदर कम गर्न तत्काल नीतिगत उपाय अवलम्बन गर्नेतर्फ अध्यक्ष ढकालले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए। साथै, बजार अझै चलायमान नभइसकेको अवस्थामा ऋणको पुनर्संरचना एवं पुनर्तालिकीकरण पनि आवश्यक रहेकोमा अध्यक्ष ढकालको जोड थियो। 'ऋणको साँवा-ब्याज तिर्न सक्ने क्षमता कम हुँदै गएको, बैंकहरूको खराब कर्जा अनुपात पनि ४ प्रतिशत हाराहारी पुगिसकेको छ,' उनले भने, 'असार मसान्तमा यो अझ बढ्ने सम्भावना भएको हुँदा कर्जाको पुनर्संरचना एवं पुनर्तालिकीकरण आवश्यक रहेको छ।'

महासंघ अध्यक्ष ढकालले पुँजीगत खर्च बढाउन र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्न सस्तो दरमा विद्युत् उपलब्ध गराउन पनि आग्रह गरे। अहिले साना उद्यमी-व्यवसायी मिसम्याचसम्बन्धी चैत मसान्तसम्म दिइएको व्यवस्थाका कारण समस्यामा रहेको हुँदा यसको समयावधि थप्न र करको दायरा विस्तार गर्न आवश्यक रहेको पनि उनको भनाइ थियो।

भेटमा प्रधानमन्त्री दाहालले निजी क्षेत्रका समस्या सम्बोधन गरी निर्बाध रूपमा काम गर्ने वातावरण बनाउन आफू सधैं तयार रहेको बताए। आफ्नो भारत भ्रमणका क्रममा महासंघसँगको सहकार्यमा लगानी सम्मेलन आयोजना गर्ने तयारी भइरहेकोमा उनले खुसी व्यक्त गरे।

संविधानको धारा २३९ अनुसार अख्तियारले निजी क्षेत्र हेर्न मिल्दैन। यसबारे महासंघले रक्षा एवं कानुनमन्त्री पूर्णबहादुर खड्काको पनि ध्यानाकर्षण गराइसकेको छ। यसै विषयमा बिहीबार कांग्रेस संसदीय दलको कार्यालयमा आयोजित कार्यक्रममा सांसदहरूले निजी क्षेत्रलाई अख्तियारको क्षेत्राधिकारमा ल्याएर अर्थतन्त्र थप जोखिममा पार्न नहुने धारणा राखेका थिए।

सिटिजन को-अपरेटिभ लिमिटेडको कर्जा चुक्ता गर्ने सम्बन्धि ३५(पैतीस) दिने सुचना

प्रकाशित मितिः २०८०/०१/०९

यस सिटिजन को-अपरेटिभ लिमिटेड (यस पछि सहकारी सँस्था भनिएकोछ) बाट कर्जा लिने तपशिलमा उल्लेखित ऋणीले यस सहकारी सँस्थाबाट कर्जा उपभोग गर्दाका वखत सहकारी सँस्थालाई कर्जा स्वीकृती पत्र, कर्जा तमसुक लगायतका लिखतहरुमा उल्लेखित शर्तवन्देजहरुको उलङ्घन गरी तोकिएको भाखा अवधिभित्र तोकिए अनुसारको यस सहकारी सँस्थासँग गरेको सम्झौता बमोजिम समयमा तिर्न बुझाउनु पर्ने कर्जाको सावा, व्याज तथा हर्जना व्याज, फि , लगायत अन्य दैादस्तुर लगायतको रकमहरु नतिरी, नबुझाई आलटाल, घिङ्त्याई, किचलो तथा वेवास्ता गरेकोले सो कर्जाको रकम तिर्नका लागि सहकारी सँस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गरेकाले सहकारी सँस्थाको तर्फबाट सम्पूर्ण लेना रकम चुक्ता गर्न मौखिक तथा लिखित रुपमा बारम्वार ताकेता गरी अनुरोध गर्दा पनि सहकारी सँस्थाको उक्त कर्जाको बक्यौता सावाँ रकम र सोको व्याज र हर्जाना रकम समेत चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा तपाई ऋणीहरुको नाममा यो ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५(पैतीस) दिने सुचना प्रकाशित गरिएको छ। अतः तपशिलमा उल्लेखित तपाई ऋणीहरुको तथा धन जमानी बस्ने व्यक्तिहरुको फोटो र तिनपुस्ते विवरण सहित सम्बन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यथाशिघ्र यस संस्थामा सम्पर्क गरी आफूले तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज, फि र हर्जना आदि सहित सम्पूर्ण रकम अविलम्व चुक्ता भुक्तान गर्नुहोला भनी जानकारी सहित अनुरोध गरिन्छ। तपाई ऋणीहरुले सो कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा तपाई व्यक्तिगत जमानीकर्ताहरुले सहकारी सँस्थासँग गर्नु भएको शर्त कबुल बमोजिम आफ्नो जिम्मेवारी, दायित्व उक्त अवधि भित्रैमा ऋणीहरुलाई पूरा गर्न लगाई सहकारी सँस्थाको कर्जा चुक्ता गर्न लगाउनु होला वा जमानीकर्ता आफैले पूरा गरी सहकारी सँस्थाको कर्जा चुक्ता गर्नुहोला। माथि उल्लेखित मिति भित्र पनि तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज, हर्जना लगायत सम्पूर्ण रकम सहकारी संस्थामा दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली, संस्थाको स्वीकृत विनियम, तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम सम्वन्धित निकायमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर धितो सुरक्षण वापत तपशिलमा रहेको धितो सुरक्षण नियन्त्रणमा लिई उक्त धितो अचल सम्पति (घर जग्गा) लिलाम बिक्री गरी असुल उपर गरिने छ। असुल उपर गरी हुन नसकेको ऋण रकम ऋणी, जमानी तथा धनजमानी दिनेको हक लाग्ने घर घराना, जायजेथा चल अचल श्री सम्पति समेतबाट संस्थाको लेना रकम असुल उपर गरी सहकारी नियमावली वमोजिम ऋणी तथा जमानीकर्तहरु समेतलाई कालो सुचीमा सूचीकृत गर्न कर्जा सुचना केन्द्र लि.को कालो सुचिमा समावेश गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

सि.नं.	ऋणीको नाम, थर र ठेगाना	जमानीकर्ताको नाम, थर र ठेगाना
१	नाम : सागर विश्वकर्मा स्थायी ठेगाना :सुनसरी, भरौल-०३ नागरिकता न. १०३२१७४८५६ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :पँच बहादुर विश्वकर्मा आमाको नाम : हजुरवुवाको नाम : बस्वत बहादुर विश्वकर्मा	नाम : पञ्च वहादुर बराइली स्थायी ठेगाना : भोजपुर, पात्लेपानी-०४ नागरिकता न. २७८३ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम : बिर बहादुर बराइली हजुरवुवाको नाम :विक्रम बहादुर बराइली
२	नाम : फणिन्द्र पाण्डे स्थायी ठेगाना :सिन्धुपाल्चोक,मेलम्ची-०५ नागरिकता न. ४८७३/११५८५ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम : धर्म चन्द्र प्रसाद पाण्डे हजुरवुवाको नाम :कृष्ण चन्द्र पाण्डे	नाम : धर्म प्रसाद पन्त स्थायी ठेगाना :का.म.न.पा-०४ नागरिकता न. कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम : हजुरवुवाको नाम :
३	नाम : रोष्ना राई स्थायी ठेगाना :इलाम,पञ्चकन्या-०३ नागरिकता न. ८७१४८ कर्जा किसिम :धनजमानि कर्जा बावुको नाम : स्वङ्ग बहादुर राई हजुरवुवाको नाम :बल बहादुर राई	नाम : दावा शेर्पा स्थायी ठेगाना : इलाम, सोयाङ्ग नागरिकता न.४१६६८/१३६० कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :सार्की शेर्पा हजुरवुवाको नाम :
४	नाम : सानु तामाङ स्थायी ठेगाना :काभ्रे, मादन कुडारी-०२ नागरिकता न. ३०-०१-७१-१०८८९ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :विर बहादुर तामाङ हजुरवुवाको नाम : इन्द्र बहादुर तामाङ श्रीमानको नाम : प्रेम कुमार लामा तामाङ	नाम : शोभा लामा/अजिता तामाङ स्थायी ठेगाना : बौद्ध-०६, काठमाडौं नागरिकता न.३१११ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :हर्कमान लामा हजुरवुवाको :जीत बहादुर लामा
५	नाम : पुष्पनाथ सिहं स्थायी ठेगाना : सर्लाही, इश्वरपुर-६ नागरिकता न. ३८४९१२५२ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम : शनिश्चर धामी दनुवार हजुरवुवाको नाम : कमल धामी सिहँ श्रीमतीको नाम : राधिकादेवि सिहं	नाम : राधिकादेवी सिहं स्थायी ठेगाना: सर्लाही, इश्वरपुर-६ नागरिकता न.१९३०५६/३३१८ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :लाल सिहं हजुरवुवाको : सुनाई सिहं
	नाम : नारायणी अधिकारी स्थायी ठेगाना : झापा, गौरादह -०७ नागरिकता न. १८०७५ कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :पदम बहादुर अधिकारी हजुरवुवाको नाम : बम बहादुर अधिकारी श्रीमानको नाम : सन्तोष भट्टराई	नाम : सन्तोष भट्टराई स्थायी ठेगाना :जर्गली ०१ पाल्पा, नागरिकता न.७१३१० कर्जा किसिम : धनजमानि कर्जा बावुको नाम :लुरापति भट्टराई हजुरवुवाको :पुष्करनाथ भट्टराई

सिटिजन को-अपरेटिभ लिमिटेड
कार्यालय ठेगानाः चावहिल पिपलबोट, काठमाडौं,
फोन नः ०१-४५८९९६७

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.
का.म.पा.-३१, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८७२, ४१११९०२

ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०१/०५ गते (नयाँपत्रिका राष्ट्रिय दैनिक)

यस संस्थाबाट ऋण सुरक्षण बापत तपशिलमा उल्लेखित सम्पत्तीको धितो तथा व्यक्तिगत जमानतमा तपसिलका ऋणीहरुले यस सहकारी संस्थाबाट विभिन्न शीर्षक अर्न्तगत लिनु भएको ऋणको सावाँ, ब्याज तथा हर्जना रकम समेत शर्त बमोजिम यस संस्थामा नियमित रुपमा बुझाउनु पर्नेमा हाल सम्म नतिरी नबुझाई भाखा नघाई ऋण सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सम्पर्क राखी यस संस्थालाई तिर्नु बुझाउनु पर्ने बाँकी ऋणको सावाँ, ब्याज, हर्जना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धीत ऋणी तथा जमानीकर्ताहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस संस्थाको नीति नियम, सहकारी ऐन, २०७४ नियमावली,२०७५ बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ एवं प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस संस्थाको सम्पुर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन बमोजिम सम्बन्धीत ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा राखी ऋण असुलीका लागि आवस्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धीत सवैलाई सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण



ऋणीको नाम : दिल बहादुर बस्नेत
बाबुको नाम: यमत बहादुर बस्नेत
बाजेको नाम : तिलक बहादुर बस्नेत
ठेगाना: बाम्ति १, रामेछाप (हाल उमाकुण्ड-२)
ना.प्र.नं.: २३७७
जारि मिति/जिल्ला : २०४६/२/१३, रामेछाप

जवानीकर्ताको विवरण



धन जमानीको नाम : कमला बस्नेत
बाबुको नाम: बुद्धीराम भुसाल
पतिः दिल बहादुर बस्नेत
ससुराको नाम : यमत बहादुर बस्नेत
ठेगाना: बाम्तिभंडार १, रामेछाप (हाल उमाकुण्ड-२)
ना.प्र.नं.: ७५२२५
जारि मिति/जिल्ला : २०६२/९/१७, रामेछाप



ऋणीको नाम : बद्रि प्रसाद गौतम
बाबुको नाम: टंक प्रसाद गौतम
बाजेको नाम : दिनानाथ गौतम
ठेगाना: कमलामाई न.पा.-१, सिन्धुली
ना.प्र.नं.: २७९०५
जारि मिति/जिल्ला : २०५९/१०/१०, सिन्धुली



धन जमानीको नाम : भिमसेन कार्की
बाबुको नाम: भिम बहादुर कार्की
बाजेको नाम : धन बहादुर कार्की
ठेगाना: कमलामाई न.पा.-१, सिन्धुली
ना.प्र.नं.: ४४११०
जारि मिति/जिल्ला : २०६२/६/१६, सिन्धुली

धितोको विवरण : दिनानाथ गौतमको नाति, टंक प्रसाद गौतमको छोरा बद्रि प्रसाद गौतमको नाममा मालपोत कार्यालय सिन्धुलीमा श्रेष्ता कायम भएको सिन्धुली जिल्ला साविक डाँडिगुरासे गा.वि.स. वडा नं.३ (हाल कमलामाई न.पा. वडा नं.१)को नक्सा सिट नं.३ड कि.नं.२९०को क्षेत्रफल ०-४-२-० भएको जग्गा, उक्त जग्गामा बनेको घर तथा टहरा समेत।



ऋणीको नाम : राजेश छत्कुली
बाबुको नाम: भगदत्त छतकुली
बाजेको नाम : गंगादत्त छतकुली
ठेगाना: रोराङ्ग-५, धादिङ्ग, बेनिघाटजनगाउँ
ना.प्र.नं.: ३/२५५
जारि मिति/जिल्ला : २०५८/१०/१९, धादिङ्ग



धन जमानीको नाम : अनिता छत्कुली
बाबुको नाम: फणिन्द्रराज रुपाखेति
पतिः राजेश छत्कुली
ससुराको नाम : भगदत्त छतकुली
ठेगाना: बेनिघाट गा.वि.स.६, धादिङ्ग
ना.प्र.नं.: २६-०१-७१-०२६००
जारि मिति/जिल्ला : २०७१/३/३०, धादिङ्ग



ऋणीको नाम : रमेश प्रसाद ढकाल
बाबुको नाम: जयन्ति प्रसाद ढकाल
बाजेको नाम : मायाँनाथ ढकाल
ठेगाना: कमलामाई-६, सिन्धुली
ना.प्र.नं.: २४८०
जारि मिति/जिल्ला : २०३९/११/१५ सिन्धुली



धन जमानीको नाम : बुद्धिनाथ भट्टराई
बाबुको नाम: बाबुराम प्रसाद भट्टराई
बाजे: बलनाथ भट्टराई
ठेगाना: पुरानो झाँगाझोलि-४, सिन्धुली
ना.प्र.नं.: ३७७५
जारि मिति/जिल्ला : २०५०/१०/७, सिन्धुली



ऋणीको नाम : नानी बाबु खत्री
बाबुको नाम: धन बहादुर खत्री
बाजेको नाम : पृथ बहादुर खत्री
ठेगाना: कमलामाई-६, सिन्धुली
ना.प्र.नं.: २८८६४८५५६
जारि मिति/जिल्ला : २०४४/०५/०१ सिन्धुपाल्चोक



धन जमानीको नाम : विना मर्हजन
बाबुको नाम: बाबु काजी महर्जन
बाजे: बलनाथ भट्टराई
ठेगाना: किर्तिपुर न.पा.-२, काठमाडौं
ना.प्र.नं.: ८०३१
जारि मिति/जिल्ला : २०४७/२/१३, काठमाडौं

धितोको विवरण : प्रदेश ३-०२-०१प ९२०८, ९४३८, ९२९२ प्रदेश ३-०२-०२प४८४७, ८०४९ प्रदेश ३-०२-०३प ५५०४, प्रदेश ३-०२-०४प९३३२, प्रदेश ३-०२-०८प७७४४, प्रदेश ३-०२-०९प१९३६, प्रदेश ३-०२-०१०प ९५०६, ३६११प्रदेश ३-०२-०११प ६९६७, ७१४०, ७१७८, ८१९१, ८३१४, ७२४४, प्रदेश ३-०२-०१२प ९७२०, ६४००, ९६८८, ६४४१, २९८९, ६३९७प्रदेश ३-०२-०१३प, ६५५६, ६६१९, ६६९७, ६७७३, ८५९२ प्रदेश ३-०२-०१६प ८५५४, ६०७२, ४६०५, ९२८३, ९७५४ प्रदेश ३-०२-०१७प ११०२, १०९४ बा९८प ९०६७, बा९७प९३९२ समेत ३७ थान मोटरसाइकल

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार ९ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एकदिवसीयमा शतक बनाउने नेपाली क्रिकेटर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा कुशल मल्लले ओमानविरुद्ध कीर्तिमानी रूपमा छिटो शतकीय इनिङ खेलेका छन् । नेपालको एकदिवसीय खेलको इतिहासमा शतक लगाउने उनी छैटौँ ब्याट्सम्यान हुन् । सन् २०१८ मा नेदरल्यान्ड्सको सिरिजसँगै नेपालले एकदिवसीय यात्रा थालनी गरेको हो । यो पाँच वर्षमा नेपालले आफ्नो ५०औँ अन्तर्राष्ट्रिय एकदिवसीय खेलसमेत पूरा गऱ्यो । यस यात्राका क्रममा नेपालले चार कप्तान पाएको छ । एकदिवसीय खेलमा नेपालबाट पहिलो अन्तर्राष्ट्रिय शतक लगाउने पूर्वकप्तान पारस खड्का हुन् । नेपाली खेलाडीले पपुवा न्युगिनीविरुद्ध मात्र तीन शतक लगाएका छन् । पारसले आफ्नो छैटौँ एकदिवसीय खेलमा युएईविरुद्ध शतक ठोकेका थिए । वर्तमान कप्तान रोहितकुमार पौडेलले पपुवा न्युगिनीविरुद्ध व्यक्तिगत सर्वाधिक एक सय २६ रन जोडेका थिए । नेपालका लागि अहिलेसम्म शतकीय इनिङ्स खेलेका खेलाडी यस्ता छन् ।



पारस खड्का

११५ (युएईविरुद्ध)

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का रोलमोडल नै हुन् । पारसकै कप्तानमा नेपालले सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध ऐतिहासिक रूपमा पहिलो एकदिवसीय सिरिज खेलेको थियो । डेढ वर्षअघि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास घोषणा गरेका पारस नेपालका लागि पहिलो एकदिवसीय शतक बनाउने खेलाडी हुन् । उनले एकपटक नटआउट इनिङ्स खेलेर १० एकदिवसीय खेलमा व्यक्तिगत तीन सय १५ रन बनाएका छन् ।

उनले नेपालको क्रिकेट इतिहासमा सन् २०१९ को २८ जनवरीमा युएईविरुद्ध एक सय १५ रनको शतकीय इनिङ्स खेलेका थिए । शतक लगाउने क्रममा उनले एक सय नौ बलको सामना गरेका थिए । उनले युएईविरुद्धको खेलमा १५ चौका र एक छक्का प्रहार गरे । पारसले पनि लक्ष्य पछ्याएको इनिङ्समै शतक लगाए । उनले आफ्नो छोटो एकदिवसीय यात्रामा एक अर्धशतक पनि लगाएका छन् । उनले तीन सय ९८ बल सामना गर्दा ७९.१४ को स्ट्राइकमा ब्याटिङ गरेका थिए । पारसले समग्रमा एकदिवसीय खेलमा ४० चौका र पाँच छक्का प्रहार गरेका छन् ।



रोहितकुमार पौडेल

१२६ (पपुवा न्युगिनीविरुद्ध)

कप्तान रोहित नेपालको एकदिवसीय खेलमा व्यक्तिगत धेरै रन प्रहार गर्ने ब्याट्सम्यानमा पर्छन् । मार्च २५ मा पपुवा न्युगिनीविरुद्धको एकदिवसीय सिरिजको एक सय २६ रनको शतकीय इनिङ्स खेलेका थिए । उनले आफ्नो व्यक्तिगत कीर्तिमानी रेकर्ड राख्ने क्रममा सात चौका र चार छक्का प्रहार गरेका थिए ।

रोहितले पपुवा न्युगिनीविरुद्ध लक्ष्य पछ्याउने क्रममा शतक बनाएका थिए । सो खेलमा उनले १११.७५ को स्ट्राइकमा ब्याटिङ गरेका थिए । उनले शतकीय इनिङ्स खेले पनि नेपाल पपुवा न्युगिनीसँग ६ रनले पराजित भएको थियो । सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका रोहितले अहिलेसम्म ४४ इनिङ्स खेलेका छन् । पाँचपटक नटआउट रहेका उनले एक हजार तीन सय २५ एकदिवसीय रन बटुलेका छन् । एकदिवसीय खेलमा उनले १,७२३ बल सामना गर्दा ३३.९७ औसतमा ब्याटिङ गरेका छन् । उनले पाँच वर्षभित्र आठ अर्धशतकीय योगदान दिँदा एक सय एक चौका र २३ छक्का प्रहार गरेका छन् । गत वर्ष मात्र रोहितले नेपाली टोलीको कप्तानी जिम्मेवारी पाएका थिए ।



कुशल भुर्तेल

११५ रन (नामिबियाविरुद्ध)

नेपालका ओपनर कुशल भुर्तेलको ब्याटिङमा उतारचढाव देखिन्छ । उत्कृष्ट फर्ममा रहँदा उनको ब्याटिङ हेर्न लायक हुन्छ । शुक्रबार ओमानसँगको खेलमा शून्य रनमा आउट भएका उनले आफ्नो एकदिवसीय करिअरमा शतकीय इनिङ्स खेलेका छन् । सन् २०२३ को १४ फेब्रुअरीमा आइसिसी विश्वकप लिग-२ को खेलमा उनले नामिबियाविरुद्ध एक सय १५ रनको शतकीय इनिङ्स खेलेका थिए । उनले यसक्रममा एक सय १३ बल सामना गरी १० चौका र चार छक्का प्रहार गरेका थिए । अहिलेसम्म ३७ एकदिवसीयमा ३६ इनिङ्समा ब्याटिङ गर्ने अवसर पाएका उनले पाँच अर्धशतक पनि बनाएका छन् । उनले एकदिवसीय खेलमा सात सय ७२ रन बनाएका छन् । ७५ चौका र १७ छक्का प्रहार गरेका कुशलको ब्याटिङ स्ट्राइक ८०.५० रनको छ ।

आसिफ सेख

११० रन (पपुवा न्युगिनीविरुद्ध)



सन् २०२१ को ७ सेप्टेम्बरमा आसिफले पपुवा न्युगिनीविरुद्ध एकदिवसीय खेलमा डेब्यु अवसर पाए । डेब्यु खेलमा उनले ३० रन जोडेका थिए । उनलाई एक भरपर्दा ओपनर ब्याट्सम्यानका रूपमा लिन सकिन्छ । उनले पनि नेपालका लागि एकदिवसीय शतक बनाएका छन् । कीर्तिपुर मैदानमा २०२३ मार्च ९ मा उनले एक सय १० रनको उत्कृष्ट योगदान दिए । उनले १२ चौका र दुई छक्का प्रहार गरेका थिए । यस खेलमा नेपाल ४९.१ ओभरमा दुई सय ९७ रनमा अलआउट भयो । नेपालले पपुवा न्युगिनीमाथि ५२ रनको जित निकालेको थियो । अहिलेसम्म ३६ एकदिवसीय खेल खेलेका उनले एक हजार ७३ रन बनाएका छन् । तीनपटक नटआउट रहेका आसिफले आठ अर्धशतक बनाएका छन् । एक सय २१ चौका र ११ छक्का प्रहार गर्ने क्रममा १३ सय ६७ बलको सामना गरेका छन् ।

दीपेन्द्रसिंह ऐरी

१०५ रन (पपुवा न्युगिनीविरुद्ध)



मध्यक्रमका ब्याट्सम्यान तथा अलराउन्डर दीपेन्द्रसिंह ऐरीले राष्ट्रिय टोलीबाट निरन्तर एकदिवसीय तथा टी-२० खेल खेलिरहेका छन् । ब्याटिङमा असफल रहँदा उनी बलिङमा कहिलेकाहीं चमत्कारी प्रदर्शन गर्छन् । उनले पनि सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध नै एकदिवसीय खेलमा डेब्यु गरेका थिए । उनले पनि नेपालका लागि एकदिवसीय खेलमा शतकीय खेल खेलेका छन् । उनले सन् २०२२ मार्च २६ मा पपुवा न्युगिनीविरुद्धका एकदिवसीय सिरिजमा एक सय पाँच रनको शतकीय इनिङ्स खेलेका थिए । पपुवा न्युगिनीविरुद्ध पहिलो ब्याटिङ गरेको नेपालका लागि उनले एक सय ४० बलमा सात चौका प्रहार गरेका थिए । उनकै उत्कृष्ट ब्याटिङ प्रदर्शनमा नेपालले ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ७८ रन बनाएको थियो । पपुवा न्युगिनीले नेपालमाथि तीन विकेटको जित निकाल्यो । उनले ४३ इनिङ्समा चारपटक नटआउट रही समग्रमा ६ सय ९६ रन बनाएका छन् । दुई अर्धशतक बनाएका दीपेन्द्रसिंहले ६० चौका र आठ छक्का प्रहार गरेका छन् ।

एनआरटीको तेस्रो जित



नयाँ पत्रिका
काठमाडौं, ८ वैशाख

न्युरोड टिम (एनआरटी)ले सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा शुक्रबार नेपाल एपिएफ फुटबल क्लबलाई १-० ले हराएको छ । च्यासल मैदानमा एनआरटीलाई जित दिलाउन वैकल्पिक स्ट्राइकर सञ्जीव विष्टले दोस्रो हाफमा निर्णायक गोल गरेका थिए । अचानक आएको अत्यधिक हावाहुरीका कारण एपिएफ र एनआरटीबीचको खेल केही समय रोकिएको थियो । मौसम सामान्य अवस्थामा आएपछि खेल पुनः सञ्चालन भएको थियो ।

> च्यासल मैदानमा एनआरटीलाई जित दिलाउन वैकल्पिक स्ट्राइकर सञ्जीव विष्टले खेलको ७९औँ मिनेटमा निर्णायक गोल गरे

एनआरटीका लागि सञ्जीवले ७९औँ मिनेटमा १-० को अग्रता दिलाएका थिए । गौरव श्रेष्ठले मिलाएको पासलाई सञ्जीवले बक्सभित्रबाट सदुपयोग गर्दै गोल गरे । यसअघि दुवै टोलीले पाप्त अवसरमा गोल गर्न चुकेका थिए । एपिएफका आवास लामिछाने र नवीन लामालगायत खेलाडी गोलबाट टाढा रहे ।

एनआरटी ११ खेलमा तीन जित, चार बराबरी र चार हारसहित १३ अंक जोडेर १०औँ स्थानमा उक्लिएको छ । एपिएफ समान खेलमा चार जित, दुई बराबर र पाँच हारसहित १४ अंक जोडेर आठौँ स्थानमा छ ।

विभागीय डर्बी बराबर

विभागीय डर्बीअन्तर्गत त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले गोलरहित बराबर नतिजा निकालेका छन् । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा दुवै टोलीले गोलका केही अवसर बनाए पनि सदुपयोग गर्न सकेनन् । आर्मीविरुद्ध पुलिसले तीन विदेशी खेलाडी मैदान उतारेको थियो । पहिलो हाफ गोलरहित बराबरीमा सकिँदा दोस्रो हाफमा हावाहुरी चलेपछि खेल आधा घन्टाभन्दा बढी रोकिएको थियो ।

आर्मीका भरत खवास, जगजित श्रेष्ठ, नवयुग श्रेष्ठ, दिनेश हेम्जन गोल गर्नबाट चुकेका थिए । पुलिसका बुद्धबल तामाङ, विदेशी खेलाडी मोसेज गोलनजिक रहे पनि सदुपयोग गर्न सकेनन् । नतिजापछि आर्मी ११ खेलमा चार जित, चार बराबरी र तीन हारसहित १६ अंक जोडेर पाँचौँ स्थानमा छ । पुलिस समान खेलमा एक जित, तीन बराबरी र सात हारसहित ६ अंकका साथ पुछारमा छ ।



खेल संक्षेप

उसु छनोट सुरु

काठमाडौं/ नेपाल उसु संघको आयोजनामा १९औँ एसियाली खेलकुदका लागि उसु छनोट प्रतियोगिता शुक्रबारदेखि सेमी कभर्डहलमा सुरु भएको छ । प्रतियोगिताको सान्सौँतर्फ पुरुषमा पाँच र महिलामा दुई स्पर्धाको खेल पहिलो दिन भयो । थाउलोमा पुरुष र महिलामा समान चार स्पर्धा समावेश छन् । तीनदिने प्रतियोगितामा करिब एक सय ५० खेलाडीको सहभागिता रहेको उसु संघले जनाएको छ ।

बिच भलिबल हुने

काठमाडौं/ पाल्पाको रानीमहलमा हुने राष्ट्रिय बिच भलिबल प्रतियोगिता २८ वैशाखमा सुरु हुने भएको छ । सञ्जय मेमोरियल फाउन्डेसनको आयोजना रहने प्रतियोगिता २८-३० वैशाखसम्म हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा फाउन्डेसनकी अध्यक्ष निरोज मास्केले जानकारी दिइन् । प्रतियोगितामा सात प्रदेश, तीन विभाग र आयोजक गरी ११ टोलीको सहभागिता रहनेछ । विजेताले एक लाख ५० हजार, उपविजेताले एक लाख र तेस्रो हुने टोलीले ५० हजार रुपैयाँ हात पार्ने मास्केले जनाइन् ।

झापालाई उपाधि

संखुवासभा/ खाँदबारीमा भएको कोसी प्रदेशस्तरीय सेपाकताक्रो च्याम्पियनसिपको उपाधि झापाले जितेको छ । झापाले सर्वाधिक तीन स्वर्ण जितदै आयोजक संखुवासभालाई निराश पार्दै उपाधि हात पारेको हो । आयोजक संखुवासभा दुई स्वर्णका साथ दोस्रो बन्यो । तेस्रो स्थानमा रहेको इलामले एक स्वर्ण जित्यो ।

रूपेश र सुजना अगाडि



काठमाडौं/ राष्ट्रिय बुद्धिचाल च्याम्पियनसिपअन्तर्गत खुलातर्फ शीर्ष वरीयताका फिडेमास्टर रूपेश जयशवाल र महिलातर्फ सुजना लोहनीले आ-आफ्नो जितयात्रालाई छैटौँ चरणसम्म पुऱ्याएका छन् । दुवै खेलाडीले आ-आफ्नो एकल अग्रतालाई कायम राखेका छन् । प्रतियोगिताको चौथो दिन शुक्रबार पाँचौँ र छैटौँ चरणमा रूपेशले लगातार जित निकाले । रूपेशले पाँचौँ चरणमा राजन पुरीलाई हराउँदा छैटौँ चरणमा पूर्वनेपाल च्याम्पियन शूरवीर लामालाई पराजित गरे ।

महिलातर्फ फिडेमास्टर सुजनाले शीर्ष स्थानमा १.५ अंकको अग्रता बनाएकी छिन् । उनले पाँचौँ चरणमा विनिता कपाली र छैटौँ चरणमा पुनम प्रसाईंलाई हराइन् । महिलातर्फ सुशीला गुरुङ ४.५ अंकसहित दोस्रो स्थानमा छिन् । पुरुषतर्फ १४ वर्षीय युवा खेलाडी पुरुषोत्तम सिलवाल पाँच अंकसहित रूपेशलाई पछ्याइरहेका छन् । चौथो चरणमा रूपेशसँग पराजित भएका पुरुषोत्तमले शुक्रबार पाँचौँ चरणमा साबिक विजेता पुरुषोत्तम चौलागाईंलाई ४१औँ चालमा जित हासिल गरे । उनले छैटौँ चरणमा पूर्वनेपाल च्याम्पियन केशव श्रेष्ठलाई ४६औँ चालमा निराश पारे । फिडेमास्टर क्षितिज भण्डारी ४.५ अंकका साथ तेस्रो स्थानमा छन् । पाँचौँ चरणमा राजन सुवेदीसँग बराबरी खेलेका क्षितिजले छैटौँ चरणमा राजीव कार्कीलाई हराए ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

महावै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पादमघाट, कालिकोट
कर्णाली प्रदेश नेपाल
स्था.: २०७३

करार सेवामा पदपूर्ति गर्नेसम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८०।०१।०८)

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत यस कर्णाली प्रदेश कालिकोट जिल्ला महावै गाउँपालिकामा सूचना प्रविधि अधिकृत (IT Officer) (छैठौं) पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवाबाट पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो पदपूर्तिको सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र मागबमोजिमका विवरण र राजस्व बुझाएको भौचरसहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

क्र.सं.	विज्ञापन नं.	पद	तह	माग संख्या
१	१/२०७९।०८०	सूचना प्रविधि अधिकृत	स्थानीय सेवाको अधिकृत (छैठौं) तहसरह	१ (एक) जना

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
क. सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थामा कम्प्युटर वा Information and Communications Technologies वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC.IT, BSc.CSIT, ICT.ed) गरेको उपाधिलाई आधार मानिनेछ,
ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
२. **दरखास्त दिने स्थान** :- महावै गाउँपालिकाको कार्यालय पादमघाट, कालिकोट
३. **दरखास्त दिने अन्तिम मिति** :- २०८०।०१।२२ गते कार्यालय समयमा ।
४. **आवेदनको दस्तुर** :- सूचना प्रविधि अधिकृतः रु.१,०००/- (अक्षरेपि एक हजार रुपैयाँ मात्र) कृषि विकास बैंकको आन्तरिक राजस्व खाता ग- १.१ को ०७२६१०१७०४१९००१८ मा जम्मा गरेको भौचर रसिद
५. **छनौटको किसिम** :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा
६. **आवेदन साथ संलग्न कागजातहरू** :- आवेदक स्वयम्ले प्रमाणित गरेको देहायबमोजिम कागजातको प्रतिलिपिहरूः
(क) व्यक्तिगत विवरण (Bio Data) र नेपाली नागरिकता
(ख) न्यूनतम योग्यताको प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण पत्र भए, नेपालको विश्वविद्यालयबाट equivalence गरिएको प्रमाण पत्र)
(ग) चारित्रिक प्रमाण पत्र
(घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
(ङ) तालिमको प्रमाणपत्र सूचना प्रविधिको क्षेत्रसँग सम्बन्धित
(च) हालसालै खिचेको २ प्रति पासपोर्ट साइज फोटो
७. **सेवा सुविधा तथा अन्य** :- सूचना प्रविधि अधिकृतको हकमा कर्णाली प्रदेश सरकारको नियमानुसार
८. **करार अवधि** : २०८० असार मसान्तसम्म ।
९. **लिखित परीक्षा मितिः** २०८०।०१।२३ गते शनिवार महावै गाउँपालिकाको कार्यालय, पादमघाट, कालिकोट
१०. **कार्यशर्त विवरण** (TOR): स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को वेबसाइट (lgcdp.gov.np) को गृह पृष्ठमा उल्लेख भएको सूचना बमोजिम हुनेछ ।
११. आवेदनको ढाँचा यस महावै गाउँपालिकाको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

-नि. प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com